# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३

*(पहिलो संशोधन २०५९ सहित)*

*तथा*

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१
## (बाह्रौं संशोधन २०७८ सहित)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३

*(पहिलो संशोधन २०५९ सहित)*

*तथा*

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१

**(बाह्रौं संशोधन २०७८ सहित)**

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

सर्वाधिकार सुरक्षित

प्रकाशक : नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
आईक्यान मार्ग, सातदोबाटो, ललितपुर
फोनः ०१-५५३०८३२, ५५३०७३२
E-mail: ican@ntc.net.np
Website: www.ican.org.np
Fax: 5550774

डिजाइन तथा मुद्रक : ग्लोबल नेपाल प्रिन्टिङ्ग प्रेस सर्भिस प्रा.लि.
अनामनगर, काठमाडौं
फोन : ४१०२७७२

# विषय-सूची

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३
## (पहिलो संशोधन २०५९ सहित)


**परिच्छेद - १**
प्रारम्भिक ३

**परिच्छेद - २**
संस्थाको स्थापना र व्यवस्था ५

**परिच्छेद - ३**
परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार ७

**परिच्छेद - ३क**
लेखामान बोर्ड १५

**परिच्छेद - ३(ख)**
लेखापरीक्षणमान बोर्ड १७

**परिच्छेद - ४**
संस्थाको सदस्यता १८

**परिच्छेद - ५**
परीक्षा सम्बन्धी व्यवस्था २१

**परिच्छेद - ६**
शैक्षिक योग्यताको मान्यता २२

**परिच्छेद - ७**
पेशागत प्रमाणपत्र २३

**परिच्छेद - ८**
आचरण २५

**परिच्छेद - ९**
संस्थाको कोष २८

**परिच्छेद - १०**
कर्मचारी सम्बन्धी व्यवस्था २९

**परिच्छेद - ११**
दण्ड सजाय ३०

**परिच्छेद - १२**
विविध ३१

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१
# (बाह्रौं संशोधन २०७८ सहित)


**परिच्छेद-१**
प्रारम्भिक ३७

**परिच्छेद-२**
चार्टर्ड एकाउन्टेन्सी शिक्षा तथा सोको परीक्षा सम्बन्धी व्यवस्था ३९

**परिच्छेद-३**
चार्टर्ड एकाउन्टेन्सी प्रशिक्षण सम्बन्धी व्यवस्था ५१

**परिच्छेद-४**
सदस्यता सम्वन्धी व्यवस्था ६०

**परिच्छेद-५**
पेशागत प्रमाणपत्र सम्वन्धी व्यवस्था ६७

**परिच्छेद - ६**
लेखाव्यवसायी संस्था (फर्म) सम्वन्धी व्यवस्था ७६

**परिच्छेद - ७**
पदाधिकारी तथा विभिन्न समितिको
काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था ८२

**परिच्छेद - ८**
उजुरी, छानबिन र प्रतिवेदन सम्वन्धी व्यवस्था ९१

**परिच्छेद - ९**
निर्वाचन सम्वन्धी व्यवस्था ९५

**परिच्छेद - १०**
कागजात धुल्याउने ९७

**परिच्छेद - ११**
पदक पुरस्कार कोष ९८

**परिच्छेद - १२**
विविध व्यवस्थाहरु १०१

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३

प्रस्तावना: राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखाको महत्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिबृद्धि गर्न र लेखा व्यवसाय एवं लेखाको महत्व प्रति लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्बर्द्धन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको स्थापना र व्यवस्था गर्न वान्छनीय भएकोले,

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव**को शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) ❖यस ऐनको नाम "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ (पहिलो संशोधन, २०५९)" रहेको छ ।

(२) *यो ऐनको दफा २९ र ४९ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संस्था" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठन भएको परिषद् सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

*❖ पहिलो संशोधन मिति २०५९ साल श्रावण १ गते बाट लागू*

(घ) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "पार्षद" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा उपाध्यक्षलाई समेत जनाउँछ ।

(च)* "कार्यकारी निर्देशक" भन्नाले दफा ३८ बमोजिम नियुक्त भएको *कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले यस ऐन वमोजिम संस्थामा नाम दर्ता गराई संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ज)* "चार्टर्ड एकाउन्टेन्ट" भन्नाले दफा १६ को उपदफा (२) बमोजिम सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ज१)* "फेलो चार्टर्ड एकाउन्टेन्ट (एफ.सि.ए.)" भन्नाले दफा १७ बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको सदस्य सम्झनु पर्छ ।

(झ)* "दर्तावाला लेखापरीक्षक (रजिष्टर्ड अडिटर)" भन्नाले <u>दफा १६ को उपदफा (३)</u> बमोजिम सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ञ)* "पेशागत प्रमाणपत्र" भन्नाले पेशागत रुपमा लेखा व्यवसाय गर्न दफा २८ बमोजिम प्रदान गरिएको प्रमाणपत्र सम्झनु पर्छ ।

*ञ१) "लेखापरीक्षण" भन्नाले पेशागत प्रमाणपत्र लिई प्रचलित कानून वमोजिम गरिने लेखापरीक्षण सम्झनु पर्छ ।

*ञ२) "विदेशी लेखाव्यवसायी संस्था" भन्नाले बिदेशी मुलुकमा सार्वजनिक लेखा व्यवसायलाई नियमन गर्ने अधिकार प्राप्त भएको राष्ट्रिय स्तरको चार्टर्ड एकाउन्टेन्ट्स संस्था वा सो सरहको लेखा व्यवसायी संस्था सम्झनु पर्छ ।

*ञ३) "लेखामान बोर्ड (एकाउन्टीङ्ग स्टैण्डर्ड्स बोर्ड)" भन्नाले दफा १५क. बमोजिम गठन भएको लेखामान बोर्ड सम्झनु पर्छ ।

*ञ४) "लेखापरीक्षणमान बोर्ड (स्टैण्डर्ड्स अन अडिटिङ्ग बोर्ड)" भन्नाले दफा १५घ. वमोजिम गठन भएको लेखापरीक्षणमान बोर्ड सम्झनु पर्छ ।

---

* *नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

*ञ५) "लेखामान (एकाउन्टीङ्ग स्टैण्डर्ड्स)" भन्नाले लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्नको लागि लेखामान बोर्डबाट व्यवस्थित वा सिफारिस गरिएका लेखामान र तत्सम्वन्धी निर्देशिका तथा व्याख्या सम्झनु पर्छ ।

*ञ६) "लेखापरीक्षणमान (स्टैण्डर्ड्स अन अडिटिङ्ग)" भन्नाले लेखाव्यवसाय र लेखापरीक्षणलाई सुव्यवस्थित र नियमन गर्नको लागि लेखापरीक्षण मान बोर्डबाट व्यवस्थित वा सिफारिस गरिएका लेखापरीक्षणमान र तत्सम्वन्धी निर्देशिका तथा व्याख्या सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत वनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## संस्थाको स्थापना र व्यवस्था

३. **संस्थाको स्थापना :**

(१) लेखाव्यवसायको विकास गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नामबाट एउटा संस्थाको स्थापना गरिएको छ ।

(२) संस्थालाई अंग्रेजी भाषामा "द इन्स्टिच्यूट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ नेपाल" भनिनेछ ।

(३) संस्थाको प्रधान कार्यालय ✂ काठमाडौं उपत्यकामा रहनेछ र संस्थाले आवश्यकतानुसार नेपाल ✂ भित्र जुनसुकै स्थानमा आफ्नो प्रशिक्षण केन्द्र तथा शाखा, उपशाखा कार्यालयहरु खोल्न सक्नेछ ।

४. **संस्था स्वशासित संस्था हुने :**

(१) संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) संस्थाको काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

---

* *नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

✂ *गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको*

(३) संस्थाले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. **संस्थाको उद्देश्य :**

संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखाव्यवसायको सुदृढीकरण गरी विकसित गर्दै लैजान सदस्यलाई आचार संहिताको परिधिभित्र रही लेखाव्यवसाय गर्न उत्प्रेरित गर्ने नियमनकारी निकाय (रेगुलेटरी बडी) को भूमिका निर्वाह गर्ने ।

(ख) लेखाको महत्व* तथा लेखाव्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जन चेतना जगाई लेखाव्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिबृद्धि गर्ने ।

(ग) लेखाव्यवसाय र लेखाको महत्व प्रति लेखाव्यवसायीको* उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्बर्धन गर्ने ।

(घ) लेखाव्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन लेखाव्यवसायीको दर्ता, योग्यता तथा परीक्षा प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुरुप विकसित गर्ने ।

६. **संस्थाको नाम, चिन्ह र अधिकार अन्य कसैले प्रयोग गर्न नपाउने :**

यस ऐन बमोजिम संस्थाको स्थापना भए पछि कुनै व्यक्तिले संस्थाको नामसंग मिल्दोजुल्दो नाम वा चिन्ह प्रयोग गर्न वा संस्थाले प्रदान गर्ने कुनै पनि किसिमको प्रमाणपत्र कसैलाई दिन वा संस्थाको तर्फबाट कसैलाई कुनै पनि किसिमको निर्देशन दिने लगायत संस्थाले प्रयोग गर्न पाउने कुनै पनि किसिमको अधिकारको प्रयोग गर्न पाउने छैन ।

---

* *नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

# परिच्छेद - ३

## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

७. **परिषद्को गठन :**

(१) संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरु सुव्यवस्थित रुपले संचालन गर्न गराउन र संस्थाको सम्पूर्ण काम कारवाहीहरुको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक परिषद् गठन हुनेछ ।

(२) यस ऐनमा अन्यत्र अन्य व्यवस्था भएकोमा बाहेक परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विनियमका अधीनमा रही संस्थालाई भएको सबै अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

(३) परिषद्मा देहायका पार्षदहरु रहने छन् :-

*(क) चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुले आफू मध्येबाट निर्वाचित दशजना- सदस्य

*(ख) दर्तावाला लेखापरीक्षक सदस्यहरुले आफू मध्येबाट निर्वाचित चारजना - सदस्य

(ग) महालेखा परीक्षकको सिफारिशमा नेपाल सरकारले लेखा सम्बन्धी अनुभव भएका व्यक्तिहरु मध्येबाट मनोनित गरेका तीन जना - सदस्य

(४) उपदफा (३) को खण्ड (क) बमोजिमका पार्षदहरु मध्ये* फेलो चार्टर्ड एकाउन्टेन्ट (एफ. सी. ए.) हरुबाट पार्षदहरुले अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नेछन् ।

(५) अध्यक्ष र उपाध्यक्षको पदावधि एक वर्षको हुनेछ र पदावधि समाप्त भए पछि निजहरु पुनः एक पटकको लागि निर्वाचित हुन सक्नेछन् ।

(६) पार्षदहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भए पछि निजहरु पुनः निर्वाचित वा मनोनित हुन सक्नेछन् ।

(७) पार्षदहरुको निर्वाचन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(८) अध्यक्ष र उपाध्यक्षको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

८. **पार्षद पदमा कायम नरहने अवस्था :**

(१) देहायका अवस्थामा पार्षद आफ्नो पदमा कायम रहने छैन :-

(क) संस्थाको सदस्य नरहेमा,

तर मनोनित पार्षदको हकमा यो व्यवस्था लागु हुने छैन ।

(ख) पार्षदले आफ्नो पदबाट दिएको राजिनामा परिषद्बाट स्वीकृत भएमा,

(ग) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटक परिषद्को बैठकमा अनुपस्थित भएमा,

(घ) पदावधि समाप्त भएमा,

(ङ) दफा ३४ बमोजिमको आचरण पालन नगरेको कुरा प्रमाणित भएमा ।

(च) मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम राजिनामा दिंदा अध्यक्षले उपाध्यक्ष समक्ष र अन्य पार्षदले अध्यक्ष समक्ष दिनु पर्नेछ ।

९. **स्थानको रिक्तता र पूर्ति :**

(१) दफा ७ को उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम निर्वाचित कुनै पार्षदको मृत्यु भएको वा कुनै पार्षदले राजिनामा दिएको वा कुनै पार्षद यस ऐनको व्यवस्था अनुसार संस्थाको सदस्य कायम रही रहन अयोग्य भएको कारणबाट रिक्त हुन आएको स्थानमा त्यस्तो पार्षदको बाँकी पदावधि एक वर्ष भन्दा कम भएमा परिषद्ले सोही दफाको उपदफा (३) को सोही खण्डहरुमा उल्लेख भए बमोजिम संस्थाका सदस्यहरु मध्ये कसैलाई पार्षद तोक्नेछ र एक वर्ष भन्दा बढी भएमा निर्वाचनद्वारा सो पदको पूर्ति गरिनेछ ।

(२) दफा ७ को उपदफा (३) को खण्ड (ग) बमोजिम मनोनित कुनै पार्षदको मृत्यु भएको वा कुनै पार्षदले राजिनामा दिएको कारणबाट रिक्त हुन आएको स्थानमा त्यस्तो पार्षदको बाँकी पदावधिको लागि सोही खण्डमा उल्लिखित प्रक्रिया अपनाई कसैलाई पार्षद मनोनित गरिनेछ ।

१०. **परिषद्को बैठक र निर्णय :**

(१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा *कार्यकारी निर्देशकले परिषद्को बैठक बोलाउनेछ ।

(२) परिषद्को बैठक साधारणतया वर्षको ६ पटक बस्नेछ र दुई वटा बैठकको अन्तर तीन महिना भन्दा बढी हुने छैन ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ र अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा पार्षदहरुले आफू मध्येबाट छानेको पार्षदले परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

(४) कूल पार्षद संख्याको पच्चीस प्रतिशत पार्षदले परिषद्को बैठक बोलाउन आवश्यक छ भनी अध्यक्ष समक्ष लिखित निवेदन दिएमा त्यस्तो निवेदन परेको पन्ध्र दिन भित्र अध्यक्षले *कार्यकारी निर्देशकलाई परिषद्को बैठक बोलाउन निर्देशन दिनु पर्नेछ ।

(५) कूल पार्षद संख्याको पचास प्रतिशत पार्षद उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) परिषद्को बैठकमा बहुमतको रायलाई परिषद्को निर्णय मानिनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को निर्णय *कार्यकारी निर्देशकद्वारा प्रमाणित गरिनेछ ।

(८) परिषद्ले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकार वा लेखाव्यवसायसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

---

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

११. **परिषद्को काम, कर्तव्य र अधिकारः**

*परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लेखाव्यवसायमा प्रवेश गर्नेहरुको लागि परीक्षा संचालन गर्ने,

(ख) संस्थाको सदस्यता तथा *पेशागत प्रमाणपत्र प्राप्त सदस्यमा नाम दर्ता गर्ने सम्बन्धी कार्यविधि निर्धारण गर्ने,

(ग) निर्धारित योग्यता पुगेको व्यक्तिलाई दफा १६ बमोजिम उपयुक्त किसिमको सदस्यता प्रदान गर्ने,

(घ) उपलव्ध स्रोत र साधनको अधिकतम उपयोग गरी लेखाव्यवसायको समन्वयात्मक विकास गर्ने,

(ङ) लेखाव्यवसायको विकासको लागि दक्ष जनशक्तिको लागि चाहिने योग्यता निर्धारण गर्ने,

(च) सदस्यता प्राप्त गर्न आवश्यक पर्ने योग्यता हासिल गर्नको लागि आवश्यक पाठ्यक्रम र व्यावहारिक तालिमको किसिम निर्धारण गर्ने,

(छ) विश्वविद्यालय वा अन्य शैक्षिक संस्थाको सहयोगमा वा संस्था स्वयंले विभिन्न शिक्षण तथा प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने,

*(ज) लेखाव्यवसाय गर्नको निमित्त सदस्यहरुलाई पेशागत प्रमाणपत्र दिने,

(झ) सदस्यहरुलाई वृत्ति विकासका अवसरहरु प्रदान गरी निजहरुको दक्षतामा अभिवृद्धि गराउने,

(ञ) सदस्य तथा *पेशागत प्रमाणपत्र प्राप्त सदस्यको लागि तोकिएको व्यावसायिक आचार संहिता अनुरुप सदस्य वा *पेशागत प्रमाणपत्र प्राप्त सदस्यले काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(ट) सदस्य तथा *पेशागत प्रमाणपत्र प्राप्त सदस्यले व्यावसायिक आचार संहिताको विपरित गरेको काम कारवाही उपर अनुशासन समितिको सिफारिश बमोजिम आवश्यक कारवाही गर्ने,

(ठ) लेखा र लेखापरीक्षणका विविध पक्षमा सैद्धान्तिक वा व्यावहारिक निर्देशन र मार्गदर्शनहरु दिने तथा व्यावसायिक विकासको लागि आवश्यक अन्य काम गर्ने,

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

*(ड) लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डद्वारा व्यवस्थित वा सिफारिस गरिएका लेखामान तथा लेखापरीक्षणमान पालना गर्ने, गराउने र सोको पालना भए नभएको नियमन गर्ने,

(ढ) सदस्यहरुको हकहितको सुरक्षा एवं प्रतिष्ठाको संरक्षण तथा सम्बर्द्धन गर्ने,

(ण) उद्योग, वाणिज्य, अर्थ, राजश्व तथा लेखा व्यवसायसंग सम्बन्धित विषयका विभिन्न प्रचलित कानूनहरुको सुधारको निमित्त नेपाल सरकारलाई राय सुझाव दिने,

(त) अन्तर्राष्ट्रिय लेखा व्यवसायी महासंघ तथा क्षेत्रीय र उपक्षेत्रीय महासंघहरुको सदस्यता ग्रहण गर्ने तथा अन्य मुलुकका लेखा व्यवसायी संस्थाहरुसंग सम्पर्क स्थापना गर्ने,

(थ) विश्वविद्यालय तथा अन्य शिक्षण संस्थासंग समन्वय राखी लेखा शिक्षाको लागि उपयुक्त शैक्षिक मापदण्ड सिफारिश गर्ने,

(द) दर्तावाला लेखापरीक्षकहरुको व्यावसायिक दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम, गोष्ठी र सेमिनार संचालन गर्ने,

(ध) सेवारत लेखा जनशक्तिको भलाईका लागि अल्पकालिन वा दीर्घकालिन तालिम, गोष्ठी आदि संचालन गर्ने,

(न) लेखा व्यवसायसँग सम्बन्धित सामग्रीहरु प्रकाशन गर्ने,

(प) लेखा व्यवसायसँग सम्बन्धित पुस्तकालय संचालन गर्ने,

(फ) परिषद्बाट गठन हुने समितिहरुले अपनाउनु पर्ने कार्यविधि निर्धारण गर्ने,

(ब) संस्थाको बजेट स्वीकृत गर्ने तथा कोषको प्रबन्ध गर्ने,

(भ) संस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरु नियुक्त गर्ने र निजहरुको पारिश्रमिक तथा अन्य सुविधा तोक्ने,

*(भ१) सदस्यको लागि अनवरत व्यावसायिक शिक्षाको व्यवस्था गर्ने,

*(भ२) लेखा प्राविधिज्ञ तयार गर्न शिक्षा प्रणालीको विकास र तत्सम्बन्धी आवश्यक कार्य गर्ने,

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(म) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम तथा विनियम बमोजिम तोकिएका अन्य कार्यहरु गर्ने,

(य) यस ऐनको उद्देश्य पूरा गर्न आवश्यक पर्ने अन्य कामहरु गर्ने ।

१२. **काम कारबाही बदर नहुने :**

कुनै पार्षदको स्थान रिक्त रहेको वा पार्षद हुनको निमित्त चाहिने योग्यता नपुगेको व्यक्ति पार्षदमा निर्वाचित वा मनोनित भई परिषद्को निर्णय बमोजिम कुनै काम कारवाही भएको रहेछ भने सोही कारणले मात्र त्यसरी भैसकेको काम कारवाही बदर हुने छैन ।

१३. **परिषद्का समितिहरु :**

(१) परिषद्ले आफू प्रति जवाफदेही हुने गरी देहाय बमोजिमका स्थायी समितिहरु गठन गर्न सक्नेछ :-

(क) अनुशासन समिति,

(ख) परीक्षा समिति,

(ग) कार्यकारिणी समिति,

(घ) व्यावसायिक मार्गदर्शन समिति ।

(२) परिषद्ले संस्थाको उद्देश्य पूरा गर्न आवश्यकतानुसार अन्य समितिहरु गठन गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम गठन भएका समितिहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) *उपदफा (१) बमोजिम समिति गठन गर्दा अध्यक्ष र उपाध्यक्ष बाहेक एक समितिमा रहेका सदस्यहरु अर्को समितिमा समेत रहने गरी समितिहरु गठन गरिने छैन ।

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

१४. **अनुशासन समिति :**

(१) कुनै सदस्यले *यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आचार संहिता विपरित कुनै काम *कारवाही गरेको छ भनी कसैले संस्थामा उजूरी दिएमा वा संस्थालाई त्यस्तो जानकारी प्राप्त भएमा सो उपर छानवीन गरी आवश्यक कारवाही गर्नका लागि परिषद्मा सिफारिश गर्न देहाय बमोजिमको एक अनुशासन समिति रहनेछ :-

(क) दफा ७ को उपदफा (३) को खण्ड (क) बमोजिमका पार्षदहरु मध्येबाट परिषद्ले तोकेको *फेलो चार्टर्ड एकाउन्टेन्ट (एफ. सी. ए.) - सभापति

(ख) पार्षदहरु मध्ये परिषद्बाट मनोनित तीनजना - सदस्य

(ग) सदस्यहरु मध्ये परिषद्बाट मनोनित दुईजना - सदस्य

(घ) महालेखा परीक्षकबाट मनोनित एकजना - सदस्य

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुशासन समितिको सभापति वा कुनै सदस्यले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा आचार संहिता विपरित कुनै काम कारवाही गरेको छ भनी परेको उजूरी उपर छानबिन गरी आवश्यक कारवाही गर्नका लागि परिषद्मा सिफारिश गर्नको निमित्त बस्ने बैठकमा त्यस्तो सभापति वा सदस्यले भाग लिन र मतदान गर्न पाउने छैन ।

(३) अनुशासन समितिको बैठक सम्बन्धी कार्यविधि र अनुशासन समितिको सभापति तथा सदस्यहरुको पदावधि तोकिए बमोजिम हुनेछ ।

(४) अनुशासन समितिलाई सम्बन्धित व्यक्ति उपर आदेश जारी गर्ने र साक्षी प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(५) अनुशासन समितिले छानबीनबाट दोषी देखिएको सदस्य* उपर आवश्यक कारवाहीका लागि आफ्नो राय ठहर साथ परिषद्मा सिफारिश गर्नेछ र त्यस्तो सिफारिश उपर परिषद्ले विचार गरी सम्बन्धित सदस्यलाई* कसूरको मात्रा अनुसार देहाय बमोजिमको कुनै सजाय गर्न सक्नेछ :-

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(क) नसिहत दिने,
(ख) बढीमा पाँच वर्ष सम्मको लागि सदस्यताबाट हटाउने,
(ग) कुनै खास अवधिको लागि लेखाव्यवसाय गर्न नपाउने गरी रोक लगाउने,
(घ) *पेशागत प्रमाणपत्र वा सदस्यताको प्रमाणपत्र रद्द गर्ने ।

(६) कुनै पार्षदले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा आचार संहिता विपरीत कुनै काम कारबाही गरेको सम्वन्धमा अनुशासन समितिले छानबीन गरी त्यस्तो पार्षद उपर आवश्यक कारवाही चलाउनको लागि राय ठहर साथ परिषद्मा सिफारिश पेश गरेकोमा त्यस्तो सिफारिश उपर परिषद्ले निर्णय गर्दा त्यस्तो पार्षदले परिषद्को सो बैठकमा भाग लिन र मतदान गर्न पाउने छैन ।

(७) उपदफा (५) बमोजिमको सजाय गर्नु अघि परिषद्ले सम्बन्धित सदस्यलाई* सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(८) उपदफा (५) बमोजिमको निर्णयमा चित्त नबुझे सम्बन्धित सदस्यले* पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१५. **कार्यकारिणी समिति :**

(१) परिषद्को निर्देशनमा रही संस्थाको दैनिक कार्य संचालन गर्नको लागि देहायका सदस्यहरु रहेको एक कार्यकारिणी समितिको गठन गरिनेछ :-
(क) अध्यक्ष - अध्यक्ष
(ख) उपाध्यक्ष - उपाध्यक्ष
(ग) परिषद्ले पार्षदहरु मध्येबाट मनोनित गरेको दुईजना - सदस्य
(घ) *कार्यकारी निर्देशक - सदस्य सचिव

(२) कार्यकारिणी समितिको काम, कर्तव्य, अधिकार तथा बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

## *परिच्छेद - ३क

## लेखामान बोर्ड

१५क लेखामान बोर्डको गठनः

(१) लेखाव्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्नको लागि नेपाल सरकारले एक लेखामान बोर्डको गठन गर्नेछ ।

(२) लेखामान बोर्डमा देहायका सदस्यहरु रहनेछन् :-

(क) नेपाल सरकारले फेलो चार्टर्ड एकाउन्टेन्टहरुमध्येवाट मनोनीत गरेको एकजना - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, महालेखापरीक्षकको विभाग - सदस्य

(घ) प्रतिनिधि, महालेखा नियन्त्रकको कार्यालय - सदस्य

(ङ) रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय - सदस्य

(च) महानिर्देशक, कर विभाग - सदस्य

(छ) अध्यक्ष, धितोपत्र बोर्ड - सदस्य

(ज) नेपाल सरकारले परिषद्को सिफारिसमा चार्टर्ड एकाउन्टेन्टहरु मध्येबाट मनोनीत गरेका पांच जना - सदस्य

(झ) नेपाल सरकारले परिषद्को सिफारिसमा दर्तावाला लेखापरीक्षक सदस्यहरुमध्येबाट मनोनीत गरेको एक जना - सदस्य

(३) लेखामान बोर्डले आवश्यक देखेमा सम्बन्धित विज्ञलाई आफ्नो बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (क), (ज) र (झ) मा उल्लेखित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः नियुक्त वा मनोनयन हुन सक्नेछन् ।

(५) लेखामान बोर्डको बैठक सम्बन्धी कार्यविधि सो बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) लेखामान बोर्डको सचिवालय संस्थाको प्रधान कार्यालयमा रहनेछ ।

---

*नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

१५ख **लेखामान बोर्डको काम, कर्तव्य र अधिकार :**

लेखामान बोर्डको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्न अन्तर्राष्ट्रिय लेखामान (इन्टरनेशनल एकाउन्टिङ्ग स्टैण्डर्ड) समेतको आधार लिई लेखामानको व्यवस्था गर्ने,

(ख) लेखामानको विकास गर्न उपयुक्त विधि तयार गर्ने र लेखामान सम्वन्धी सामग्री प्रकाशन गर्ने,

(ग) लेखामानको संशोधन, सुधार र परिमार्जन गर्ने,

(घ) लेखामानको व्याख्या गर्ने,

(ङ) लेखामान सम्वन्धी अन्य कार्य गर्ने ।

१५ग **पदमा कायम नरहने अवस्था :** देहायको कुनै अवस्थामा लेखामान बोर्डको सदस्य आफ्नो पदमा कायम रहने छैनः-

(क) राजीनामा दिएमा,

(ख) विना कुनै सूचना तीन पटकसम्म लेखामान बोर्डको बैठकमा लगातार अनुपस्थित रहेमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजांय पाएको भएमा,

(घ) मगज विग्रेमा,

(ङ) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(च) मृत्यु भएमा,

(छ) संस्थाको सदस्यको हकमा दफा २२ वमोजिम सदस्यता दर्ता कितावबाट नाम हटाईएमा ।

## *परिच्छेद - ३(ख)

## लेखापरीक्षणमान बोर्ड

**१५घ लेखापरीक्षणमान बोर्डको गठन :**

(१) लेखा व्यवसाय र लेखापरीक्षणलाई सुव्यवस्थित र नियमन गर्नको लागि नेपाल सरकारले एक लेखापरीक्षणमान बोर्डको गठन गर्नेछ ।

(२) लेखापरीक्षणमान बोर्डमा देहायका सदस्यहरु रहनेछन् :-

(क) नेपाल सरकारले फेलो चार्टर्ड एकाउन्टेन्टहरुमध्येवाट मनोनीत गरेको एकजना - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, महालेखापरीक्षकको विभाग - सदस्य

(घ) नेपाल सरकारले परिषद्को सिफारिसमा चार्टर्ड एकाउन्टेन्टहरु मध्येवाट मनोनीत गरेका तीन जना - सदस्य

(ङ) नेपाल सरकारले परिषद्को सिफारिसमा दर्तावाला लेखापरीक्षक सदस्यहरुमध्येबाट मनोनीत गरेका एक जना - सदस्य

(३) लेखापरीक्षणमान बोर्डले आवश्यक देखेमा सम्बन्धित विज्ञलाई आफ्नो बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (क), (घ) र (ङ) मा उल्लेखित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः नियुक्त वा मनोनयन हुन सक्नेछन् ।

(५) लेखापरीक्षणमान बोर्डको बैठक सम्बन्धी कार्यविधि सो बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) लेखापरीक्षणमान बोर्डको सचिवालय संस्थाको प्रधान कार्यालयमा रहनेछ ।

**१५ङ लेखापरीक्षणमान बोर्डको काम, कर्तव्य र अधिकार :**

लेखापरीक्षणमान बोर्डको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षणमान (इन्टरनेशनल स्टैण्डर्ड अन अडिटिङ्ग) समेतको आधार लिई लेखापरीक्षणमानको व्यवस्था गर्ने,

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(ख) लेखामानपरीक्षणको विकास गर्न उपयुक्त विधि तयार गर्ने र लेखापरीक्षणमान सम्बन्धी सामाग्री प्रकाशन गर्ने,

(ग) लेखापरीक्षणमानको संशोधन, सुधार र परिमार्जन गर्ने,

(घ) लेखापरीक्षणमानको व्याख्या गर्ने,

(ङ) लेखापरीक्षणमान सम्वन्धी अन्य कार्य गर्ने ।

१५च **पदमा कायम नरहने अवस्था :**

देहायको कुनै अवस्थामा लेखापरीक्षणमान बोर्डको सदस्य आफ्नो पदमा कायम रहने छैन :-

(क) राजीनामा दिएमा,

(ख) विना कुनै सूचना तीन पटकसम्म लेखापरीक्षणमान बोर्डको बैठकमा लगातार अनुपस्थित रहेमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजांय पाएको भएमा,

(घ) मगज विग्रेमा,

(ङ) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(च) मृत्यु भएमा,

(छ) संस्थाको सदस्यको हकमा दफा २२ वमोजिम सदस्यता दर्ता किताववाट नाम हटाईएमा ।

## परिच्छेद - ४

## संस्थाको सदस्यता

*१६. **संस्थाको सदस्यता :**

(१) संस्थाको सदस्यतालाई देहाय बमोजिमको श्रेणीमा विभाजन गरिनेछ :-

(क) चार्टर्ड एकाउन्टेन्ट, र

(ख) दर्तावाला लेखापरीक्षक

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(२) देहायको योग्यता पुगेको व्यक्तिलाई दफा १८ को अधीनमा रही चार्टर्ड एकाउन्टेन्टको सदस्यता दिनु पर्नेछ :-

*(क)यो उपदफा प्रारम्भ हुँदाका बखत लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ बमोजिम “क” वर्गको वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको आधारमा “ख” वर्गको दर्तावाला लेखापरीक्षकको प्रमाणपत्र पाएको ।

(ख) संस्था वा संस्थाबाट मान्यता प्राप्त विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण भई लेखाव्यवसायसँग सम्वन्धित व्यावसायिक तालिम प्राप्त गरेको ।

(३) यो उपदफा प्रारम्भ हुँदाका बखत लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ वमोजिम “ख”, “ग” वा “घ” वर्गको लेखापरीक्षकको प्रमाणपत्र प्राप्त गरेको व्यक्तिलाई दफा १६ को अधीनमा रही दर्तावाला लेखापरीक्षकको सदस्यता दिन पर्नेछ ।

*१७. **फेलो चार्टर्ड एकाउन्टेन्ट (एफ.सी.ए.) :**

देहायका सदस्यहरुलाई तोकिए बमोजिम फेलो चार्टर्ड एकाउन्टेन्टको सदस्यता दिन सकिनेछ :-

(क) यो दफा प्रारम्भ हुँदाका बखत लेखापरीक्षक सम्वन्धी ऐन, २०३१ वमोजिम “क” वर्गको दर्तावाला लेखापरीक्षक प्रमाणपत्र प्राप्त गरेको व्यक्ति,

(ख) कम्तिमा पाँच वर्ष लेखाव्यवसायमा संलग्न रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्य ।

१८. **सदस्यता दर्ताको लागि अयोग्यता :**

देहायको व्यक्ति संस्थाको सदस्यमा दरिनको लागि योग्य मानिने छैन :-

(क) दफा १६ को उपदफा (२) र (३) बमोजिमको योग्यता नभएको,

(ख) एक्काईस वर्षको उमेर पूरा नभएको,

*(ग).....

(घ) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(ङ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएको,
(च) मगज बिग्रेको ।

१९. **नाम दर्ता गराउनु पर्ने :**

(१) संस्थाको सदस्य हुन चाहने यस ऐन बमोजिम योग्यता पुगेको व्यक्तिले तोकिए बमोजिमको विवरणहरु खोली तोकिए बमोजिमको ढाँचामा संस्थामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाको सदस्यता प्राप्त गर्नको लागि नाम दर्ता गर्न तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

*(३) दफा १६ को उपदफा (३) बमोजिम सदस्यता प्राप्त गर्न योग्यता पुगेका व्यक्तिले आफ्नो नाम संस्थाको सदस्यतामा दर्ता गराउन चाहेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको दफा २९ र ४९ प्रारम्भ गरेको मितिले छ महिना भित्र संस्थामा दरखास्त दिनु पर्नेछ । सो अवधि भित्र सदस्यताको लागि दरखास्त नदिने व्यक्तिले यो ऐन बमोजिम सदस्यता पाउने छैन ।

२०. **सदस्यता दर्ता प्रमाणपत्र :**

(१) दफा १९ को उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति संस्थाको सदस्यमा दरिन योग्य देखिएमा परिषद्ले त्यस्तो व्यक्तिको नाम संस्थाको सदस्यतामा दर्ता गरी सदस्यको किसिम खोली तोकिए बमोजिमको ढाँचामा सदस्यता दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) संस्थाले सदस्यताको श्रेणी अनुसार तोकिए बमोजिमको छुट्टा छुट्टै सदस्यता दर्ता किताब राख्नु पर्नेछ ।

(३) संस्थाको सदस्यता दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **व्यवसाय छोडेमा वा ठेगाना बदलेमा सूचना गर्नुपर्ने :**

सदस्यले आफ्नो व्यवसाय छोडेमा वा ठेगाना बदलेमा व्यवसाय छोडेको वा ठेगाना बदलेको पैंतीस दिनभित्र संस्थालाई सूचना गर्नु पर्नेछ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

२२. **नाम हटाउने र पुनः दर्ता गर्ने व्यवस्था :**

(१) देहायको कुनै अवस्थामा परिषद्ले सदस्यको नाम सदस्यता दर्ता किताबबाट हटाउने आदेश दिन सक्नेछ :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएमा,

(ख) संस्थालाई बुझाउनु पर्ने शुल्क नबुझाएमा,

(ग) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको पेशागत आचरण पालना नगरेमा,

(घ) मगज बिग्रेमा, वा

(ङ) मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम सदस्यताबाट नाम हटाइएको व्यक्तिले मनासिब माफिकको कारण देखाई पुनः सदस्यता प्राप्त गर्न दरखास्त दिएमा परिषद्ले तोकिए बमोजिमको दस्तुर लिई निजको नाम पुनः दर्ता गरी सदस्यता दिने निर्णय गर्न सक्नेछ ।

२३. **प्रमाणपत्र रद्द गर्ने :**

धोखा वा गल्तीले कुनै व्यक्तिको नाम संस्थाको सदस्यतामा दर्ता हुन गएको कुरा जानकारी हुन आई जाँचबुझ गर्दा सो कुरा साँचो ठहरिन आएमा परिषद्ले त्यस्तो व्यक्तिको सदस्यता दर्ता प्रमाणपत्र तथा * पेशागत प्रमाणपत्र पाएको भए सो समेत रद्द गर्न सक्नेछ र सोको सूचना पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

## परिच्छेद - ५

## परीक्षा सम्बन्धी व्यवस्था

२४. **पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुको व्यवस्था गर्ने :**

(१) परिषद्ले लेखाव्यवसायी *वा लेखाप्राविधिज्ञ हुनको लागि चाहिने शैक्षिक स्तर, पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण गरी परीक्षा संचालन गर्न सक्नेछ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(२) उपदफा (१) बमोजिमको परीक्षाको व्यवस्था गर्दा परिषद्‌ले आवश्यक देखेमा नेपाल राज्यभित्रका विश्वविद्यालय तथा अन्य देशका लेखा व्यवसायी संघ, संस्था वा विशेषज्ञको सल्लाह र सहयोग समेत लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको परीक्षा परिषद्‌ले आफै वा स्वदेशी वा विदेशी विश्वविद्यालय वा अन्य संस्थाको सहयोग लिई संचालन गर्न सक्नेछ ।

(४) लेखा व्यवसायी *वा लेखा प्राविधिज्ञ सम्बन्धी परीक्षामा सम्मिलित हुन आवश्यक पर्ने योग्यता तोकिए बमोजिम हुनेछ

(५) परीक्षा संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यस परिच्छेद बमोजिम संस्थाबाट संचालन हुने अध्ययन तथा अध्यापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **प्रमाणपत्र दिने :**

परिषद्‌ले यस परिच्छेद बमोजिम लिएको परीक्षा उत्तीर्ण भएका व्यक्तिलाई तोकिए बमोजिम प्रमाणपत्र दिनेछ ।

## परिच्छेद - ६

## शैक्षिक योग्यताको मान्यता

२६. परिषद्‌ले मान्यता दिने :

*(१) कुनै विदेशी लेखा व्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र तालिम प्राप्त गरेको व्यक्तिले त्यस्तो परीक्षा र तालिमको मान्यताको लागि संस्थामा तोकिए वमोजिम दरखास्त दिनु पर्नेछ र यसरी मान्यताको लागि दरखास्त परेमा परिषद्‌ले त्यस्तो परीक्षा र तालिमलाई मान्यता दिने नदिने सम्बन्धमा निर्णय गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षा र तालिमको मान्यता दिनु अघि दरखास्तवालाले कुनै शर्त पूरा गर्नु पर्ने परिषद्‌ले ठहराएमा त्यस्तो शर्त समेत तोकी दिनु पर्नेछ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(३) उपदफा (२) बमोजिम कुनै शर्त पूरा गर्नु पर्ने गरी तोकिएकोमा त्यस्तो शर्त पूरा भएपछि मात्र यस ऐन बमोजिम संस्थाको सदस्यताको लागि दरखास्त दिन सकिनेछ।

*२७. विदेशी लेखा व्यवसायी संस्थालाई मान्यता :

(१) परिषद्ले नेपाल सरकारको पूर्व स्वीकृती लिई विदेशी लेखा व्यवसायी संस्थाहरु र त्यस्ता संस्थाहरुले लिएको परीक्षा र प्रदान गरेको तालिमलाई मान्यता दिन सक्नेछ।

(२) परिषद्ले उपदफा (१) वमोजिम मान्यता दिएका संस्थाहरुको सूची वनाई राख्नु पर्नेछ र त्यस्तो सूचीमा पर्ने संस्थाले लिएको परीक्षा र प्रदान गरेको तालिमको मान्यताका सम्वन्धमा दफा २६ वमोजिमको प्रक्रिया पूरा गर्न आवश्यक पर्ने छैन।

## परिच्छेद – ७

## *<u>पेशागत प्रमाणपत्र</u>

*२८. **<u>पेशागत प्रमाणपत्र :</u>**

(१) लेखापरीक्षण सेवा प्रदान गर्न चाहने सदस्यले पेशागत प्रमाणपत्र प्राप्त गर्नको लागि तोकिए वमोजिमको ढाँचामा संस्थामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने सदस्यले तोकिए वमोजिमका शर्तहरु पूरा गरेपछि परिषद्ले त्यस्ता सदस्यलाई तोकिए बमोजिमको ढाँचामा पेशागत प्रमाणपत्र दिनेछ।

(३) पेशागत प्रमाणपत्र पाएका सदस्यको लागि परिषद्ले शर्तहरु निर्धारण गरी त्यस्ता शर्तहरु पालन गर्न लगाउन र त्यस्ता सदस्यहरुका लागि आचारसंहिता बनाई लागु गर्न सक्नेछ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

*२८(क) **लेखा व्यवसायी संस्था दर्ता गर्नु पर्ने :**

(१) लेखा व्यवसायी संस्थाको नामबाट लेखा परीक्षण सेवा संचालन गर्न चाहने पेशागत प्रमाणपत्र प्राप्त सदस्यले त्यस्तो संस्था दर्ता गर्न तोकिए वमोजिमको ढाँचामा संस्थामा दरखास्त दिनु पर्नेछ ।

(२) लेखा व्यवसायी संस्था दर्ता सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) वमोजिमको कार्यविधि पूरा भएपछि परिषद्ले तोकिए वमोजिमको ढाँचामा लेखा व्यवसायी संस्था दर्ताको प्रमाणपत्र दिनेछ ।

*२९. **लेखापरीक्षण सेवा प्रदान गर्न नपाउने :**

पेशागत प्रमाणपत्र प्राप्त नगरी कुनै व्यक्तिले लेखापरीक्षण सेवा प्रदान गर्न पाउने छैन ।

तर, कम्पनी ऐन अन्तर्गत स्थापना भएका कम्पनी वा व्यावसायिक संस्थाको लेखापरीक्षण वाहेक अन्य लेखापरीक्षणको सम्वन्धमा नेपाल सरकारले छुट्टै व्यवस्था गरी नियमन गर्न, गराउन यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

*३०. **दर्तावाला लेखापरीक्षक सम्बन्धी विशेष व्यवस्था :**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेका दर्तावाला लेखापरीक्षकहरुलाई परिषद्ले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमहरुका अधिनमा रही यस ऐन बमोजिम लेखापरीक्षण सेवा प्रदान गर्न तोकिए बमोजिम वर्गीकरण गरी पेशागत प्रमाणपत्र दिनेछ ।

तर त्यस्ता दर्तावाला लेखापरीक्षकहरुलाई निजहरुले लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ बमोजिम पाई आएका सुविधाबाट वञ्चित गरिने छैन ।

*३०(क) **लेखापरीक्षण गर्न पाउने हद :**

दफा ३० बमोजिम वर्गीकरण भएका पेशागत प्रमाणपत्र प्राप्त सदस्यले लेखापरीक्षण गर्न पाउने हद नेपाल सरकारको स्वीकृती लिई परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

*३०(ख) **पेशागत प्रमाणपत्रको वर्ग वृद्धि हुन सक्ने :**

दफा ३० बमोजिम दर्तावाला लेखापरीक्षकले प्राप्त गरेको पेशागत प्रमाणपत्र परिषद्ले तोकिए वमोजिमको कार्यविधि अपनाई वर्ग वृद्धि गर्न सक्नेछ ।

*३१. **प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु :**

पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आफूले गरेको लेखापरीक्षणको प्रतिवेदनमा तोकिए बमोजिमका कुराहरु खुलाउनु पर्नेछ ।

३२. **नामावली प्रकाशित गर्ने :**

संस्थाले प्रत्येक वर्ष आर्थिक वर्ष भुक्तान भएको तीन महिनाभित्र सदस्यहरुको र *पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुको नामावली प्रकाशन गर्नु पर्नेछ ।

*३३. **शुल्क बुझाउनु पर्ने :**

सदस्य, पेशागत प्रमाणपत्र प्राप्त सदस्य र दफा २८क. बमोजिम दर्ता भएका लेखा व्यवसायी संस्थाले तोकिए वमोजिमको शुल्क संस्थालाई बुझाउनु पर्नेछ ।

## परिच्छेद – ८

## आचरण

३४. **आचरण पालन गर्नुपर्ने :**

(१) सदस्य र *पेशागत प्रमाणपत्र प्राप्त सदस्यले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पूर्ण पालना गर्नु पर्छ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(२) आफ्नो वर्गको *पेशागत प्रमाणपत्र प्राप्त सदस्यको प्रमाणपत्र नपाएका व्यक्तिसँग साझेदारी वा अन्य कुनै किसिमबाट मिली लेखापरीक्षण कार्य गर्नु हुँदैन ।

(३) संस्थाको सदस्यता पाएको व्यक्ति बाहेक अन्य व्यक्तिसँग आफूले पाएको वा आर्जन गरेको लेखापरीक्षण शुल्क वा पारिश्रमिकमा कुनै किसिमको साझेदारी गर्न वा मुनाफामा हिस्सा दिनु हुँदैन र सदस्यता पाएका व्यक्ति लगायत अन्य कुनै व्यक्तिसंग आफूले पाएको वा आर्जन गरेको व्यावसायिक शुल्कमा कमिशन, दलाली आदि दिनु हुँदैन ।

(४) डर, धाक, त्रास, वा प्रलोभन देखाई कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लेखाव्यवसायको कामहरु पाउनका लागि प्रभावित गर्न हुँदैन ।

(५) आफूलाई काम लगाउने व्यक्ति र प्रचलित कानूनले बाध्य गराएको व्यक्तिलाई बाहेक अन्य व्यक्तिलाई आफ्नो व्यवसायको सिलसिलामा पाएका सूचना तथा स्पष्टीकरणहरु दिन वा भन्न हुँदैन ।

(६) *पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आफू वा आफ्नो साझेदार वा कर्मचारीले जाँची रुजू नगरेसम्म कुनै पनि आर्थिक विवरण प्रमाणित गर्न वा कुनै किसिमको प्रतिवेदन दिन हुँदैन ।

(७) *पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आफ्नो वा आफ्नो साझेदारको हित भएको कुनै संस्थाको आर्थिक विवरण प्रमाणित गर्दा वा प्रतिवेदन दिंदा आफ्नो वा आफ्नो साझेदारको स्वार्थ निहित रहेका कुरा पनि स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ । तर कम्पनीमा शेयर होल्डर मात्र भएकोमा स्वार्थ निहित रहेको मानिने छैन ।

(८) *पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आफूले प्रमाणित गरेको कुनै पनि आर्थिक विवरणलाई यथार्थ रुपमा दर्शाउन आफूलाई थाहा भएका कुनै पनि मूलभूत कुराहरु स्पष्ट रुपले देखाउनु पर्नेछ वा आफूले थाहा पाएसम्म आफूले प्रमाणित गरेको आर्थिक विवरणमा कुनै गलत विवरण वा स्पष्टीकरण रहेछ भने सो पनि स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(९) *पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आफ्नो व्यवसायको सिलसिलामा गर्नुपर्ने कर्तव्य सावधानीपूर्वक गर्नु पर्नेछ र प्रचलित कानून तथा लेखापरीक्षण सम्बन्धी मान्य सिद्धान्त अनुरुप नभएका वा नगरिएका कुनै पनि मूलभूत कुराहरु माथि सम्बन्धित सबैको ध्यानाकर्षण गराउनु पर्नेछ ।

(१०) *पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आफूले काम गरे वापत पाउनु पर्ने पारिश्रमिकलाई मुनाफाको प्रतिशत वा अन्य कुनै अनिश्चित नतिजा माथि आधारित गर्नु हुँदैन ।

(११) नेपाल सरकारको कुनै कार्यालय, विभाग वा कुनै संस्थालाई प्रचलित कानून बमोजिम दिनु पर्ने सूचना, स्पष्टीकरण वा विवरणमा जानी जानी वा लापरवाही साथ झुठो कुरा उल्लेख गर्नु हुंदैन ।

(१२) आफूले नोकरी गरेको संस्थाको सेवा गर्न छोडेको कम्तीमा तीन वर्ष नपुगी सो संस्थाको लेखापरीक्षण गर्नु हुँदैन ।

(१३) प्रचलित कानून बमोजिम लेखापरीक्षकमा नियुक्त हुन आवश्यक रीत पूरा भएको यकिन नगरी कुनै पनि *पेशागत प्रमाणपत्र प्राप्त सदस्यले कुनै संस्थाको लेखापरीक्षकमा भएको नियुक्ति स्वीकार गर्नु हुँदैन ।

(१४) लेखापरीक्षण सम्बन्धमा आफ्नो राय व्यक्त गर्नु अगाडी यथेष्ठ रुपमा सम्बन्धित सूचना प्राप्त गरेको हुनु पर्छ ।

(१५) *पेशागत प्रमाणपत्र प्राप्त सदस्य र सदस्यले पालना गर्नुपर्ने आचरण सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

३५. <u>उजूरी गर्न सकिने :</u>

(१) कुनै *पेशागत प्रमाणपत्र प्राप्त सदस्य उपर यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लेखित आचरणको पालना नगरेको वा त्यस्तो पेशागत प्रमाणपत्र प्राप्त सदस्यले *यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा सरोकारवालाले संस्थामा उजूरी दिन सक्नेछ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(२) कुनै पेशागत प्रमाणपत्र प्राप्त सदस्यले पालना गर्नुपर्ने आचरणको पालना नगरेको विश्वास गर्नुपर्ने तथ्य फेला परेमा त्यस्तो पेशागत प्रमाणपत्र प्राप्त सदस्य उपर कारवाही गर्न *कार्यकारी निर्देशकले प्राप्त तथ्यहरु सहित परिषद्मा प्रस्ताव पेश गर्नेछ ।

## परिच्छेद - ९

## संस्थाको कोष

३६. **संस्थाको कोष :**

(१) संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) अन्तर्राष्ट्रिय वा विदेशी संघ, संस्थाबाट प्राप्त रकम,

तर यस्तो रकम प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ग) संस्थाका सदस्यहरुको नाम दर्ता गर्दा वा *पेशागत प्रमाणपत्र दिंदा प्राप्त गरेको रकम,

(घ) संस्थाको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(ङ) संस्थालाई अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(२) संस्थालाई प्राप्त सबै रकम संस्थाको नाममा नेपालको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) संस्थाको तर्फबाट गर्नु पर्ने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छन् ।

तर संस्थालाई कुनै निश्चित उद्देश्यको लागि प्राप्त भएको रकम सोही उद्देश्यमा मात्र खर्च गर्नु पर्नेछ ।

(४) कोषबाट गरिने खर्च परिषद्को रेखदेख र नियन्त्रणमा रही *कार्यकारी निर्देशकले गर्नेछ ।

(५) कोषको खाताको संचालन परिषद्ले तोके बमोजिम हुनेछ ।

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

३७. **संस्थाको कोषको लेखा तथा लेखापरीक्षण :**

(१) संस्थाको आय व्ययको लेखा परिषद्ले तोके बमोजिमको ढाँचामा राखिनेछ ।

(२) संस्थाको हिसाब किताबको लेखापरीक्षण परिषद्ले तोकेको लेखा व्यवसायीबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा संस्थाको हिसाब किताब सम्बन्धित कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद – १०

## कर्मचारी सम्बन्धी व्यवस्था

३८. ***कार्यकारी निर्देशक :**

(१) संस्थाको प्रशासकीय काम कारवाही संचालन गर्नका लागि परिषद्ले लेखा सम्बन्धी अनुभव भएको कुनै व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(२) *कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र परिषद्ले चाहेमा निजलाई पुनः नियुक्त गर्न सक्नेछ ।

(३) *कार्यकारी निर्देशकको अनुपस्थितिमा परिषद्ले संस्थाको कुनै अधिकृत कर्मचारीलाई कार्यकारी निर्देशकको काम गर्न तोक्न सक्नेछ ।

३९. ***कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार :**

(१) *कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद् प्रति जिम्मेवार रही *संस्थाको प्रमुखको रुपमा काम गर्ने,

(ख) संस्थाको दैनिक प्रशासनिक काम गर्ने,

(ग) संस्थाको वार्षिक बजेट तयार गरी परिषद्मा पेश गर्ने,

(घ) संस्थाको हिसाब किताब राख्ने तथा राख्न लगाउने,

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(ङ) सदस्य र *पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुको दर्ता किताब जिम्मा लिई अद्यावधिक रुपमा राख्ने, राख्न लगाउने ।

(२) *कार्यकारी निर्देशकले परिषद्को रेखदेख र नियन्त्रणमा रही कार्य गर्नेछ ।

(३) यस ऐनमा लेखिए देखि बाहेक *कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४०. **संस्थाका अन्य कर्मचारी :**

(१) *कार्यकारी निर्देशकको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी संस्थालाई आवश्यक पर्ने कर्मचारीहरुको नियुक्ति परिषद्ले गर्नेछ ।

(२) संस्थाका कर्मचारीहरुको सेवाको शर्त, पारिश्रमिक र सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ११

## दण्ड सजाय

४१. **दण्ड सजाय :**

(१) यस ऐन बमोजिम *पेशागत प्रमाणपत्र नलिई *लेखापरीक्षण गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले दफा ६ को उल्लंघन गरी संस्थाको नाम चिन्ह वा संस्थाले प्रयोग गर्न पाउने कुनै पनि किसिमको अधिकारको प्रयोग गरेमा निजलाई पहिलो पटक भए एक हजार रुपैयाँसम्म जरीवाना हुनेछ र त्यसपछि पनि त्यस्तो काम गरेको ठहरेमा पटकै पिच्छे पाँच हजार रुपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुबै सजाय हुनेछ ।

तर कानूनद्वारा गठित संस्था वा विश्वविद्यालय वा संस्थासंग सम्बन्धित निकायहरुको हकमा यो उपदफा लागू हुने छैन ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(३) *पेशागत प्रमाणपत्र नपाएका व्यक्तिले *पेशागत प्रमाणपत्र प्राप्त सदस्यको हैसियतले कुनै कागजातमा दस्तखत गरेको प्रमाणित भएमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँसम्म जरीवाना वा तीन महीना सम्म कैद वा दुबै सजाय हुनेछ ।

(४) यस दफामा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप कुनै काम गर्ने सदस्यलाई पाँच वर्षसम्मको लागि निलम्वन गरी दुई हजार रुपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुबै सजाय हुनेछ ।

(५) उजूर गर्नुपर्ने मनासिब माफिकको कारण बेगर सदस्यलाई दुःख दिने नियतले कुनै व्यक्तिले उजूर गरेको ठहरेमा त्यस्तो उजूर गर्ने व्यक्तिलाई एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(६) दफा ३५ बमोजिम कुनै सदस्यको विरुद्धमा परिषद् समक्ष त्यस्तो उजूर पर्न आएमा दफा १४ बमोजिम कारवाही हुनेमा बाहेक अन्य मुद्दाहरु सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा चलाउनु पर्नेछ ।

## परिच्छेद - १२

## विविध

४२. **तदर्थ परिषद्को गठन :**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ बमोजिम परिषद्को गठन नभएसम्म संस्थाको सदस्य हुन चाहने योग्यता पुगेको व्यक्तिको नाम दर्ता गरी सदस्यता दर्ताको प्रमाणपत्र दिने सम्वन्धमा यस ऐन बमोजिम परिषद्ले गर्ने कार्य गर्न र सदस्यहरु मध्येबाट परिषद्मा प्रतिनिधित्व गर्ने पार्षदहरुको निर्वाचन गर्नको लागि देहायका सदस्यहरु रहेको एक तदर्थ परिषद्को गठन गरिनेछ :-

(क) अध्यक्ष, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स एसोसिएशन - अध्यक्ष

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(ख) लेखापरीक्षक सम्वन्धी ऐन, २०३१ बमोजिम लेखापरीक्षकको रुपमा नाम दर्ता गराएका लेखापरीक्षकहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेका तीनजना - सदस्य

(ग) नेपाल सरकारले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको तदर्थ परिषद्ले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र सदस्यहरु मध्येबाट परिषद्मा प्रतिनिधित्व गर्ने पार्षदहरुको निर्वाचन गरी सक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएको तदर्थ परिषद्ले आफ्नो बैठक सम्वन्धी कार्यविधि र अन्य कार्य प्रणालीहरु आफैले निर्धारण गर्न सक्नेछ ।

(४) दफा ७ बमोजिम परिषद्को गठन भएपछि उपदफा (१) बमोजिम गठन भएको तदर्थ परिषद् स्वतः विघटन हुनेछ । यसरी तदर्थ परिषद् विघटन भएपछि उक्त तदर्थ परिषद्ले परिषद्को तर्फबाट गरेको सम्पूर्ण काम कारवाही परिषद्ले नै गरे सरह मानिनेछ ।

४३. **असल नियतले गरेको काममा बचाउ :**

परिषद् वा संस्थाको समितिको कुनै सदस्य वा *कार्यकारी निर्देशक वा संस्थाका कर्मचारीले असल नियतले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अनुरुप गरेको कुनै काम कारवाहीहरु प्रति निजहरु व्यक्तिगत रुपमा जिम्मेवार हुने छैनन् ।

४४. **अधिकार प्रत्यायोजन :**

(१) परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार समिति वा *कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

---

** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन (पहिलो संशोधन, २०५९) द्वारा संसोधित*

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार मध्ये केही अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मुनिका अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४५. **निर्देशन दिन सक्ने :**

(१) नेपाल सरकारले संस्थाको काम कारवाहीका सम्वन्धमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) महालेखापरीक्षकले लेखा व्यवसायको विकास, संरक्षण र सम्बर्द्धन गर्ने सम्वन्धमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नेपाल सरकार वा महालेखापरीक्षकले दिएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

४६. **नेपाल सरकारसंग सम्पर्क :**

संस्थाले नेपाल सरकारसंग सम्पर्क राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४७. **नियम बनाउने अधिकार :**

(१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ बमोजिम परिषद् गठन नभएको अवस्थामा संस्थाको सदस्यता दर्ताको प्रमाणपत्र दिने र पार्षदहरुको निर्वाचन गर्ने प्रयोजनको निमित्त दफा ४२ बमोजिम गठन भएको तदर्थ परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बनेका नियमहरु नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् ।

(४) उपदफा (१) बमोजिम परिषद्ले बनाएका नियमहरु लागू भएपछि उपदफा (२) बमोजिम तदर्थ परिषद्ले बनाएका नियमहरु स्वतः निस्कृय हुनेछन् ।

४८. **विनियम बनाउने अधिकार :**

परिषद्ले संस्थाको दैनिक कार्य संचालनको लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही विनियमहरु बनाउन सक्नेछ ।

४९. **खारेजी र बचाउ :**

(१) लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ खारेज गरिएको छ ।

(२) कुनै प्रचलित कानूनमा महालेखापरीक्षकको विभागबाट मान्यता प्राप्त लेखापरीक्षकलाई सो कानूनको प्रयोजनको निमित्त मान्यता प्राप्त लेखापरीक्षकको रुपमा मान्यता दिईएको भए यो ऐन प्रारम्भ भएपछि त्यस्ता मान्यता प्राप्त लेखापरीक्षक भन्नाले यस ऐन बमोजिमको पेशागत प्रमाणपत्र प्राप्त सदस्यलाई जनाएको मानिनेछ ।

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१

नेपाल सरकारबाट स्वीकृत मिति : २०६१/०७/३०

| संशोधन | स्वीकृत मिति |
|---|---|
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संशोधन) नियमावली २०६३ | २०६३/०३/२९ |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (दोश्रो संशोधन) नियमावली २०६३ | २०६७/०९/२० |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (तेश्रो संशोधन) नियमावली २०६३ | २०६८/११/३० |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (चौथो संशोधन) नियमावली २०६३ | २०७०/१०/२४ |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पाँचौं संशोधन) नियमावली २०६३ | २०७२/०६/१७ |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (छैठौं संशोधन) नियमावली २०६३ | २०७४/०३/२६ |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (सातौं संशोधन) नियमावली २०६३ | २०७४/१२/१९ |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (आठौं संशोधन) नियमावली २०६३ | २०७५/०३/२२ |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (नवौं संशोधन) नियमावली २०६३ | २०७६/०५/०२ |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (दशौं संशोधन) नियमावली २०६३ | २०७७/१०/०८ |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (एघारौं संशोधन) नियमावली २०६३ | ………………… |
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (बाह्रौं संशोधन) नियमावली २०६३ | २०७८/०८/१५ |

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ४७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा ७ बमोजिम गठित परिषद्ले देहायको नियमहरु बनाएको छ ।

# परिच्छेद–१

## प्रारम्भिक

₸१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरुको नाम "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (बाह्रौं संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

♠"तर नियम २(ण), ४९(३), ४९(४), ५१(ग) र ५२(३) दर्तावाला लेखापरीक्षकहरुको हकमा मिति २०७० श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।"

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस नियमावलीमा :

(क) "ऐन" भन्नाले चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले ऐनको दफा १३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ग) "पंजिकृत प्रशिक्षार्थी (आर्टिकल ट्रेनी)" भन्नाले नियम २४ बमोजिम पंजिकृत प्रशिक्षण लिने प्रशिक्षार्थी सम्झनु पर्छ ।

(घ) "सदस्यको ठेगाना" भन्नाले लेखाव्यवसाय संचालन गर्ने सदस्य भए त्यस्तो व्यवसाय संचालन गर्ने ठाउँ, कुनै नोकरीमा संलग्न रहेको भए नोकरी गरेको कार्यालयको ठेगाना वा नोकरीमा संलग्न नरहेको भए निजले तोकेको ठाउँ सम्झनु पर्छ ।

(ङ) "उच्च माध्यमिक तह वा प्रवीणता प्रमाणपत्र तह" भन्नाले गीत, संगीत, ललित कला, नृत्य, भाषा, साहित्य, संस्कृति जस्ता प्रकृतिका विषयमा

---

♠ *दोश्रो संशोधनद्धारा थप*

₸ *बाह्रौं संशोधनद्धारा संशोधित*

बाहेक नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राप्त गरेको वाट उच्च माध्यमिक तहको वा प्रमाणपत्र तह सम्झनु पर्छ।

(च) "स्नातक तह" भन्नाले खण्ड (ङ) मा उल्लेखित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राप्त गरेको स्नातकोपाधि सम्झनु पर्छ।

(छ) "वर्ष वा आर्थिक वर्ष" भन्नाले कुनै वर्षको श्रावण १ गते बाट प्रारम्भ भई अर्को वर्षको आषाढ मसान्त सम्मको अवधि सम्झनु पर्छ।

(ज) "पंजिकृत प्रशिक्षण" भन्नाले परिच्छेद ३ अन्तर्गत लिइने प्रशिक्षण सम्झनु पर्छ।

(झ) "मूल प्रशिक्षक (प्रिन्सिपल)" भन्नाले नियम २४ बमोजिम पंजिकृत प्रशिक्षार्थीलाई पंजिकृत प्रशिक्षणमा राख्न पाउने चार्टर्ड एकाउन्टेन्ट सदस्य सम्झनु पर्छ।

(ञ) "दर्ता किताब" भन्नाले नियम ४४ को उपनियम (१) बमोजिम सदस्यता दर्ता गर्न संस्थाबाट खडा गरिएको किताव सम्झनु पर्छ।

(ट) "लेखाव्यवसाय" भन्नाले व्यावसायिक रुपमा लेखापरीक्षण गर्ने काम सम्झनु पर्छ र सो शव्दले संस्थाको सदस्यले विशेषज्ञको रुपमा प्रदान गर्ने लेखा सम्बन्धी सेवा समेतलाई जनाउने छ।

(ठ) "लेखाव्यवसायी" भन्नाले लेखाव्यवसाय संचालन गर्ने संस्थाका सदस्य सम्झनु पर्छ।

(ड) "लेखाव्यवसायी संस्था" भन्नाले लेखाव्यवसाय संचालन गर्न नियम ५७ को उपनियम (१) बमोजिम संस्थामा दर्ता भएको लेखाव्यवसायी फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(ढ) "लेखा प्राविधिज्ञ" भन्नाले नियम १०१ बमोजिम लेखा प्राविधिकको प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

♠(ण) "सेवारत सदस्य" भन्नाले सरकारी वा अर्धसरकारी वा गैह्र सरकारी वा निजी वा सार्वजनिक निकाय, शैक्षिक संस्था तथा अन्य निकायमा पूर्णकालीन कर्मचारीको रुपमा सेवारत सदस्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## चार्टर्ड एकाउन्टेन्सी शिक्षा तथा सोको परीक्षा सम्बन्धी व्यवस्था

३. **चार्टर्ड एकाउन्टेन्सी शिक्षा :**

(१) संस्थाले चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रदान गर्ने शिक्षा देहाय बमोजिमको हुनेछ ।

(क) चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभूत तह (चार्टर्ड एकाउन्टेन्सी इजुकेशन फाउन्डेशन लेभल),

(ख) चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तह (चार्टर्ड एकाउन्टेन्सी एजुकेशन इन्टरमिडियट लेभल),

(ग) चार्टर्ड एकाउन्टेन्सी शिक्षा अन्तिम तह (चार्टर्ड एकाउन्टेन्सी इजुकेशन फाइनल लेभल)

(३) उपनियम (१) बमोजिमको शिक्षा प्राप्त गर्न चाहने व्यक्तिले सो प्रयोजनका लागि यस परिच्छेद बमोजिम संस्था समक्ष निवेदन दिई नाम दर्ता गराउनु पर्नेछ ।

४. **नाम दर्ता गराउने व्यक्तिको शैक्षिक योग्यता :**

(१) नियम ३ को उपनियम (२) को प्रयोजनका लागि देहायका चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्राप्त गर्न चाहने व्यक्तिको देहाय बमोजिम योग्यता हुनु पर्नेछ :

♦(क) चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत तह - मान्यता प्राप्त शिक्षण संस्थाबाट उच्च माध्यमिक तह (दश जोड दुई) वा प्रविणता प्रमाणपत्र तहको परीक्षा उत्तीर्ण गरेको वा स्नातक वा स्नातकोत्तर उत्तिर्ण गरेको ।

---

*♠ दोश्रो संशोधनद्धारा थप, ♦पहिलो संशोधनद्धारा संशोधित*

❖(ख) चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तह - वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा लेखा वा लेखापरीक्षण वा कर मुख्य विषय लिई कम्तीमा ५० (पचास) प्रतिशत वा वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा लेखा वा लेखापरीक्षण वा कर बाहेकका अन्य मुख्य विषय लिई कम्तीमा ५५ (पचपन्न) प्रतिशत वा अन्य संकायको भए कम्तीमा ६० (साठी) प्रतिशत औसत अंक प्राप्त गरी कम्तीमा स्नातकोपाधि हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत तहको परीक्षा उत्तीर्ण गरेको ।

(ग) चार्टर्ड एकाउन्टेन्सी शिक्षा अन्तिम तह - चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तह परीक्षा उत्तीर्ण गरेको ।

(२) उपनियम (१) को खण्ड (क) वा (ख) को प्रयोजनका लागि कसैले ग्रेड प्रणाली अन्तर्गत शैक्षिक प्रमाणपत्र प्राप्त गरेको भए सो खण्डहरुमा उल्लेखित औशत अंक भन्दा कम अंक प्राप्त गरेको हुनु हुदैन ।

५. **<u>अस्थायी (प्रोभिजनल) नाम दर्ता गराउन सक्ने :</u>**

(१) नियम ४ को उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियमको खण्ड (क) वा (ख) बमोजिम आवश्यक हुने शैक्षिक योग्यताको अन्तिम परीक्षा दिइसकेको व्यक्तिले त्यस्तो परीक्षाको परीक्षाफल प्रकाशित भइनसकेको अवस्थामा पनि चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्राप्त गर्न अस्थायी (प्रोभिजनल) रुपमा संस्था समक्ष नाम दर्ता गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नाम दर्ता गराएको व्यक्तिले छ महिना भित्र निर्धारित शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नाम दर्ता गराई सक्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको अवधि भित्र स्थायी नाम दर्ता गराउन नसक्ने व्यक्तिको नाम दर्ता सो अवधि भुक्तान भएपछि स्वतः रद्द हुनेछ र निजले नाम दर्ता गराउँदाका वखत नियम ७ को उपनियम (१) बमोजिम संस्थालाई बुझाएको शुल्क तथा अन्य कुनै रकम भए सो फिर्ता हुने छैन ।

---

❖ *दोस्रो संशोधनद्वारा संशोधित*

६. **नाम दर्ता गराउन दिइने निवेदनको ढाँचा :**

नियम ४ को उपनियम (१) बमोजिम चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत तह, चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तह र चार्टर्ड एकाउन्टेन्सी शिक्षा अन्तिम तहको शिक्षा प्राप्त गर्न नाम दर्ता गराउन दिनु पर्ने निवेदनको ढांचा क्रमश : अनुसूची - १, अनुसूची - २ र अनुसूची - ३ बमोजिम हुनेछ ।

७. **शुल्क भुक्तान गर्नु पर्ने :**

(१) यस परिच्छेद बमोजिम चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्राप्त गर्न चाहने व्यक्तिले चुक्ता गर्नु पर्ने शुल्क अनुसूची - ४ मा तोकिए बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको शुल्क चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्राप्त गर्न चाहने व्यक्तिले सो प्रयोजनका लागि संस्थामा आफ्नो नाम दर्ता गर्न निवेदन गर्दाका बखत भुक्तान गर्नु पर्नेछ ।

८. **सम्झौताको प्रतिलिपी पेश गर्नु पर्ने :**

(१) नियम ३ को उपनियम (३) बमोजिम नाम दर्ता गराउन निवेदन गर्दा चार्टर्ड एकाउन्टेन्सी अन्तिम तहको शिक्षा प्राप्त गर्न निवेदन दिएको भए त्यस्तो निवेदन साथ नियम २४ को उपनियम (२) बमोजिम भएको सम्झौताको प्रतिलिपी त्यस्तो सम्झौता भएको मितिले एक महिना भित्र पेश गर्नु पर्नेछ ।

♠(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ३ को उपनियम (३) बमोजिम नाम दर्ता गराउन नियम ४ को उपनियम १(ख) बमोजिम स्नातकोपाधि उत्तीर्ण गरी चार्टर्ड एकाउन्टेन्सी मध्यम तहको शिक्षा प्राप्त गर्न निवेदन दिने निवेदकले चाहेमा सोही तहदेखि पंजिकृत प्रशिक्षण प्रारम्भ गर्न सक्नेछ ।

*तर पञ्जिकृत प्रशिक्षण प्रारम्भ गर्न चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको प्रथम समूह उर्त्तीण गरेको हुनुपर्नेछ ।

---

♠ *दोश्रो संशोधनद्धारा थप*

* *तेश्रो संशोधनद्धारा थप*

♠(३) उपनियम (२) बमोजिम पंजिकृत प्रशिक्षण प्रारम्भ गरेमा निवेदन साथ नियम २४ को उपनियम (२) बमोजिम भएको सम्झौताको प्रतिलिपी त्यस्तो सम्झौता भएको मितिले एक महिना भित्र पेश गर्नुपर्नेछ ।

♦९. **चार्टर्ड एकाउन्टेन्सी शिक्षाको पाठ्यक्रम :**

(१) चार्टर्ड एकाउन्टेन्सी शिक्षाको पाठ्यक्रम अनुसूची - ५ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यो नियम लागु हुँदाको बखत वा यस नियमावलीको अनुसूची ५ परिषद्ले परिमार्जन संशोधन वा हेरफेर गरेको बखत शिक्षा तथा परीक्षाको लागि संस्थामा दर्ता रहेको विभिन्न तहका विद्यार्थीले नीज दर्ता हुँदा कायम रहेको तहको पाठ्यक्रम बमोजिमको शिक्षा सम्बन्धी योग्यता परीक्षा दिन पाउनेछन् ।

(३) उप नियम (२) बमोजिम पुरानो पाठ्यक्रम अनुसार दिन पाउने परीक्षा सम्बन्धी समयावधि र अन्य व्यवस्था परिषद्ले तोके बमोजिम हुनेछ ।

(४) उप नियम (२) बमोजिम तत्कालिन पाठ्यक्रम अनुसारको परीक्षा दिन पाउने बिद्यार्थीले परिवर्तित पाठ्यक्रममा दर्ता भई परिवर्तित पाठ्यक्रम अनुसारको परीक्षा दिन बाधा पर्ने छैन ।

(५) यो नियमावली प्रारम्भ हुनु भन्दा अगाडि इन्टरमिडियट तहमा दर्ता भएका बिद्यार्थीले तोकिए बमोजिम एकमुष्ठ रकम बुझाईसकेको भए थप रकम बुझाउनु पर्नेछैन । तर, परीक्षा सम्बन्धी दस्तुरहरु र नयाँ पाठ्यसामाग्री वापतको रकम यसै नियमावलीको अनुसूची - ४ बमोजिम दाखिला गर्नुपर्नेछ ।

१०. **परीक्षाको माध्यम :**

यस परिच्छेद बमोजिम संचालन हुने चार्टर्ड एकाउन्टेन्सी परीक्षाको माध्यम परिषद्ले निर्धारण गरे बमोजिम नेपाली वा अंग्रेजी भाषामा हुनेछ ।

---

♠ *दोश्रो संशोधनद्धारा थप*

♦ *पहिलो संशोधनद्धारा संसोधित*

## ११. चार्टर्ड एकाउन्टेन्सी परीक्षा संचालन :

(१) चार्टर्ड एकाउन्टेन्सी परीक्षा संस्थाले निर्धारण गरे बमोजिम वर्षको दुई पटक हुनेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण गरेको परीक्षा संचालन हुने मिति, स्थान र समय राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशन गर्नु पर्नेछ ।

## १२. योग्यता परीक्षा (इलिजिबिलिटी टेष्ट):

«(१)यस परिच्छेद बमोजिम संचालन हुने चार्टर्ड एकाउन्टेन्सी शिक्षाको परीक्षामा सामेल हुन चाहने परीक्षार्थीले परिषद्ले संचालन गरेको योग्यता परीक्षा नियम ३ को उपनियम (३) बमोजिम नाम दर्ता गराएको मितिले तीन वर्ष भित्र उत्तीर्ण गर्नु पर्नेछ र उक्त परीक्षा संचालनको कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम योग्यता परीक्षा उत्तीर्ण नभएको व्यक्तिको नाम स्वतः बदर हुनेछ र त्यस्तो व्यक्ति नियम २४ बमोजिम प्रशिक्षणमा रहेको भए निजको प्रशिक्षण स्वतः अन्त्य भएको मानिनेछ ।

(३) उपनियम (१) बमोजिम योग्यता परीक्षा उत्तीर्ण गर्ने व्यक्तिलाई अनुसूची - ६ बमोजिमको ढाँचामा योग्यता परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र दिइनेछ ।

(४) उपनियम (२) बमोजिम नाम दर्ता बदर भएको व्यक्तिले पुनः नाम दर्ता गराएमा निजले चाहेमा पहिले प्राप्त गरेको प्रशिक्षण कटाई बांकी अवधिको लागि मात्र प्रशिक्षण सम्झौता गरी प्रशिक्षण पूरा गर्न सक्नेछ ।

## १३. चार्टर्ड एकाउन्टेन्सी परीक्षामा सम्मिलित हुन सक्ने :

¤(१) नियम ३ को उपनियम (३) बमोजिम सम्वन्धित तहमा शिक्षा प्राप्त गर्न संस्था समक्ष नाम दर्ता गराई ९ महिना पूरा भएको र नियम १२ को उपनियम (१) बमोजिमको योग्यता परीक्षा उत्तीर्ण गरेको व्यक्ति चार्टर्ड एकाउन्टेन्सी परीक्षामा सम्मिलित हुन योग्य भएको मानिनेछ ।

---

« *दशौं संशोधनद्वारा संशोधित*

¤ *चौथो संशोधनद्वारा संशोधित*

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै व्यक्ति चार्टर्ड एकाउन्टेन्सी अन्तिम तहको परीक्षा सम्मिलित हुन सक्नेछ :

¤(क) नियम ३ को उपनियम (३) बमोजिम नाम दर्ता गराएको मितिले छ (६) महिना पूरा भएको ,

(ख) नियम १२ को उपनियम (१) बमोजिम योग्यता परीक्षा उत्तीर्ण गरेको,

(ग) परीक्षा संचालन हुने महिनाको एक गते नियम २४ बमोजिम हासिल गर्नु पर्ने प्रशिक्षण अवधि बाह्र महिना भन्दा कम रहेको ।

♠(३) नियम ८(२) बमोजिम पंजिकृत प्रशिक्षणमा रहेका प्रशिक्षार्थीलाई उपनियम (२)(क) को व्यवस्था लागु हुने छैन ।

*(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै व्यक्ति चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभूत तहको परीक्षामा सम्मिलित हुन सक्नेछ :

¤(क) नियम ३ को उपनियम (३) बमोजिम नाम दर्ता गराएको मितिले छ (६) महिना पूरा भएको ,

(ख) नियम १२ को उपनियम (१) बमोजिम योग्यता परीक्षा उत्तीर्ण गरेको ।

१४. <u>परीक्षा फाराम भर्नु पर्ने :</u>

(१) चार्टर्ड एकाउन्टेन्सी परीक्षामा सम्मिलित हुन चाहने व्यक्तिले परिषद्ले तोकेको अवधिभित्र सम्वन्धित तहको परीक्षामा सम्मिलित हुन परीक्षा आवेदन फाराम संस्था समक्ष बुझाउनु पर्नेछ । त्यस्तो परीक्षा दिंदा आधारभूत तह, मध्यम तह र अन्तिम तहको आवेदन फारामको ढाँचा क्रमशः अनुसूची - ७, अनुसूची - ८ र अनुसूची - ९ बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम परीक्षा फाराम बुझाउँदा अनुसूची ४ बमोजिमको परीक्षा दस्तुर समेत दाखिला गर्नु पर्नेछ ।

---

¤ *चौथो संशोधनद्धारा संशोधित*

♠ *दोश्रो संशोधनद्धारा थप*

* *तेश्रो संशोधनद्धारा थप*

(३) उपनियम (१) बमोजिम बुझाएको आवेदन फाराम परीक्षा समितिबाट स्वीकृत भएमा परीक्षा संचालन हुने मिति भन्दा सामान्यतया दुई हप्ता अगाडि सम्वन्धित परीक्षार्थीलाई प्रवेशानुमतिपत्र प्रदान गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रवेशानुमतिपत्र प्राप्त गरेको व्यक्तिले परीक्षार्थीको हैसियतमा परीक्षा भवनमा प्रवेश गर्न सक्नेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षा समितिले अख्तियारी दिएको कुनै व्यक्तिले कुनै परीक्षार्थीको आचरण परीक्षाको मर्यादा विपरीत भएमा कारण खुलाई निजलाई परीक्षा भवनमा प्रवेश गर्न निषेध गर्न वा परीक्षा भवनवाट निष्काशन गर्न सक्नेछ ।

१५. <u>परीक्षा उत्तीर्ण हुन आवश्यक प्राप्तांक:</u>

(१) नियम ९ बमोजिमको पाठ्यक्रमलाई परिषद्ले निर्धारण गरे बमोजिम दुई समुहमा विभाजन गरिनेछ र कुनै पनि परीक्षार्थीले एक पटकमा एक समुह वा दुवै समूहको परीक्षामा सम्मिलित हुन सक्नेछ ।

(२) चार्टर्ड एकाउन्टेन्सी शिक्षाको कुनै पनि तहको परीक्षा दिएको व्यक्तिले उत्तीर्ण हुनका लागि प्रत्येक विषयमा कम्तिमा चालिस प्रतिशत र प्रत्येक समूहमा कम्तिमा पचास प्रतिशत औशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परीक्षार्थी दुवै समूहको परीक्षामा एकै पटक सम्मिलित भएकोमा दुवै समूहलाई एउटै समूह मानी सोही बमोजिम औसत अंक निर्धारण गरिने छ ।

(४) उपनियम (३) बमोजिम औसत अंक निर्धारण गर्दा औसत अंक पचास प्रतिशत भन्दा कम हुन गई उत्तीर्ण हुन नसकेको परीक्षार्थीले कुनै समूहमा औसत अंक पचास प्रतिशत वा सोभन्दा बढी प्राप्त गरेको रहेछ भने त्यस्तो समूहको परीक्षामा निज उत्तीर्ण भएको मानिने छ ।

१६. **विषय छुटको सूविधा :**

चार्टर्ड एकाउन्टेन्सी मध्यम वा अन्तिम तहको परीक्षामा सम्मिलित परीक्षार्थीले कुनै समूहका कुनै विषयमा कम्तिमा तीस प्रतिशत अंक प्राप्त गरेको र कुनै विषयमा कम्तिमा साठी प्रतिशत अंक प्राप्त गरेको रहेछ भने त्यस पछि लगत्तै दिएको तीन पटकको परीक्षासम्म कम्तिमा साठी प्रतिशत अंक प्राप्त गरेको विषयमा निजले विषय छुट पाउने छ र त्यस्तो विषयमा परीक्षा पुनः दिनु पर्ने छैन । तर यस नियम बमोजिम छुट पाएको बिषयमा बाहेक एक समूहका सबै विषयको परीक्षामा सम्मिलित नभएको परीक्षार्थीले यो सुविधा पाउने छैन ।

♠१६क. दर्तावाला लेखापरीक्षकहरुलाई बिषय छुटको सुविधा : परिषद्ले देहाय बमोजिमको शिक्षा हासिल गरेका दर्तावाला लेखापरीक्षकहरुलाई देहाय बमोजिम बिषय छुटको सुविधा दिन सक्नेछ :-

(क) मान्यता प्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मध्यम तहको परीक्षा उत्तीर्ण गरेमा नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको चाटर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको परीक्षा ।

+(ख) मान्यता प्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चाटर्ड एकाउन्टेन्सी शिक्षाका मध्यम तहको कुनै समूह उत्तीर्ण भएकोमा सोही बिषयहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहमा रहेछ भने उक्त विषय ।

♣(ग) लेखा, लेखापरीक्षण, कस्ट एकाउन्टिङ्ग, वित्तीय व्यवस्थापन (फाइनानसियल मेनेजमेन्ट) वा कर सम्बन्धी विषय लिई वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा ब्यापार प्रशासनमा स्नातक वा स्नातकोत्तर गरी उल्लेखित तहमा ५० (पचास) प्रतिशत अंक प्राप्त गरेको बिषय चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको बिषयसंग मिल्ने रहेछ भने उक्त बिषय ।

---

♠ *दोश्रो संशोधनद्धारा थप*

\+ *पांचौ संशोधनद्धारा थप*

♣ *पांचौं संशोधनद्धारा संशोधित*

*(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल स्थित विश्व विद्यालयबाट लेखा मुख्य बिषय (Specialization in Accountancy) लिई कम्तीमा ५० (पचास) प्रतिशत अंक प्राप्त गरि वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा ब्यापार प्रशासनमा स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरेकोमा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको सम्पूर्ण बिषयहरु ।

+१६ ख. लेखाप्राविधिज्ञलाई बिषय छुटको सुविधा :

यस संस्थाबाट संचालन गरेको लेखाप्राविधिक शिक्षा हासिल गरिसकेका र चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहमा दर्ता हुन योग्य व्यक्तिहरुले चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न चाहेमा लेखा प्राविधिक शिक्षामा उत्तिर्ण गरेका बिषयहरु चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहमा रहेछ भने परिषद्ले मध्यम तहका सो बिषयहरु छुटको सुविधा दिन सक्नेछ ।

## १७. परीक्षाको नतिजा प्रकाशन :

(१) चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल परीक्षा समितिले प्रकाशन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम परीक्षाफल प्रकाशन गर्दा कुनै परीक्षार्थीले कम्तिमा पचहत्तर प्रतिशत औशत अंक प्राप्त गरी उत्तीर्ण गरेमा निजले विशिष्ट श्रेणीमा उत्तीर्ण गरेको मानिने छ र त्यस्तो अंक प्राप्त गरी उत्तीर्ण हुने दश जना सम्म परीक्षार्थीको नाम निजहरुले प्राप्त गरेको अंकको आधारमा क्रमशः योग्यताक्रम निर्धारण गरी प्रकाशन गरिने छ ।

तर एक पटकमा एक समूहको मात्र परीक्षा दिने वा विषय छुटको सुविधा प्राप्त गरी उत्तीर्ण हुने परीक्षार्थीको नाम योग्यताक्रममा समावेश गरिने छैन ।

---

* *पांचौं संशोधनद्धारा संशोधित*

+ *पांचौ संशोधनद्धारा थप*

*(३) उपनियम (१) बमोजिम प्रकाशित परीक्षाफल उपर चित्त नबुझ्ने परीक्षार्थीले परीक्षाफल प्रकाशित भएको मितिले दश दिन भित्र अनुसूची - १० बमोजिमको ढाँचामा अनुसूची - ४ बमोजिमको दस्तुर सहित पुनर्योगका लागि संस्थामा निवेदन गर्न सक्नेछ ।

*(४)उपनियम (३) बमोजिमको निवेदन पर्न आएमा परीक्षा समितिले एक्काइस दिन भित्र पुनर्योग गरी वा गराई सोको नतिजा सम्वन्धित परीक्षार्थीलाई दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम पुनर्योग गरी संशोधित प्राप्ताङ्क प्रकाशन गर्दा सम्वन्धित परीक्षार्थी कुनै समूहको परीक्षामा उत्तीर्ण हुने भएमा निज सो समूहमा उत्तीर्ण भएको मानिनेछ र निजले नियम १६ बमोजिमको विषय छुटको सुविधा पाउन सक्ने रहेछ भने सो समेत निजलाई दिईनेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निर्धारित अंक प्राप्त गरी उत्तीर्ण भएको कुनै परीक्षार्थीको परीक्षाफल कुनै कारणले रद्द गर्नु परेमा परीक्षा समितिले सोको कारण खुलाई त्यस्तो परीक्षार्थीको परीक्षाफल रद्द गर्न सक्नेछ ।

तर त्यसरी परीक्षाफल रद्द गर्नु अघि सम्बन्धित व्यक्तिलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

१८. **परीक्षाफल संशोधन गर्न सक्ने :**

परिषद्ले चार्टर्ड एकाउन्टेन्सी परीक्षाको गुणस्तर कायम राख्न परीक्षाफल संशोधन हुन उचित र मनासिव देखेमा परीक्षार्थीहरुको कुनै वा सवै विषयमा प्राप्त गरेको प्राप्ताङ्कमा आवश्यक हेरफेर वा संशोधन गरी संशोधित परीक्षाफल प्रकाशन गर्न सक्नेछ ।

---

* *दशौं संशोधनद्वारा संशोधित*

## १९. परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र :

(१) प्रत्येक तहको चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको व्यक्तिलाई सोही तहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र दिइनेछ ।

तर चार्टर्ड एकाउन्टेन्सी अन्तिम तहको परीक्षाको हकमा सम्बन्धित परीक्षार्थीले नियम २४ बमोजिमको पंजिकृत प्रशिक्षण पूरा गरेपछि मात्र त्यस्तो प्रमाणपत्र दिईनेछ ।

(२) उपनियम (१) बमोजिम प्रमाणपत्र दिंदा आधारभुत तह, मध्यम तह र अन्तिम तहको चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्ने व्यक्तिलाई क्रमशः अनुसूची - ११, अनुसूची - १२ र अनुसूची - १३ बमोजिमको ढाँचामा दिईनेछ ।

## २०. परीक्षा उत्तीर्ण गर्नुपर्ने अवधि :

¤(१) यस परिच्छेद बमोजिम चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत (CAP I) तहको परीक्षा उक्त तहमा शिक्षा प्राप्त गर्न नाम दर्ता गराएको मितिले तीन वर्ष भित्र र मध्यम (CAP II) तहको परीक्षा उक्त तहमा शिक्षा प्राप्त गर्न नाम दर्ता गराएको मितिले पाँच वर्ष भित्र उत्तीर्ण गरिसक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि भित्र परीक्षा उत्तीर्ण नभएको व्यक्तिको नाम दर्ता स्वतः रद्द हुनेछ ।

(३) उपनियम (२) बमोजिम नाम दर्ता रद्द भएको व्यक्तिले पूनः परीक्षा दिन चाहेमा नयाँ परीक्षार्थी सरह पुनः नाम दर्ता गराउनु पर्नेछ ।

♥(४) उपनियम (१) मा उल्लेख गरिएको अवधिमा बिद्यार्थीले सम्वन्धीत तह उत्तीर्ण गर्न नसकि नियम २० को उपनियम (३) बमोजिम पूनः दर्ता गराएका बिद्यार्थीले नियम १३ को उपनियम (१) र (४) बमोजिम पूनः न्यूनतम अवधि पूरा गर्नु पर्ने छैन, साथै नियम १२ को उपनियम (१)

---

¤ *चौथो संशोधनद्धारा संशोधित*

♥ *चौथो संशोधनद्धारा थप*

बमोजिम पहिले नै सम्वन्धित तहको योग्यता परीक्षा उत्तीर्ण गरिसकेका बिद्यार्थीले पूनः योग्यता परीक्षा उत्तीर्ण गर्नुपर्ने छैन र नियम २४ को उपनियम (१) बमोजिममा पंजिकृत प्रशिक्षण लिई सकेका बिद्यार्थीले पूनः पंजिकृत प्रशिक्षण लिनु पर्ने छैन ।

■२१. **कारवाही गर्न सक्ने :**

यस परिच्छेद बमोजिम संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाको मर्यादा विपरीत हुने गरी परिषद् वा परीक्षा समितिबाट खटिएको कुनै केन्द्राध्यक्ष, निरीक्षक, परीक्षार्थी वा अन्य कुनै व्यक्तिले परीक्षा केन्द्रभित्र वा बाहिर कुनै काम गरेमा परीक्षा समितिले त्यस्तो परीक्षा रद्द गरी वा नगरी त्यस्तो काम गर्ने वा गराउने केन्द्राध्यक्ष, निरीक्षक, परीक्षार्थी वा अन्य कुनै व्यक्तिलाई परीक्षा समितिले उचित ठहराए बमोजिमको कारवाही गर्न सक्नेछ ।

तर त्यसरी कारवाही गर्नु अघि मनासिब मौकाबाट निजलाई बञ्चित गरिने छैन । सोको लागि नीजलाई ७ दिन भित्र आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

२२. **तयारी कक्षा संचालन गर्न अनुमति दिने :**

(१) परिषद्ले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको तयारी कक्षा संचालन गर्न कानून बमोजिम खडा भएको कुनै शैक्षिक संस्थालाई अनुमति प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति प्राप्त संस्थाले तयारी कक्षा संचालन गर्दा परिषद्ले सो प्रयोजनका लागि तयार गरेको निर्देशिका बमोजिम गर्नु गराउनु पर्नेछ ।

२३. **पोष्ट क्वालिफिकेशन शिक्षा :**

■(१) परिषद्ले चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुको लागि लेखाव्यवसाय सम्बन्धि बिषयहरुमा पोष्ट क्वालिफिकेशन शिक्षाको व्यवस्था गर्न सक्नेछ ।

---

■ *दशौं संशोधनद्धारा संशोधित*

(२) उपनियम (१) बमोजिम व्यवस्था गर्ने शिक्षाको विस्तृत विवरण विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## चार्टर्ड एकाउन्टेन्सी प्रशिक्षण सम्बन्धी व्यवस्था

२४. **पंजिकृत प्रशिक्षण :**

*(१) ऐनको दफा १६ बमोजिम संस्थाको चार्टर्ड एकाउन्टेन्सी सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले पंजिकृत प्रशिक्षार्थीको रुपमा पेशागत प्रमाणपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्ट सदस्य (मुल प्रशिक्षक) बाट लेखाव्यवसाय सम्वन्धी तीन वर्षको पंजिकृत प्रशिक्षण लिनु पर्नेछ । त्यस्तो प्रशिक्षण नियम ८ को उपनियम (२) को अवस्थामा बाहेक चार्टर्ड एकाउन्टेन्सी अन्तिम तहको शिक्षा प्राप्त गर्न संस्थामा नाम दर्ता गराउनु अघि प्रारम्भ गर्नु पर्नेछ ।

तर परिषद्ले तोकेको शर्त पूरा गरेका दर्तावाला लेखापरीक्षकको हकमा दुई वर्षसम्म र लेखा प्राविधिज्ञको हकमा १८ महिना सम्म पंजिकृत प्रशिक्षण छुट दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम प्रशिक्षण लिनु पर्ने व्यक्तिले पंजिकृत प्रशिक्षार्थीको रुपमा प्रशिक्षण लिन सो उपनियम बमोजिमको चार्टर्ड एकाउन्टेन्ट सदस्यसंग अनुसूची - १४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्ने छ ।

(३) उपनियम (१) बमोजिम संस्थाले पंजिकृत प्रशिक्षार्थीहरुको अभिलेख अनुसूची - १५ बमोजिम ढाँचाको दर्ता कितावमा राख्नु पर्नेछ ।

२५. **प्रशिक्षणमा राख्न पाउने प्रशिक्षार्थीहरुको सीमा :**

°°(१) नियम २४ को उपनियम (१) बमोजिम पंजिकृत प्रशिक्षार्थीलाई प्रशिक्षण दिन पाउने लेखाव्यवसायमा संलग्न भई देहायको अवधि पूरा

---

* *पांचौं संशोधनद्वारा संशोधित*

°° *तेश्रो संशोधनद्वारा संसोधित*

गरेका मुल प्रशिक्षकले एक पटकमा देहायको संख्या सम्म पंजिकृत प्रशिक्षार्थी प्रशिक्षण सेवामा राख्न सक्नेछ :

φ(क) तीन वर्षको अवधि पूरा भएकोमा - तीन जनासम्म

φ(ख) पाँच वर्षको अवधि पूरा भएकोमा - पाँच जनासम्म

φ(ग) सात वर्षको अवधि पूरा भएकोमा - सात जनासम्म

φ(घ) दश वर्षको अवधि पूरा भएकोमा - दश जनासम्म

φ(ङ) पन्ध्र वर्षको वा सो भन्दा बढी अवधि पूरा भएकोमा - बाह्र जनासम्म

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेखाव्यवसाय गरेको कम्तिमा तीन वर्ष पूरा गरेको कुनै चार्टर्ड एकाउन्टेन्ट सदस्य साझेदार रहेको लेखाव्यवसायी संस्थाको अर्को साझेदारले लेखाव्यवसाय संचालन गरेको तीन वर्ष पूरा भएको रहेनछ भने पनि त्यस्तो साझेदारले एक जनासम्म प्रशिक्षार्थी प्रशिक्षण सेवामा राख्न सक्नेछ ।

*(३) उपनियम (१) मा जुनसुकै व्यहोरा लेखिएको भएतापनि पेशागत प्रमाणपत्र लिई ३ बर्ष अवधि नपुगेका सदस्यहरुले एकल फर्म संचालन गरेमा १ जना तथा साझेदारी फर्म संचालन गरेमा प्रत्येक साझेदारले जनही १ जना प्रशिक्षार्थी राख्न पाउनेछ ।

*(४) लेखा प्राविधिक (एकाउन्टीङ टेक्निसियन) को हकमा प्रशिक्षार्थी राख्ने सीमा एकाउन्टिङ टेक्निसियन बोर्डले निर्धारण गरे अनुसार हुनेछ ।

**स्पष्टिकरण :** कुनै संगठित संस्थामा पूरा समय काम गर्ने कर्मचारीको हैसियतले सेवा गर्ने चार्टर्ड एकाउन्टेन्ट सदस्यले सो सेवा त्यागी लेखाव्यवसाय प्रारम्भ गरेको भएमा यस नियमको प्रयोजनका लागि तीन वर्ष, पाँच वर्ष र आठ वर्ष वा सो भन्दा बढी त्यसरी सेवा गरेको अवधिलाई क्रमशः एक वर्ष, तीन वर्ष र पाँच वर्ष लेखाव्यवसाय गरेको मानिनेछ ।

---

*φ सातौं संशोधनद्धारा संशोधित*

** तेश्रो संशोधनद्धारा थप*

*φ सातौं संशोधनद्धारा संशोधित*

२६. **अतिरिक्त प्रशिक्षार्थी राख्न पाउने :**

नियम २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा चार्टर्ड एकाउन्टेन्ट सदस्यले देहायको अवधि सम्म अतिरिक्त प्रशिक्षार्थी राख्न पाउने छ र त्यस्तो प्रशिक्षार्थीको हकमा सो नियमको संख्या सीमा लागु हुने छैन :

(क) विदेशी लेखाव्यवसायी संस्थाबाट पेशागत प्रमाणपत्र पाएको व्यक्तिले पूरा गरेको पंजिकृत प्रशिक्षण यस नियमावली बमोजिमको अवधि वा मापदण्ड अनुकूल नभई थप अवधि त्यस्तो प्रशिक्षण लिनु परेकोमा सो अवधि सम्म,

(ख) प्रशिक्षण दिने चार्टर्ड एकाउन्टेन्ट सदस्यको मृत्यु भएमा वा निजको नाम दर्ता किताववबाट हटाइएमा वा निजले लेखाव्यवसाय त्यागेमा त्यसरी मृत्यु भएको, हटेका वा त्यागेको मिति देखि पंजिकृत प्रशिक्षण पुरा गर्न बाँकी अवधि सम्म,

(ग) नियम १२ को उपनियम (२), नियम ३६ को उपनियम (३) वा नियम ३७ को उपनियम (३) को अवस्था परी पंजिकृत प्रशिक्षण टुटेकोमा सो टुटेको अवधि सम्म ।

₹२७. **प्रशिक्षण भत्ता :**

(१) यस नियमावली बमोजिम पंजिकृत प्रशिक्षणमा रहेको पंजिकृत प्रशिक्षार्थीलाई प्रशिक्षण दिने चार्टर्ड एकाउन्टेन्टले पहिलो वर्ष भए मासिक पाँच हजार, दोस्रो वर्ष भए सात हजार र तेश्रो वर्ष भए दस हजार रुपैया न्यूनतम प्रशिक्षण भत्ता दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद्ले कारण खुलाई समय समयमा प्रशिक्षण भत्ताको मासिक दर हेरफेर गर्न सक्नेछ ।

₹ *बाह्रौं संशोधनद्वारा संशोधित*

२८. **विशेष औद्योगिक प्रशिक्षण :**

■(१) कुनै विशेष प्रकृतिको व्यवसायको व्यावहारिक ज्ञान पंजिकृत प्रशिक्षार्थीलाई दिन मूल प्रशिक्षकले उचित ठानेमा वा पंजिकृत प्रशिक्षार्थीले कम्तिमा एक महिना अगावै सो सम्बन्धमा लिखित अनुरोध गरेमा मूल प्रशिक्षकले देहायको कुनै संस्थामा कार्यरत वा बहाल रहेको पाँच वर्ष भन्दा बढी अनुभव भएको चार्टर्ड एकाउन्टेन्ट सदस्यसंग त्यस्तो संस्था वा प्रशिक्षकको पूर्व सहमतिलिई विशेष औद्योगिक प्रशिक्षणका लागि खटाउन सक्नेछ ।

(क) महालेखा परीक्षकको कार्यालय,

(ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्था,

(ग) संस्थाबाट लागू गरिएका नेपाल वित्तीय प्रतिवेदनमान - NFRS (साना तथा मझौला निकाय, गैर नाफामुलक निकाय र लघु निकायको लागि लागू गरिएका मानहरु बाहेक) अनिवार्य लागू हुन भनी तोकिएका कम्पनी वा निकायहरु ।

(घ) संवैधानीक निकायहरु, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको मातहतमा रहेका कार्यालय वा नियमनकारी निकायहरु,

(ङ) परिषद्‌ले उचित ठहराएको अन्य कुनै निकाय (Entity) ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तिमा दुई वर्षसम्म मुल प्रशिक्षकबाट पंजिकृत प्रशिक्षण नलिएको पंजिकृत प्रशिक्षार्थीले यो नियम बमोजिमको प्रशिक्षण लिन सक्ने छैन ।

(३) उपनियम (१) बमोजिम प्रशिक्षण दिने चार्टर्ड एकाउन्टेन्ट सदस्यले एक अवधिमा दुई जनासम्म पंजिकृत प्रशिक्षार्थीलाई प्रशिक्षण दिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको प्रशिक्षण अवधि एक वर्षभन्दा बढीको हुने छैन र सो अवधिमा प्राप्त गरेको प्रशिक्षणलाई नियम २४ बमोजिमको पंजिकृत प्रशिक्षण मानिनेछ ।

---

■ *दशौं संशोधनद्वारा संशोधित*

(५) उपनियम (१) बमोजिमको प्रशिक्षणमा खटाइएको पंजिकृत प्रशिक्षार्थीलाई नियम २७ बमोजिमको प्रशिक्षण भत्ता खटाइएको संस्थाबाट दिनु पर्नेछ ।

तर खटाई गएको संस्थाले थप भत्ता प्रदान गर्न यस वा सुविधा उपनियमले बाधा पुऱ्याउने छैन ।

(६) उपनियम (१) बमोजिम कुनै पंजिकृत प्रशिक्षार्थी विशेष औद्योगिक प्रशिक्षणमा खटिई गएमा निज खटिई गएको मिति देखि नियम २५ को उपनियम (१) बमोजिम राख्न पाउने पंजिकृत प्रशिक्षार्थीको स्थान रिक्त भएको मानिनेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पंजिकृत प्रशिक्षार्थीलाई विदेशी चार्टर्ड एकाउन्टेन्ट बाट पंजिकृत प्रशिक्षण लिन पठाउनु अघि परिषद्को स्वीकृति लिनु पर्नेछ ।

## २९. प्रशिक्षार्थीहरुको आदान प्रदान गर्न सक्ने :

(१) पंजिकृत प्रशिक्षार्थीलाई कुनै खास विषयमा विशेष सीप वा दक्षता प्रदान गर्नुपर्ने आवश्यक देखिएमा कुनै मुल प्रशिक्षकले अन्य कुनै मुल प्रशिक्षकसंग परामर्श गरी संस्थालाई जानकारी गराई प्रशिक्षार्थीहरुलाई एक-अर्का कहाँ प्रशिक्षणका लागि खटाउन सक्नेछन ।

(२) उपनियम (१) बमोजिम खटाईएको प्रशिक्षणको अवधि एक वर्ष भन्दा बढी हुनसक्ने छैन ।

## ३०. प्रशिक्षण सेवा सम्पन्न प्रमाणपत्र :

(१) पंजिकृत प्रशिक्षार्थीले नियम २४ को उपनियम (२) बमोजिम गरेको सम्झौता बमोजिमको पंजिकृत प्रशिक्षण पूरा गरेपछि मूल प्रशिक्षकले अनुसूची-१६ बमोजिमको ढाँचामा संस्थालाई सो कुराको जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएपछि सो जानकारीको आधारमा संस्थाबाट अनुसूची - १७ बमोजिमको ढाँचामा पंजिकृत प्रशिक्षण सेवा सम्पन्न प्रमाणपत्र जारी हुनेछ ।

३१. **जानकारी गराउनु पर्ने :**

नियम २४ को उपनियम (२) बमोजिम गरेको सम्झौताको अवधि पूरा नहुँदै कुनै मूल प्रशिक्षकको मृत्यु भएमा वा निजले लेखाव्यवसाय त्यागेमा वा अन्य कुनै कारणले निजले प्रशिक्षण दिन नसक्ने भएमा निजको कुनै साझेदार भए त्यस्तो साझेदार र नभए मूल प्रशिक्षकको कानूनी प्रतिनिधी वा निजको लेखाव्यवसायी संस्थामा बहाल रहेको कर्मचारीले तीस दिन भित्र अनुसूची - १८ बमोजिमको ढांचामा पंजिकृत प्रशिक्षण सम्बन्धी विवरणको जानकारी संस्थालाई गराउनु पर्नेछ ।

३२. **प्रशिक्षणको विवरण (अद्यावधिक) राख्नु पर्ने :**

(१) मूल प्रशिक्षकले यस परिच्छेद बमोजिम पंजिकृत प्रशिक्षणमा रहेको प्रशिक्षार्थीको अनुसूची - १९ बमोजिमको ढाँचामा प्रत्येक प्रशिक्षार्थीको छुट्टाछुट्टै विवरण पुस्तिका (लगबुक) राख्नु पर्नेछ ।

(२) उपनियम (१) को विवरण पुस्तिकाको आधारमा मूल प्रशिक्षकले प्रत्येक ६ महिना वा संस्थाले माग गरेको बखत पंजिकृत प्रशिक्षण सेवामा रहेको प्रशिक्षार्थीको विवरण अनुसूची - २० बमोजिमको ढाँचामा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम राखिएको विवरण संस्थाका पदाधिकारीले कुनै पनि बखत स्थलगत निरीक्षण गर्दा निरीक्षण गर्न दिनु सम्बन्धित मूल प्रशिक्षकको कर्तव्य हुनेछ ।

३३. **प्रशिक्षण सम्झौता अन्त्य हुन सक्ने :**

(१) पंजिकृत प्रशिक्षार्थी र मूल प्रशिक्षकको आपसी सहमतिबाट नियम २४ को उपनियम (२) बमोजिम भएको सम्झौता कुनै बखत अन्त्य हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम त्यस्तो सम्झौता अन्त्य भएमा त्यसको सात दिनभित्र दुवैको हस्ताक्षर सहितको जानकारी संस्थालाई पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सम्झौता अन्त्य भएमा पंजिकृत प्रशिक्षार्थीले अर्को मूल प्रशिक्षकसँग बाँकी अवधिको लागि पंजिकृत प्रशिक्षण गर्न सम्झौता गर्न सक्नेछ ।

(४ उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पंजिकृत प्रशिक्षार्थी विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी प्रशिक्षण लिन अनुपस्थित भएमा सो उपनियममा उल्लेखित सम्झौता अन्त्य गर्न मूल प्रशिक्षकले स्वीकृतिका लागि संस्थामा निवेदन दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम संस्थामा निवेदन पर्न आएमा संस्थाले त्यस उपर आवश्यक जांचबुझ गरी व्यहोरा मनासिव देखिएमा त्यस्तो सम्झौता अन्त्य गर्न स्वीकृति दिनेछ ।

(६) उपनियम (५) बमोजिम सम्झौता अन्त्य भएमा नियम २५ को उपनियम (१) को प्रयोजनका लागि त्यस्तो प्रशिक्षार्थीको स्थान रिक्त भएको मानिनेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मूल प्रशिक्षकले संस्थाको पूर्व स्वीकृति लिई वा प्रशिक्षार्थीले कम्तिमा एक महिनाको पूर्व सूचना दिई त्यस्तो सम्झौंता कुनै पनि बखत अन्त्य गर्न सक्नेछ ।

३४. <u>पंजिकृत प्रशिक्षार्थीले पाउने विदा :</u>

(१) पंजिकृत प्रशिक्षार्थीले प्रशिक्षण सेवामा रहेको अवधिमा सार्वजनिक विदा बाहेक प्रत्येक वर्ष चालीस दिनसम्म र सम्पूर्ण प्रशिक्षण अवधिमा एकसय बीस दिन सम्म बिदा पाउने छ र विदा बसेको अवधि भित्र कुनै सार्वजनिक विदा परेमा त्यस्तो विदा पनि विदा बसेको अवधिमा गणना गरिनेछ ।

(२) पंजिकृत प्रशिक्षार्थीले उपनियम (१) मा उल्लेख भए भन्दा बढी अवधि विदा बसेमा बढी विदा बसेको अवधिका लागि थप सम्झौता गरी पंजिकृत प्रशिक्षण सेवा लिनु पर्नेछ ।

३५. **पंजिकृत प्रशिक्षार्थीले प्रशिक्षण सेवा गर्ने समय :**

पंजिकृत प्रशिक्षण सेवामा रहेको पंजिकृत प्रशिक्षार्थीको काम गर्ने समयावधि प्रति साता चालीस घण्टा र प्रशिक्षण सेवा समय विहान नौ बजे देखि बेलुकी छ बजेसम्मको अवधि भित्र हुनु पर्नेछ ।

३६. **पंजिकृत प्रशिक्षार्थीलाई कारवाही गर्न सकिने :**

(१) कुनै पंजिकृत प्रशिक्षार्थीले नियम २४ को उपनियम (२) बमोजिमको सम्झौताको शर्त पालना नगरेको वा अमर्यादित आचरण गरेको कारण देखाई मूल प्रशिक्षकले संस्थामा उजूरी दिएमा परिषद्ले सो सम्वन्धमा आवश्यक जांचबुझ गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रशिक्षार्थीले सो सम्झौताको शर्त पालना नगरेको वा अमर्यादित आचरण गरेको देखिएमा परिषद्ले निजको नाम दर्ता रद्द गर्ने वा निजले ६ महिनादेखि एक वर्षसम्म थप प्रशिक्षण सेवामा रहनु पर्ने आदेश जारी गरी परिषद्ले कारवाही गर्न सक्नेछ ।

तर त्यस्तो कारवाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(३) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा उजूरी आधारहीन वा बदनीयतपूर्ण देखिएमा त्यस्तो उजूरीकर्ता मूल प्रशिक्षकसँग गरेको सम्पूर्ण पंजिकृत प्रशिक्षार्थीहरुको सम्झौता अन्त्य गर्न परिषद्ले आदेश जारी गर्न सक्नेछ र त्यसरी आदेश जारी भएमा सो अनुरुप गर्नु सम्वन्धित व्यक्तिको कर्तव्य हुनेछ । त्यस्तो मूल प्रशिक्षक उपर थप कारवाही गर्नु पर्ने देखिएमा सो सम्वन्धी कारवाही पनि गर्न सकिनेछ ।

तर त्यसरी आदेश जारी गर्नु अघि सफाई पेश गर्ने मनासिव मौकाबाट सम्वन्धित उजूरवाला मूल प्रशिक्षकलाई बञ्चित गरिने छैन ।

३७. **मुल प्रशिक्षकलाई कारवाही गर्न सकिने :**

(१) कुनै मूल प्रशिक्षकले पंजिकृत प्रशिक्षार्थीसंग नियम २४ को उपनियम (२) बमोजिम गरेको सम्झौता पालना नगरेको वा यस नियमावलीमा

लेखिए बमोजिम मूल प्रशिक्षकले पालना गर्नुपर्ने आचरण पालना नगरेको वा अमर्यादित वा बदनीयत पूर्ण व्यवहार गरेको कारण देखिई कुनै पंजिकृत प्रशिक्षार्थीले संस्थामा उजूरी दिएमा परिषद्ले सो सम्वन्धमा आवश्यक जाँचबुझ गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा मूल प्रशिक्षकले त्यस्तो सम्झौता पालना नगरेको वा निजको आचरण यस नियमावली बमोजिम नभएको वा निजले अमर्यादित आचरण वा बदनीयतपुर्ण व्यवहार गरेको देखिएमा त्यस्तो मुल प्रशिक्षकलाई परिषद्ले सचेत गराउने वा नियम २५ को उपनियम (१) बमोजिम राख्न पाउने अधिकतम संख्याको पंजिकृत प्रशिक्षार्थी मध्ये पूरा हुन बाँकी संख्या रहेको ६ महिना देखि एक वर्षसम्म पुरा नगर्न/नगराउन आदेश दिन सक्नेछ र त्यस्तो आदेश पालना गर्नु सम्बन्धित मूल प्रशिक्षकको कर्तव्य हुनेछ ।

तर त्यस्तो कारवाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा उजुरी आधारहीन वा बदनीयतपूर्ण ठहरिएमा त्यस्तो उजूरी गर्ने पंजिकृत प्रशिक्षार्थीको नाम दर्ता रद्द गर्ने वा निजले ५ महिना देखि एक वर्षसम्म थप पंजिकृत प्रशिक्षण सेवा गर्नु पर्ने परिषद्ले आदेश जारी गर्न सक्नेछ ।

तर त्यसरी कारवाही गर्नु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम उजूरी दिने पंजिकृत प्रशिक्षार्थी निजको मुल प्रशिक्षकसंग पंजिकृत प्रशिक्षार्थीको रुपमा रहन नचाहेमा नियम २६ बमोजिम अतिरिक्त प्रशिक्षार्थीको रुपमा अन्य कुनै मूल प्रशिक्षकसंग पंजिकृत प्रशिक्षणमा रहन सक्नेछ ।

■३८. **पंजिकृत प्रशिक्षण सेवामा प्रशिक्षार्थी राख्न नसकिने :**

......

३९. **प्रशिक्षार्थीबाट आर्थिक लाभ लिन नहुने :**

मूल प्रशिक्षकले प्रशिक्षण सेवामा रहेका पंजिकृत प्रशिक्षार्थीबाट कुनै किसिमको शुल्क, चन्दा, दस्तुर, ऋण, धरौटी वा अन्य कुनै किसिमको आर्थिक लाभ वा सुविधा प्राप्त गर्नु हुंदैन ।

## परिच्छेद-४

## सदस्यता सम्वन्धी व्यवस्था

४०. **चार्टर्ड एकाउन्टेन्ट सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने :**

देहायको योग्यता पुगेको व्यक्तिले ऐनको दफा १६ को उपदफा (१) को खण्ड (क) बमोजिम चार्टर्ड एकाउन्टेन्ट सदस्यताको लागि आफ्नो नाम दर्ता गराउन अनुसूची - ४ मा तोकिएको शुल्क सहित अनुसूची - २१ बमोजिमको ढाँचामा संस्थामा निवेदन दिनु पर्नेछ :

(क) चार्टर्ड एकाउन्टेन्ट अन्तिम तहको परीक्षा उत्तीर्ण गरी नियम २४ बमोजिमको पंजिकृत प्रशिक्षण पूरा गरेको,

(ख) विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको योग्यता प्राप्त गरेको भए त्यस्तो संस्थाको सदस्यता प्राप्त गरी पेशागत प्रमाणपत्र प्राप्त गरेको ।

४१. **परीक्षा दिनु पर्ने :**

(१) नियम ४० मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको योग्यता प्राप्त गरेको

■ *दशौं संशोधनद्धारा संशोधित*

व्यक्तिले सो नियम बमोजिम निवेदन दिनु अघि सो प्रयोजनका लागि संस्थाबाट लिइने परीक्षा उत्तीर्ण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परीक्षामा सामेल हुनका लागि अनुसूची - ४ मा तोकिएको शुल्क सहित अनुसूची - २२ बमोजिमको ढांचामा संस्थामा निवेदन दिनु पर्नेछ ।

(३) नियम (२) बमोजिम निवेदन दिदा आफूले अध्ययन गरी उत्तीर्ण गरेको विषयको विवरण र सोको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम संस्थाबाट परीक्षा लिंदा देहाय विषयमा लिनु पर्नेछः

(क) नेपालको बाणिज्य कानून

(ख) नेपालको कर प्रणाली र प्रत्यक्ष र अप्रत्यक्ष कर सम्वन्धी व्यवस्था,

(ग) निवेदकले अध्ययन गरिसकेका विषयहरुमध्ये नेपालमा लेखाव्यवसाय गर्न अपर्याप्त हुने भनी परिषद्ले ठहर गरेको अन्य कुनै विषय ।

(५) उपनियम (४) को खण्ड (ग) बमोजिम परिषद्ले ठहर गरेको विषयको सम्बन्धमा परीक्षा हुनु भन्दा कम्तिमा दुई महीना अगावै जानकारी गराउनु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम परीक्षा दिनु पर्ने विषयको पाठयक्रम, परीक्षाको माध्यम, परीक्षामा उत्तीर्ण हुन चाहिने न्यूनतम प्राप्ताङ्क तथा परीक्षा सम्बन्धी अन्य कुराहरु चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षा सरह हुनेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लेखाव्यवसायी संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त व्यक्ति भए निजले हासिल गरेको प्रशिक्षण अवधि तीन वर्ष भन्दा कम रहेछ भने कम भएको अबधिसम्म त्यस्तो प्रमाणपत्र पाएको व्यक्तिले नियम ४० बमोजिम निवेदन दिनु अघि यस नियमावली बमोजिम पंजिकृत प्रशिक्षण लिनु पर्नेछ ।

**+४१ क. इन्टर्नसीप पुरा गर्नुपर्ने :**

(१) बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेका व्यक्तिले संस्थाको सदस्यता वा पेशागत प्रमाणपत्र प्राप्त गर्नको लागि परिषद्ले तोके बमोजिम इन्टर्नसीप पुरा गर्नुपर्नेछ।

(२) इन्टर्नसीप सम्बन्धी कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ।

## ४२. फेलो चार्टर्ड एकाउन्टेन्ट सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्ने :

फेलो चार्टर्ड एकाउन्टेन्ट (एफ.सि.ए) सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले अनुसूची - ४ मा तोकिएको शुल्क सहित अनुसूची - २३ बमोजिमको ढाँचामा संस्थामा निवेदन दिनु पर्नेछ।

## ४३. निवेदन उपर कारवाही गर्न विवरण माग गर्न सक्ने :

(१) नियम ४० वा ४२ बमोजिम संस्थामा दिएको निवेदन उपर परिषद्ले साधारणतया तीस दिन भित्र जाँचबुझ गरी कारवाही गरी सक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कारवाही गर्दा कुनै निवेदकका सम्बन्धमा कुनै कागजात वा विवरण आवश्यक भएमा त्यस्तो कागजात वा विवरण सम्वन्धित निवेदकबाट माग गर्न सक्नेछ र त्यसरी माग भएकोमा निवेदकले त्यस्तो कागजात वा विवरण यथाशिघ्र संस्थालाई उपलब्ध गराउनु पर्नेछ।

(३) नियम ४० वा ४२ बमोजिम परेको निवेदन उपर उपनियम (१) बमोजिम कारवाही गर्दा कुनै कारणले सो उपनियम बमोजिमको अवधि भित्र सदस्यता दिने वा नदिने सम्वन्धमा टुंगो लगाउन नसकिने भएमा वा सदस्यता दिन उपयुक्त नहुने भएमा संस्थाले सोको कारण खुलाई निवेदकलाई जानकारी गराउनु पर्नेछ।

+ *पांचौ संशोधनद्वारा थप*

## ४४. नाम दर्ता गरी प्रमाणपत्र दिनुपर्ने :

(१) नियम ४० बमोजिम निवेदन दिने व्यक्ति संस्थाको सदस्य हुन योग्य देखिएमा निजको नाम अनुसूची - २४ बमोजिमको ढाँचामा संस्थाले खडा गरेको संस्थाका सदस्यको दर्ता कितावमा दर्ता गरी निजलाई अनुसूची - २५ बमोजिमको ढाँचामा सोको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) नियम ४२ बमोजिम निवेदन दिने व्यक्ति संस्थाको फेलो चार्टर्ड एकाउन्टेन्ट सदस्य हुन उपयुक्त देखिएमा अनुसूची - २६ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

## ४५. सदस्यको पदनाम :

(१) संस्थाको सदस्यता प्राप्त गरेका देहायका सदस्यहरुले आफ्नो नाम पछाडि देहायको पदनाम लेख्न र प्रयोग गर्न सक्ने छ :

| | |
|---|---|
| (क) फेलो चार्टर्ड एकाउन्टेन्ट | एफ.सि.ए |
| (ख) चार्टर्ड एकाउन्टेन्ट | सि.ए |
| (ग) दर्तावाला लेखापरीक्षक | आर.ए |

(२) उपनियम (१) बमोजिमको पदनाम लेख्दा वा प्रयोग गर्दा पेशागत प्रमाणपत्र पाएको दर्तावाला लेखापरीक्षक भए त्यस्तो पदनाम पछाडि कोष्ट भित्र निजले प्राप्त गरेको प्रमाणपत्रको वर्ग समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको पदनाम लेख्न वा प्रयोग गर्न पाउने व्यक्तिले कुनै विदेशी लेखाव्यवसायी संस्थाको सदस्यता प्राप्त गरेको भए त्यस्तो संस्थावाट प्राप्त पदनाम आफ्नो शैक्षिक योग्यताको साथमा समेत लेख्न सक्नेछ ।

(४) उपनियम (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सदस्यले आफूले प्रयोग गरेको व्यावसायिक कागजात वा लेखाव्यवसायी संस्थाको साइनबोर्डमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था वा अन्य कुनै पेशागत वा व्यावसायिक संस्थाको सदस्य भनी उल्लेख गर्न सकिने छैन ।

(५) ऐन तथा यस नियमावली बमोजिम लेखाव्यवसाय संचालन गर्ने सदस्य वा लेखाव्यवसायी वा त्यस्तो व्यवसाय संचालन गर्ने संस्थाको पदनाम देहाय बमोजिम हुनेछ :

(क) चार्टर्ड एकाउन्टेन्ट वा फेलो चार्टर्ड एकाउन्टेन्ट - चार्टर्ड एकाउन्टेन्ट

(ख) चार्टर्ड एकाउन्टेन्ट वा फेलो चार्टर्ड एकाउन्टेन्टहरुको लेखाव्यवसायी संस्था - चार्टर्ड एकाउन्टेन्ट्स

(ग) दर्तावाला लेखापरीक्षक - दर्तावाला लेखापरीक्षक वा रजिष्टर्ड अडिटर

(घ) दर्तावाला लेखापरीक्षकहरुको लेखाव्यवसायी संस्था-दर्तावाला लेखापरीक्षक वा रजिष्टर्ड अडिटर्स

(६) लेखाव्यवसाय संचालन गर्ने सदस्य वा लेखाव्यवसाय संचालन गर्ने संस्थाले उपनियम (५) मा लेखिए बाहेकको पदनाम वा सोसंग सम्वन्धित वा सोको सट्टामा अर्को कुनै पदनाम प्रयोग गर्न सक्ने छैन ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लेखाव्यवसाय संचालन गर्ने सदस्य वा लेखाव्यवसायी संस्थाले कुनै विदेशी लेखाव्यवसायी संस्थासंग सम्झौता गरी वा सोको स्वीकृति लिई लेखाव्यवसाय संचालन गरेको रहेछ भने त्यस्तो लेखाव्यवसायी वा संस्थाले परिषद्को पूर्व स्वीकृति लिई त्यस्तो व्यवसायी वा संस्थाको सम्वन्ध झल्किने आवश्यक शव्द वा वाक्यांश प्रयोग गर्न सक्नेछ ।

४६. **<u>वार्षिक सदस्यता शुल्क भुक्तानी गर्नु पर्ने :</u>**

¤(१) प्रत्येक सदस्यले आर्थिक बर्ष प्रारम्भ भएको मितिले साठी दिन भित्र परिषद्ले समय समयमा तोके बमोजिमको बार्षिक सदस्यता शुल्क संस्थालाई बुझाई नियम ५५ को उपनियम(१) बमोजिमको समयभार (क्रेडिट आवर) बराबरको अनवरत व्यवसायिक शिक्षा पुरा गरि आफनो सदस्यता अद्यावधिक गर्नुपर्नेछ ।

¤ *चौथो संशोधनद्धारा संशोधित*

¤(२) उपनियम (१) बमोजिमको अवधि भित्र कुनै सदस्यले आफ्नो सदस्यता अद्यावधिक गर्न नसकेमा सो उपनियम बमोजिम अवधि भुक्तान भएको मितिले साठी दिन भित्र निर्धारित शुल्कमा १५ प्रतिशत अतिरिक्त शुल्क र सो अवधि भित्र पनि आफ्नो सदस्यता अद्यावधिक गर्न नसकेमा त्यसपछिको ६० दिन भित्र निर्धारित शुल्कमा पच्चीस प्रतिशत अतिरिक्त शुल्क सहित सदस्यता शुल्क संस्थालाई बुझाउनु पर्नेछ ।

¤(३) उपनियम (२) बमोजिमको अवधि भित्र बार्षिक सदस्यता शुल्क भुक्तान नगर्ने र नियम ५५ को उपनियम (१) को समयभार (क्रेडिट आवर) बराबरको अनवरत व्यवसायिक शिक्षा पुरा नगर्ने सदस्यको सदस्यता स्वतः रद्द हुनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले अग्रीम रुपमा बार्षिक सदस्यता शुल्क बुझाउन चाहेमा जतिसुकै वर्षको पनि अग्रिम रुपमा बुझाउन सकिने छ ।

तर त्यसरी बार्षिक सदस्यता शुल्क अग्रीम रुपमा बुझाई सके पछि त्यस्तो शुल्क दरमा हेरफेर भएमा सोही बमोजिम बुझाई सकिएको शुल्क रकममा समायोजन गरिनेछ ।

## ४७. दर्ता किताबबाट नाम हटाउने :

(१) देहायको अवस्थामा परिषद्ले कुनै सदस्यको नाम सदस्यता दर्ता किताबबाट हटाउन सक्नेछ :

(क) ऐनको दफा १४ को उपदफा ५ को खण्ड (ख) वा (घ) बमोजिम कुनै सदस्यलाई सदस्यताबाट हटाउने वा त्यस्तो सदस्यको पेशागत प्रमाणपत्र वा सदस्यताको प्रमाणपत्र रद्द गर्ने सजाय भएमा,

(ख) ऐनको दफा १८ बमोजिम सदस्यको रुपमा दरिन योग्य नभएमा,

(ग) ऐनको दफा २२ को उपदफा (१) को खण्ड (ख) बमोजिम शुल्क नबुझाएमा,

(घ) ऐनको दफा २३ बमोजिम सदस्यको सदस्यता दर्ता प्रमाणपत्र वा पेशागत प्रमाणपत्र रद्द भएमा, वा

(ङ) नियम ४६ को उपनियम (३) बमोजिम सदस्यता रद्द भएमा ।

(२) उपनियम (१) बमोजिम कुनै सदस्यको दर्ता किताबबाट नाम हटाउनु परेमा परिषद्ले निर्धारण गरेको मिति देखि लागु हुने गरी हटाउने छ ।

(३) उपनियम (२) बमोजिम नाम हटाउँदा सोको सूचना सम्वन्धित व्यक्तिलाई निजले सदस्यको हैसियतमा संस्थालाई दिएको ठेगानामा पठाउनु पर्नेछ र सार्वजनिक रुपमा पनि प्रकाशन गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम सदस्यता दर्ता किताबबाट नाम हटेको सदस्यले पेशागत प्रमाणपत्र लिएको रहेछ भने त्यस्तो प्रमाणपत्र त्यसरी नाम हटाईएको मिति देखि नै स्वतः रद्द भएको मानिनेछ ।

४८. **<u>सदस्यता पूनः दर्ता गर्न सकिने :</u>**

¤ नियम ४६ को उपनियम (३) बमोजिम सदस्यता रद्द भएको कारणबाट सदस्यता दर्ता किताबबाट नाम हटाइएको व्यक्तिले आफ्नो सदस्यता पूनः दर्ता गराउन चाहेमा निजले नियम ५५ को उपनियम (१) बमोजिम समयभार (क्रेडिट आवर) बराबरको अनवरत व्यवसायिक शिक्षा पुरा गरि बार्षिक सदस्यता शुल्क नबुझाएको प्रत्येक बर्षका लागि परिषद्ले निर्धारण गरेको बार्षिक सदस्यता शुल्कमा चालीस प्रतिशत अतिरिक्त शुल्क सहित अनुसूचि २७ बमोजिमको ढाँचामा संस्था समक्ष निवेदन दिन सक्नेछ र यसरी निवेदन प्राप्त भएमा निजको नाम सदस्यता दर्ता किताबमा पूनः दर्ता हुनेछ ।

तर कुनै सदस्यले नियम ५५ को उपनियम (१) बमोजिमको समयभार (क्रेडिट आवर) बराबरको अनवरत व्यवसायिक शिक्षा पुरा नगरेकै कारणले बार्षिक सदस्यता शुल्क बुझाउन बाधा पर्ने छैन तर सदस्यता भने निर्धारण गरिएको समयभार (क्रेडिट आवर) बराबरको अनवरत व्यवसायिक शिक्षा पुरा गरेपछि मात्र अद्यावधिक हुनेछ । सदस्यता शुल्कः बुझाएका तर निर्धारण गरिएको समयभार (क्रेडिट आवर) बराबरको अनवरत व्यवसायिक शिक्षा पुरा नगरेका सदस्यहरुले नियम

---

¤ *चौथो संशोधनद्वारा संशोधित*

४६ को उपनियम (२) तथा नियम ४८ बमोजिमको अतिरिक्त शुल्क बुझाउनु पर्ने छैन । यसरी निर्धारण गरिएको समयभार (क्रेडिट आवर) पुरा नगरेको कारणले सदस्यता अद्यावधिक नभएका सदस्यले जुन आर्थिक वर्षमा अद्यावधिक गर्ने हो सोही आर्थिक वर्षमा निर्धारण गरिएको समयभार (क्रेडिट आवर) मात्र पुरा गरे हुनेछ ।

## परिच्छेद–५

## पेशागत प्रमाणपत्र सम्वन्धी व्यवस्था

४९. **पेशागत प्रमाणपत्र प्राप्त गर्न निवेदन दिनुपर्ने :**

(१) कुनै सदस्यले पेशागत प्रमाणपत्र प्राप्त गर्न चाहेमा अनुसूची - ४ मा तोकिएको शुल्क सहित अनुसूची - २८ को ढाँचामा संस्थामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा सो उपर आवश्यक जाँचबुझ गरी पेशागत प्रमाणपत्र दिन मनासिव देखिएमा परिषद्‌ले देहायको सदस्यलाई देहाय बमोजिमको ढाँचामा पेशागत प्रमाणपत्र दिनेछ :

(क) चार्टर्ड एकाउन्टेन्ट श्रेणीको सदस्यता प्राप्त सदस्य भए अनुसूची - २९ को ढांचामा

(ख) दर्तावाला लेखापरीक्षकको सदस्यता प्राप्त सदस्य भए अनुसूची - ३० को ढाँचामा

♠(३)(क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवारत सदस्यको पेशागत प्रमाणपत्र स्थगन हुनेछ ।

(ख) यो नियम लागु हुनु पूर्व नियम ४९ को उपनियम (२) को खण्ड (ख) बमोजिम पेशागत प्रमाणपत्र प्राप्त गरेका सेवारत सदस्यहरुको पेशागत प्रमाणपत्र नवीकरण गरिने छैन ।

---

*♠ दोश्रो संशोधनद्वारा थप, * तेश्रो संशोधनद्वारा थप*

♠(४) पेशागत प्रमाणपत्र प्राप्त गर्न चाहने सदस्यले नियम ४९ को उपनियम (१) बमोजिमको निवेदनमा निज सेवारत सदस्य नभएको व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

*(५) उपनियम (२) अनुसार पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुले मात्र लेखापरीक्षण तथा प्रमाणीकरण सेवा गर्न पाउनेछ । तर पूर्णकालिन सेवारत सदस्यहरुको हकमा निजले आफनो पदीय दायित्व निर्वाह गर्ने क्रममा सेवासँग सम्बन्धित कार्यको प्रमाणिकरण कार्य गर्न बाधा पर्ने छैन ।

५०. **पेशागत प्रमाणपत्रको बहाली र नवीकरण :**

(१) पेशागत प्रमाणपत्र जुन आर्थिक वर्षमा जारी भएको हो सोही आर्थिक वर्षको अन्त्य सम्म बहाल रहनेछ ।

(२) कुनै सदस्यले पेशागत प्रमाणपत्र नवीकरण गर्न चाहेमा उपनियम (१) बमोजिमको बहाल अवधि अन्त्य भएको मितिले साठी दिन भित्र परिषद्ले समय समयमा तोकेको नवीकरण शुल्क बुझाई संस्थाबाट नवीकरण गराउन सक्नेछ ।

(३) कुनै सदस्यले उपनियम (२) बमोजिमको अवधि भित्र नवीकरण गराउन नसकेमा सो उपनियममा उल्लेख भएको अवधि समाप्त भएको मितिले साठी दिन भित्र निर्धारित शुल्कमा पन्ध्र प्रतिशत अतिरिक्त शुल्क र सो अवधिभित्र पनि नवीकरण गराउन नसकेमा त्यस पछिको साठी दिन भित्र निर्धारित शुल्कमा पच्चीस प्रतिशत अतिरिक्त शुल्क बुझाई नवीकरण गराउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराएको पेशागत प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(५) यस नियम बमोजिम नवीकरण गराएको पेशागत प्रमाणपत्रको बहाल अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ ।

♥(६) यस नियमका अन्य उपनियममा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि पेशागत प्रमाणपत्र नविकरण गराउनको लागि नियम ५५ उपनियम (१) बमोजिम समयभार (क्रेडिट आवर) बराबरको अनवरत व्यवसायिक शिक्षा पुरा गरेको हुनु पर्नेछ ।

## ५१. <u>पेशागत प्रमाणपत्र रद्द हुने :</u>

नियम ५० को उपनियम (४) को अतिरिक्त देहायको अवस्थामा पेशागत प्रमाणपत्र रद्द हुनेछ :

(क) झूठा विवरण पेश गरी पेशागत प्रमाणपत्र लिएको प्रमाणित भएमा, वा

(ख) सदस्यको नाम दर्ता कितावबाट हटाइएमा

♠(ग) नियम ५२ को उपनियम (३) बमोजिम गैर लेखाव्यवसायिक पेशा गरेको प्रमाणित भएमा ।

## ५२. <u>पेशागत प्रमाणपत्र स्थगन गर्न सकिने :</u>

(१) देहायको अवस्थामा पेशागत प्रमाणपत्र स्थगन रहनेछ :

(क) ऐनको दफा १४ को उपदफा (५) का खण्ड (ग) बमोजिम कुनै खास अवधिको लागि कुनै सदस्यले लेखा व्यवसाय गर्न नपाउने गरी परिषद्ले रोक लगाएमा,

(ख) कुनै सदस्यले कारण खुलाई कुनै निश्चित अवधिको लागि प्रमाणपत्र स्थगन गर्न परिषद्लाई अनुरोध गरेमा, वा

(ग) नियम ५५ बमोजिमको समयभार (क्रेडिट आवर) बरावरको अनवरत व्यावसायिक शिक्षा पुरा नगरेमा ।

+(घ) दर्तावाला लेखापरीक्षक सदस्य चार्टर्ड एकाउन्टेन्सी शिक्षामा दर्ता भएमा नियमानुसार सम्पन्न गर्नुपर्ने पंजिकृत प्रशिक्षण अवधि भर ।

---

♥ *चौथो संशोधनद्धारा थप*

♠ *दोश्रो संशोधनद्धारा थप*

\+ *पांचौं संशोधनद्धारा थप*

(२) उपनियम (१) बमोजिम स्थगन रहेको पेशागत प्रमाणपत्र फुकुवा गर्न चाहने कुनै सदस्यले नवीकरण दस्तुर सहित फुकुवा गरी पाउन संस्थामा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन प्राप्त भएमा संस्थाले फुकुवा गर्नेछ । तर स्थगन रहेको अवधिको नवीकरण दस्तुर लाग्ने छैन ।

❖(३) पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एकै समयमा गैर लेखाव्यवसायीक सेवा वा पेशा गर्नु हुंदैन । पेशागत प्रमाणपत्र प्राप्त सदस्यले लेखाव्यवसाय बाहेक अन्य कुनै पेशा व्यवसाय गर्ने भएमा अन्य पेशा व्यवसाय गर्नु भन्दा कम्तीमा सात दिन अगावै सो अवधिभर आफ्नो पेशागत प्रमाणपत्र स्थगन गराउन निवेदन दिनु पर्नेछ ।

### ⊕५२ क. लेखापरीक्षण गर्न पाउने:

₸(१) नियम (१) को उपनियम (२) को प्रतिवन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भएतापनि सेवारत दर्तावाला लेखापरीक्षक सदस्यहरुले २०८० साल असार मसान्तसम्म देहाय बाहेकका निकायहरुको लेखापरीक्षण गर्न पाउनेछन् ।

क) सबै पव्लिक कम्पनीहरु तथा १ करोड भन्दा बढि रकमका प्राईभेट कम्पनीहरु

ख) २ करोड भन्दा बढी रकमका प्राईभेट कम्पनीको रुपमा स्थापित शैक्षिक संस्थाहरु

ग) ग्रामिण क्षेत्र बाहेकका कर लाग्ने ३ करोड भन्दा बढि रकमका बचत तथा ऋण सहकारी संस्थाहरु, र

घ) २ करोड भन्दा बढि रकमका निजी तथा साझेदारी फर्महरु, उद्योगहरु

स्पष्टिकरण: यस नियमको प्रयोजनको लागि रकम भन्नाले नियम ५३ को स्पष्टिकरणमा उल्लेखित रकमलाई सम्झनु पर्दछ ।

---

❖ *दोस्रो संशोधनद्धारा संशोधित*

⊕ *नवौं संशोधनद्धारा संशोधित*

₸ *बाह्रौं संशोधनद्धारा संशोधित*

**¤५३ लेखापरीक्षण गर्न पाउने हद :**

१. लेखापरीक्षण गर्न पाउने हद : ऐनको दफा ३० को प्रयोजनका लागि पेशागत प्रमाणपत्र प्राप्त गरेका सदस्यलाई देहाय बमोजिम बर्गीकरण गरिएको छ र त्यसरी वर्गीकृत भएका पेशागत प्रमाणपत्र प्राप्त गरेका सदस्यले परिषद्ले तोकेको आचार संहिताको अधीनमा रही देहाय बमोजिमको हदसम्म लेखा परीक्षण गर्न सक्नेछ :

क) "क" बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले जतिसुकै रकम पनि

ख) "ख" बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले ⊠१ (एक) अर्ब २० (बीस) करोड रुपैया रकम सम्म

ग) "ग" बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले ⊠३० (तीस) करोड रुपैया रकम सम्म

घ) "घ" बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले ⊠६ (छ) करोड रुपैया रकम सम्म

φ२. यस नियम बमोजिमको लेखापरीक्षण गर्न पाउने हद रकम परिषद्ले हरेक ३ वर्षमा नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको थोक मूल्य सूची ***(Wholesale Price Index)*** को आधारमा हेरफेर गर्नेछ र यसरी हेरफेर गर्दा सोही वर्षको साउन १ गतेदेखि लागू हुने गरि गर्नु पर्नेछ ।

**♣५३क लेखाप्राविधिज्ञको लेखापरीक्षण गर्न पाउने सम्बन्धमा बिशेष व्यवस्था :**

यो नियम प्रारम्भ हुँदाका वखत लेखा प्राविधिज्ञको अनुमति पत्र प्राप्त गरेका व्यक्ति तथा लेखा प्राविधिज्ञको शिक्षा उत्तिर्ण भईसकेका व्यक्ति वा लेखा प्राविधिज्ञ शिक्षामा दर्ता भई तोकिएको अवधिभित्र लेखा प्राविधिज्ञ शिक्षा उतिर्ण हुने व्यक्तिले लेखा प्राविधिज्ञको अनुमति पत्र

*▽ छैठौं संशोधनद्धारा संशोधित*

*¤ चौथो संशोधनद्धारा संशोधित*

*φ सातौं संशोधनद्धारा संशोधित*

*♣ पांचौं संशोधनद्धारा संशोधित*

*⊠ परिषदको २५८औं बैठकको निर्णयबाट हेरफेर गरिएको*

प्राप्त गरि परिषद्ले तोकेको आचार संहिताको अधिनमा रही ✩ रु २० (बीस) करोड रुपैयाँ रकमको हदसम्म लेखापरीक्षण गर्न सक्नेछ ।

**स्पष्टीकरण:**

नियम ५२क, ५३ तथा नियम ५३क को प्रयोजनको लागि रकम भन्नाले वासलातमा उल्लेख भएको जायजेथा वा दायित्वको रकम सम्झनु पर्छ र सो शव्दले वासलात तयार नगर्ने संस्थाको हकमा नाफा नोक्सान वा आम्दानी वा खर्चको कुल अंकमा उल्लेखित रकम समेतलाई जनाउँनेछ ।

## ५४. पेशागत प्रमाणपत्रको बर्ग वृद्धि हुनसक्ने :

(१) "ग" वर्गको पेशागत प्रमाणपत्र प्राप्त गरेको दर्तावाला लेखापरीक्षकले "ख" वर्गको दर्तावाला लेखापरीक्षकको मा र "घ" वर्गको पेशागत प्रमाणपत्र प्राप्त गरेको दर्तावाला लेखापरीक्षकको "ग" वर्गको दर्तावाला लेखापरीक्षकको पेशागत प्रमाणपत्रको वर्गमा वृद्धि हुनसक्नेछ ।

(२) उपनियम (१) बमोजिम बर्ग वृद्धि गर्दा देहायको अवस्थामा दर्तावाला लेखापरीक्षक सदस्यले प्राप्त गरेको "ग" वर्गको पेशागत प्रमाणपत्रलाई "ख" वर्गको पेशागत प्रमाणपत्रमा वर्ग वृद्धि गर्न सकिनेछ :

(क) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा कम्तिमा स्नातक भई वा लेखा मुख्य विषय लिई जनप्रशासन विषयमा वा अर्थशास्त्र, तथ्याङ्क शास्त्र वा गणित विषयमा कम्तिमा स्नातकोत्तर भई नेपाल अधिराज्यभित्र दर्ता भएको वार्षिक एक करोड भन्दा बढी कारोबार भएको निकायको पछिल्ला दश वर्षको अवधिमा कम्तिमा पाँच आर्थिक वर्षमा लेखापरीक्षण वा आन्तरिक लेखापरीक्षण गरेको,

(ख) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा कम्तिमा स्नातक भई वा लेखा मुख्य विषय लिई जनप्रशासन विषयमा वा अर्थशास्त्र, तथ्याङ्क, शास्त्र वा गणित विषयमा कम्तिमा स्नातकोत्तर

---

✩ आठौं संशोधनद्वारा संशोधित

भई कुनै चार्टर्ड एकाउन्टेन्ट धनी रहेको लेखाव्यवसायी संस्थामा पाँच वर्ष सम्म संलग्न रही लेखाव्यवसायको काम गरेको, वा

(ग) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा कम्तिमा स्नातक भई वा लेखा मुख्य विषय लिई जनप्रशासन विषयमा वा अर्थशास्त्र, तथ्याङ्क शास्त्र वा गणित विषयमा कम्तिमा स्नातकोत्तर भई संस्थाले संचालन गरेको “ख” वर्गको वर्गोन्नति परीक्षा उत्तीर्ण गरेको ।

(३) उपनियम (१) बमोजिम बर्ग वृद्धि गर्दा देहायको अवस्थामा दर्तावाला लेखापरीक्षक सदस्यले प्राप्त गरेको “घ” वर्गको पेशागत प्रमाणपत्रलाई “ग” वर्गको पेशागत प्रमाणपत्रमा वृद्धि गर्न सकिनेछ :

(क) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा वा गणित वा अर्थशास्त्र, तथ्याङ्क शास्त्र विषय लिई स्नातकोपाधि हासिल गरी नेपाल अधिराज्यमा दर्ता भई बार्षिक पन्ध्र लाख रुपैया भन्दा बढी कारोवार भएको निकायको पछिल्ला दश वर्षको अवधिमा कम्तिमा पाँच आर्थिक वर्षमा लेखापरीक्षण वा आन्तरिक लेखापरीक्षण गरेको,

(ख) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा वा गणित वा अर्थशास्त्र, तथ्याङ्क शास्त्र विषय लिई स्नातकोपाधि हासिल गरी कुनै चार्टर्ड एकाउन्टेन्ट धनी रहेको लेखाव्यवसायी संस्थामा पाँच वर्ष सम्म संलग्न रही लेखाव्यवसायको काम गरेको, वा

(ग) वाणिज्यशास्त्र, व्यापार प्रशासन वा व्यवस्थापन विषयमा वा गणित वा अर्थशास्त्र, तथ्याङ्क शास्त्र विषय लिई स्नातकोपाधि हासिल गरी संस्थाले संचालन गरेको “ग” वर्गको वर्गोन्नति परीक्षा उत्तीर्ण गरेको ।

(४) उपनियम (२) को खण्ड (ग) वा उपनियम (३) को खण्ड (ग) बमोजिमको परीक्षा संचालन गर्दा प्रत्येक विषयको १०० (एक सय) अंक पूर्णाङ्क रहने गरी देहायको विषयमा संचालन गरिनेछ :

(क) नेपालको प्रत्यक्ष वा अप्रत्यक्ष कर प्रणाली,
(ख) नेपालको वाणिज्य कानून,
(ग) लेखा तथा लेखामान,
(घ) लेखापरीक्षण तथा लेखापरीक्षण मान ।

(५) उपनियम (२) वा (३) बमोजिमको योग्यता पुगेको व्यक्तिले “ग” वर्ग वा “घ” वर्गको दर्तावाला लेखापरीक्षकको पेशागत प्रमाणपत्र वर्गोन्नति गरी पाउन अनुसूची - ४ मा उल्लेखित शुल्क सहित अनुसूची - ३१ बमोजिमको ढाँचामा संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको निवेदन जाँचबुझ गर्दा माग बमोजिम पेशागत प्रमाणपत्रको बर्गोन्नति गर्न परिषद्ले उचित ठहराएमा सोही बमोजिम बर्गोन्नति गर्न सकिनेछ ।

(७) वर्ग वृद्धि सम्वन्धी अन्य प्रकृया वर्ग वृद्धि कार्यविधी अनुसार हुनेछ ।

♣(८) नियम ५४(३) मा जुनसुकै कुरा लेखिएको भएता पनि वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा ब्यापार प्रशासनमा स्नातक उत्तीर्ण गरी सकेका “घ” बर्गका पेशागत प्रमाणपत्र प्राप्त दर्तावाला लेखापरीक्षहरुलाई समयावधी तोकी निवेदन आव्हान गरी “ग” वर्गको पेशागत प्रमाणपत्रको वर्गमा बृद्धि गर्न सक्नेछ ।

५५. अनवरत व्यावसायिक शिक्षा कार्यक्रम :

¤(१) प्रत्येक सदस्यले व्यवसायिक दक्षता अभिबृद्धिको निमित्त परिषद्ले तोके बमोजिमको समयभार (क्रेडिट आवर्स) को अनबरत व्यवसायिक शिक्षा कार्यक्रम (कन्टिन्युड प्रोशेशनल इजुकेशन प्रोग्राम) पुरा गर्नु पर्नेछ ।

---

*♣ पांचौं संशोधनद्धारा संशोधित*
*¤ चौथो संशोधनद्धारा संशोधित*

(२) उपनियम (१) मा उल्लेख भएको कार्यक्रमको कार्यविधी परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस नियम बमोजिम संचालन हुने अनवरत व्यावसायिक शिक्षा कार्यक्रम परिषद्ले तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

५६. **गैर नेपाली नागरिकले लेखाव्यवसाय संचालन गर्न सक्ने :**

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली बमोजिम योग्यता पुगेको कुनै विदेशी नागरिकले नेपाल अधिराज्य भित्र लेखाव्यवसाय संचालन गर्दा कुनै नेपाली नागरिकसंग साझेदारी फर्म दर्ता गराई गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विदेशी साझेदार भएको लेखाव्यवसायी संस्थाले गर्न पाउने लेखाव्यवसायको प्रकृति, क्षेत्र र सीमा आदि परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गरी लेखाव्यवसाय संचालन गरेको विदेशी नागरिकले यो नियमावली प्रारम्भ भएको दुई वर्षभित्र उपनियम (१) बमोजिमको साझेदारी फर्म दर्ता गराउनु पर्नेछ ।

◢(४)यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि गैर नेपाली नागरिक सदस्यले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ तथा प्रचलित कानूनमा बंदेज गरिएका व्यवसाय गर्न पाइने छैन ।

---

◢ *दशौं संशोधनद्वारा संशोधित*

# परिच्छेद – ६

## लेखाव्यवसायी संस्था (फर्म) सम्वन्धी व्यवस्था

### ५७. लेखाव्यवसायी संस्थाको दर्ता गराउनु पर्ने :

(१) लेखाव्यवसाय संचालन गर्ने सदस्यले एकल (सोल प्रोप्राइटरशीप) वा आफ्नो श्रेणी वा वर्गका एक भन्दा बढी सदस्यहरु साझेदार भई साझेदारी फर्म दर्ता गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम एकल वा साझेदारी फर्म दर्ता गराउन परिषद्ले समय समयमा तोकेको शुल्क र साझेदारहरु बीच भएको साझेदारी सहमति पत्रको प्रतिलिपी सहित अनुसूची ३२ को ढाँचामा संस्थामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम साझेदारहरु बीच भएको सहमतिपत्र (पार्टनरशीप डिड) मा अन्य कुराको अतिरिक्त देहायको विषयहरु उल्लेख भएको हुनु पर्नेछ :

(क) प्रत्येक साझेदारले लिएको शेयर संख्या,

(ख) नयाँ साझेदार भित्रिने वा साझेदारले साझेदारी छोडने कार्यविधी,

(ग) साझेदारी भंग हुने व्यवस्था,

(घ) साझेदारी भंग हुँदा फर्मको नाम कायम राख्ने वा नराख्ने सो व्यवस्था,

(ङ) साझेदारी भंग हुँदा व्यवसाय, सम्पत्ति र दायित्वको बांडफाड,

(च) साझेदारीबाट अलग हुने साझेदारको दायित्व सम्वन्धी व्यवस्था ।

### ५८. लेखाव्यवसायी संस्थाको नाम :

(१) नियम ५७ बमोजिम लेखाव्यवसायी संस्था दर्ता गराउँदा एकल फर्म भए फर्म धनीको र साझेदारी फर्म भए एक जना साझेदार वा साझेदारहरुको नाम वा थर पुरा वा छोटकरीमा झल्कने हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको फर्ममा त्यस्तो फर्मको धनीको नाम मात्र वा नामको पछाडि "एण्ड कम्पनी" वा "एण्ड एसोसियट्स" वा "एसोसियट्स" भएको फर्म दर्ता हुन सक्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम एकल वा साझेदारी फर्मको नाम दर्ता गराउँदा असम्वन्धित नामबाट गराउन सकिने छैन ।

तर तत्काल प्रचलित लेखापरीक्षक ऐन, २०३१ बमोजिम कुनै सदस्यले आफ्नो श्रीमान वा श्रीमती, आफूले पालन पोषण गर्नु पर्ने छोरा वा छोरी, आमा वा बाबुको नाममा लेखाव्यवसायी संस्था दर्ता गराएको प्रमाण पेश भएमा त्यस्तो नाममा पनि त्यस्तो संस्था दर्ता हुन सक्नेछ ।

(४) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको नाममा वा त्यस्तो संस्थाको नाम सहित वा त्यस्तो संस्थाको नाम वा सम्बन्ध झल्कने गरी लेखाव्यवसायी संस्था दर्ता गर्नु परेमा प्रस्तावित लेखाव्यवसायी संस्था र त्यस्तो विदेशी संस्था बीच सो सम्बन्धमा सहमति भएको हुनु पर्नेछ र सोको प्रतिलिपी निवेदन गर्दाका वखत पेश गर्नुपर्नेछ ।

(५) कुनै विदेशी नागरिक साझेदार हुने लेखाव्यवसायी संस्थामा निजले लिएको शेयरको अनुपात एकाउन्न प्रतिशत भन्दा बढी हुने छैन ।

## ५९. लेखाव्यवसायी संस्थाको दर्ता र नवीकरण :

(१) नियम ५७ बमोजिम प्राप्त निवेदन बमोजिम लेखाव्यवसायी संस्था दर्ता हुन परिषद्ले मनासिव ठहराएमा सो बमोजिम दर्ता गरी एकल फर्म भए अनुसूची- ३३ र साझेदारी फर्म भए अनुसूची-३४ बमोजिमको ढाँचामा लेखाव्यवसायी संस्था दर्ता भएको प्रमाणपत्र सम्बन्धित सदस्यलाई दिईनेछ ।

(२) उपनियम (१) बमोजिम भएको दर्ता संस्थाको प्रमाणपत्र जुन आर्थिक वर्षमा त्यस्तो दर्ता भएको हो सोही आर्थिक वर्षको अन्त्य सम्म कायम रहने छ ।

(३) कुनै सदस्यले उपनियम (१) बमोजिम दर्ता भएको लेखाव्यवसायी संस्थाको प्रमाणपत्र नवीकरण गराउन चाहेमा बहाल अवधि अन्त्य

भएको मितिले साठी दिन भित्र परिषद्ले समय समयमा तोकेको नवीकरण शुल्क बुझाई नवीकरण गराउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको अवधि भित्र कुनै सदस्यले नवीकरण गराउन नसकेमा सो उपनियममा उल्लेखित अवधि समाप्त भएको मितिले साठी दिन भित्र निर्धारित शुल्कमा पन्ध्र प्रतिशत अतिरिक्त शुल्क र सो अवधि भित्र पनि नवीकरण गराउन नसकेमा त्यसपछि साठी दिन भित्र निर्धारित शुल्कमा पच्चीस प्रतिशत अतिरिक्त शुल्क बुझाई नवीकरण गराउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराउने सदस्यको लेखाव्यवसायी संस्थाको दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(६) यस नियम बमोजिम नवीकरण गराएको लेखाव्यवसायी संस्थाको दर्ता प्रमाणपत्र एक आर्थिक वर्ष सम्मका लागि बहाल रहनेछ ।

## ६०. फर्मको खारेजी र पून: दर्ता :

(१) देहायको कुनै अवस्थामा लेखाव्यवसायी फर्मको दर्ता खारेज हुनेछ ।

(क) परिषद्बाट दर्ता खारेज गर्ने आदेश भएमा,

(ख) एकल फर्मका धनीले वा साझेदारी फर्म भए सवै सदस्यहरुले फर्म विघटन गर्न संयुक्त निवेदन दिएमा,

(ग) एकल फर्मको हकमा प्रोप्राईटरको नाम सदस्यता दर्ता कितावबाट हटाईएमा वा निजको पेशागत प्रमाणपत्र रद्द गर्ने निर्णय भएमा,

(२) दर्ता खारेज भएका संस्थाका धनी वा साझेदारहरुले अनुसूची २६ बमोजिमको दर्ता शुल्क सहित निवेदन दिएमा पुनः सोही नाममा फर्म दर्ता हुन सक्नेछ । तर दर्ता खारेज भएको पाँच वर्ष भित्र नियमानुसार पुनः दर्ता गर्न नआएको र कुनै अन्य सदस्यले सो नाममा फर्म दर्ता गर्न निवेदन दिएको रहेछ भने नयाँ निवेदकको नाममा दर्ता हुनेछ ।

## ६१. नाम परिवर्तन गर्न निर्देशन दिन सक्ने :

(१) नियम ५७ बमोजिम लेखाव्यवसायी संस्था दर्ताको लागि दिएको निवेदन उपर कारवाही गर्दा प्रस्तावित कुनै लेखाव्यवसायी संस्थाको

नाम पहिले दर्ता भईसकेको त्यस्तो कुनै संस्थाको नामसँग दोहोरिएमा वा नदोहोरिएको भए पनि पहिले दर्ता भईसकेको त्यस्तो संस्थाको नामसँग मिल्दो जुल्दो हुने वा त्यसबाट भ्रम उत्पन्न हुने सम्भावना भएमा वा प्रस्तावित लेखाव्यवसायी संस्थाको नाम सार्वजनिक नीति नैतिकता, सदाचार वा सार्वजनिक हितको कारणले दर्ता गर्न उपयुक्त नहुने नभएमा सोको कारण खुलाई संस्थाले सम्वन्धित निवेदकलाई नाम परिवर्तन गर्न निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्देशन प्राप्त भएमा त्यस्तो निर्देशन पालना गरी प्रस्तावित लेखाव्यवसायी संस्थाको नाम निवेदकले परिवर्तन गरी संस्थालाई लिखित जानकारी गराउनु पर्नेछ ।

६२. **साझेदारी सम्वन्धी विशेष व्यवस्था :**

(१) कुनै लेखाव्यवसायी संस्था साझेदारी फर्मको रुपमा दर्ता भए त्यस्तो संस्थाका प्रत्येक साझेदारले पेशागत प्रमाणपत्र लिएको हुनु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिमको संस्थामा वीस जना भन्दा बढी साझेदार हुन सक्ने छैन ।

*(३) पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एकल फर्म र साझेदारी फर्म खोल्ने सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एकै समयमा एक भन्दा बढि एकल फर्म खोल्न वा एक भन्दा वढि साझेदारी फर्मको साझेदार हुन पाउने छैन ।

(ख) एकल फर्म भएका सदस्यले साझेदारी लेखा व्यवसायी फर्ममा साझेदार हुन चाहेमा निजले एकल फर्म निष्कृय गराउन संस्थामा निवेदन दिनु पर्नेछ । यसरी एकल फर्म निष्कृय भएमा निज साझेदारी फर्मको साझेदार बन्न सक्नेछ । तर यसरी एकल फर्म निष्कृय भएको

---

** पांचौं संशोधनद्वारा संशोधित*

अवस्थामा उक्त एकल फर्मले पहिले नै प्राप्त गरेका कार्यहरु सम्पन्न गर्न वाधा पर्ने छैन ।

(ग) खण्ड (ख) बमोजिम निष्कृय भएको एकल फर्म नवीकरण गर्न चाहेमा संस्थामा निवेदन दिई नवीकरण गराउन सकिने छ । तर सो फर्मको नामबाट साझेदारी फर्मको साझेदार रहँदा सम्म लेखा व्यवसाय गर्न पाइने छैन ।

*(४) उपनियम (३) को अधिनमा रहि मा यो नियमावली प्रारम्भ हुँदाका बखत कुनै सदस्य एक भन्दा बढी लेखाव्यवसायी फर्ममा संलग्न रहेछ भने मिति २०७४ साल आषाढ मसान्त सम्म एकल लेखाव्यवसायी फर्म वा एक वटा मात्र साझेदारी लेखाव्यवसायी फर्ममा संलग्न हुने गरि व्यवस्था मिलाइसक्नुपर्नेछ ।

(५) उपनियम (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्य कुनै विदेशी लेखाव्यवसायी संस्थाको सदस्य भएको कारणले सो हैसियतमा विदेश स्थित कुनै लेखाव्यवसायी फर्मको साझेदार हुन सो उपनियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याउने छैन ।

(६) कुनै सदस्यले एकल फर्मलाई साझेदारी फर्ममा वा साझेदारी फर्मलाई एकल फर्ममा परिणत गर्न चाहेमा निजको पेशागत प्रमाणपत्रको सक्कल प्रति संलग्न राखी नियम ५७ को उपनियम (२) बमोजिम संस्थामा निवेदन दिनु पर्नेछ ।

(७) कुनै साझेदारी फर्मको कुनै साझेदारले आपसी समझदारीमा त्यस्तो फर्म त्यागेमा वा त्यस्तो फर्मको कुनै साझेदारको मृत्यु भएमा बाँकी रहेका साझेदारले र त्यस्तो फर्ममा अर्को व्यक्ति साझेदार भएमा सबै साझेदारले त्यस्तो काम भए गरेको मितिले पैतीस दिन भित्र संस्थालाई जानकारी गराउनु पर्नेछ ।

(८) कुनै साझेदारी फर्ममा कुनै साझेदारले उपनियम (७) बमोजिम फर्म त्याग गरेको वा कुनै साझेदारको मृत्यु भएको कारणले त्यस्तो फर्ममा

---

*पांचौं संशोधनद्धारा संशोधित*

एक जना मात्र साझेदार कायम रहेकोमा निजले त्यस्तो काम भए गरेको मितिले पैतीस दिन भित्र उपनियम (६) बमोजिम एकल फर्ममा परिणत गराउन निवेदन दिनु पर्नेछ।

(९) कुनै लेखाव्यवसायी संस्थामा साझेदार थप भएको वा साझेदारले त्यस्तो फर्म त्यागेको वा अवकाश पाएको वा फर्मको विघटन वा विक्रि भएको अवस्थामा त्यस्तो फर्मको नाम कायम राख्नु पर्दा सो सम्वन्धमा साझेदारहरु बीच सहमति भए बमोजिम हुनेछ।

६३. **शाखा कार्यालय खोल्न सक्ने :**

(१) कुनै सदस्यले आफ्नो लेखाव्यवसायी संस्थाको अन्य स्थानमा शाखा कार्यालय खोल्न चाहेमा निजले अनुसूची - ४ मा तोकिएको शुल्क सहित अनुसूची - ३५ बमोजिमको ढाँचामा संस्थामा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम खोलिने शाखाको व्यवस्थापनमा कम्तिमा एकजना समान श्रेणी र वर्गको सदस्य रहनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएकोमा व्यहोरा मनासिव देखिएमा परिषद्ले शाखा खोल्ने स्वीकृती दिनेछ।

६४. **सदस्यको कर्तव्य र दायित्व :**

प्रत्येक सदस्यले लेखाव्यवसाय संचालन गर्दा देहायका कुराहरु पालना गर्नु पर्नेछ :

(क) व्यवसायिक निस्पक्षता र स्वतन्त्रताको प्रत्याभूति दिने,

(ख) परिषद्ले तोकेको व्यावसायिक आचरण तथा जारी गरेको आचार संहिता पालना गर्ने,

(ग) नेपाल लेखापरीक्षणमान तथा नेपाल लेखामान अनुरुप लेखा राख्ने र लेखा परीक्षणको प्रतिवेदन दिने,

(घ) ऐनको दफा ३१ अनुसार पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आफूले गरेको लेखापरीक्षणको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रचलित कानुन बमोजिम खुलाउनु पर्ने भनी तोकेका कुराहरुले खुलाउने,

(ङ) परिषद्‌ले समय समयमा जारी गरेको निर्देशन पालना गर्ने, गराउने ।

+(च) संस्थाको अहितमा कुनै पनि कार्य नगर्ने, नगराउने ।

## परिच्छेद – ७

## पदाधिकारी तथा विभिन्न समितिको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था

६५. **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्ष परिषद्‌को प्रमुख पदाधिकारी हुनेछ र सो हैसियतमा निजले ऐनको दफा १० मा व्यवस्था भएको अतिरिक्त देहायको काम सम्पादन गर्ने, कर्तव्य पालन गर्ने र अधिकार प्रयोग गर्नेछ :

(क) परिषद्‌को बैठक बोलाउन कार्यकारी निर्देशकलाई निर्देशन दिने,

(ख) परिषद्‌को बैठकको कार्यसूची (एजेण्डा) निर्धारण गर्ने,

(ग) परिषद्‌को बठैक संचालन गर्ने तथा पार्षदहरुले बोल्ने क्रम निर्धारण गर्ने,

(घ) कुनै कारणबस परिषद्‌को कुनै बैठक संचालन गर्न उपयुक्त छैन भन्ने लागेमा त्यस्तो बैठक स्थगित गर्ने,

(ङ) परिषद्‌को बैठक अन्त्य गर्ने ।

+(च) संस्थाको प्रतिनिधित्व गर्ने ।

+(छ) कार्यकारी निर्देशक वा पार्षदले संस्थाको अहितमा हुने कुनै पनि कार्य गरेको जानकारी वा सूचना प्राप्त भएमा निजहरुसंग सोधपुछ गरी परिषद्‌मा जानकारी गराउने ।

(२) अध्यक्षको पदावधि समाप्त भई अर्को अध्यक्षले आफ्नो कार्यभार जिम्मा नलिएसम्म तत्काल बहाल रहेको अध्यक्षले नै अध्यक्षको काम सम्पादन गर्ने, कर्तव्य पालन गर्ने र अधिकार प्रयोग गर्नेछ ।

---

+ *पांचौ संशोधनद्वारा थप*

**☆६५क. अध्यक्ष र उपाध्यक्षको सेवा तथा पेशागत प्रमाणपत्र :**

(१) ऐनको दफा ७ को उपदफा (५) को अधीनमा रही निर्वाचित अध्यक्ष र उपाध्यक्ष सो पदमा बहाल रहेको अवस्थासम्म नीजहरुको पेशागत प्रमाणपत्र स्वतः निष्कृय रहेको मानिनेछ ।

तर परिषद्को काम कारवाहीमा संलग्न हुने भएकाले निजहरुको लेखा व्यवसायको अवधि गणना गर्ने तथा कुनै लेखापरीक्षण फर्ममा साझेदार रहने र पंजिकृत प्रशिक्षार्थी राख्ने प्रयोजनको लागि निज अध्यक्ष र उपाध्यक्ष हुँदाको अवधिको लागि पेशागत प्रमाणपत्र वहाल रहेको मानिनेछ ।

६६. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

अध्यक्षको अनुपस्थितिमा वा अध्यक्षको पद रिक्त रहेको अवस्थामा उपाध्यक्षले अध्यक्षको काम सम्पादन गर्ने, कर्तव्य पालना गर्ने र अधिकार प्रयोग गर्न सक्नेछ ।

**+६६कः पार्षदको काम, कर्तव्य र अधिकार**

(१) परिषद्को बैठकमा भाग लिने ।

(२) परिषद्ले तोकेको कार्यहरु गर्ने ।

(३) लेखा तथा लेखापरीक्षण क्षेत्रको विकासको लागि रचनात्मक भूमिका खेल्ने ।

(४) संस्थाको हित सर्वोपरी राखी काम गर्ने ।

६७. **अनुशासन समितिको पदावधि र बैठक :**

(१) ऐनको दफा १४ उपदफा (१) बमोजिम गठीत अनुशासन समितिका सदस्यको पदावधि एक वर्षको हुनेछ र पदावधि समाप्त भए पछि पुनः मनोनित हुन सक्नेछ ।

(२) अनुशासन समितिको बैठक सम्बन्धी कार्यविधि विनियममा तोकिए बमोजिम हुनेछ ।

☆ आठौं संशोधनद्धारा संशोधित

\+ *पांचौ संशोधनद्धारा थप*

## ६८. अनुशासन समितिको काम, कर्तव्य र अधिकार :

(१) ऐनको दफा १४ मा उल्लेख भएको अतिरिक्त अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) ऐनको दफा ३५ को उपदफा (१) बमोजिम कुनै सदस्य उपर संस्थामा परेको वा परिषद्बाट प्राप्त भएका उजुरी उपर छानबिन गर्ने,

(ख) छानबिनको क्रममा आवश्यकतानुसार कानूनी सल्लाहकार वा सम्बन्धित विशेषज्ञको सेवा प्राप्त गर्ने,

(ग) छानबिन पछि उजूरी तथ्यपूर्ण देखिइ ऐनको दफा १४ उपदफा (५) बमोजिम सजाँय गर्नु पर्ने भए सजाँयका लागि तथ्य र राय सहित परिषद्मा प्रतिवेदन पेश गर्ने,

(घ) छानबिन पछि उजूरी तथ्यपुर्ण नदेखिइ उजुरी तामेलीमा राख्नु पर्ने भए सो बमोजिम वा दुःख दिने उद्देश्यले मात्र उजुर गरेको देखिएमा ऐन बमोजिम उजूरवालालाई सजाँयका लागि तथ्य र राय सहित परिषद्मा प्रतिवेदन पेश गर्ने,

(ङ) परिषद्ले तोकेको वा प्रत्यायोजित गरे बमोजिमको अन्य कार्यहरु गर्ने ।

(२) अनुशासन समितिले आफ्नो काम कारवाहीको वार्षिक प्रतिवेदन परिषद्मा पेश गर्नेछ ।

## ६९. परीक्षा समितिको गठन र पदावधि :

(१) परीक्षा समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :

(क) परिषद्का अध्यक्ष - सभापति

(ख) उपाध्यक्ष - उपसभापति

(ग) पार्षदहरु मध्येबाट परिषद्ले मनोनित गरेका तीन जना - सदस्य

(घ) सदस्यहरु मध्येबाट परिषद्ले मनोनित गरेका दुई जना - सदस्य

(२) परीक्षा समितिका सदस्यको पदावधि एक वर्षको हुनेछ र पदावधि समाप्त भए पछि निज पुनः मनोनित हुन सक्नेछ ।

७०. **परीक्षा समितिको काम, कर्तव्य र अधिकार :**

(१) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परीक्षा संचालन विधि, परीक्षाको मिति र स्थान तोक्ने,

(ख) परीक्षा सम्बन्धी फारामहरुको ढाँचा तोक्ने, संशोधन गर्ने र अनूमोदनको लागि परिषद्मा पेश गर्ने,

(ग) परीक्षा केन्द्रको लागि केन्द्र सुपरिवेक्षक, निरीक्षक तथा कर्मचारीहरुको वन्दोवस्त गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने,

(घ) परीक्षा सम्बन्धी अनुशासनको कारवाही गर्ने/गराउने, परीक्षा सम्बन्धी उजूरी सुन्ने र निर्णय दिने,

(ङ) परीक्षाको लागी प्रश्नपत्र बनाउने, मोडरेशन गर्ने, उत्तर पुस्तिकाहरु परीक्षण गर्न लगाउने, परीक्षकहरुको पारिश्रमिक निर्धारण गर्ने,

(च) परीक्षाको नतिजा प्रकाशन गर्ने,

(छ) पुनर्योग गर्ने/गराउने र सोको नतिजा प्रकाशन गर्ने,

(ज) परीक्षा सम्बन्धी शुल्क निर्धारण सम्बन्धमा निर्णयार्थ परिषद्मा सिफारिश पेश गर्ने,

(झ) परीक्षा सुचारु रुपले संचालन गर्न आवश्यक अन्य कार्य गर्ने,

(ञ) परिषद्ले तोकेको वा प्रत्यायोजित गरे बमोजिमको अन्य कार्यहरु गर्ने ।

(२) परीक्षा समितिले आफ्नो काम, कारवाहीको वार्षिक प्रतिवेदन परिषद्मा पेश गर्नेछ ।

७१. **व्यावसायिक मार्गदर्शन समितिको गठन र पदावधि :**

(१) व्यावसायिक मार्गदर्शन समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :

(क) परिषद्का अध्यक्ष - सभापति

(ख) उपाध्यक्ष - उपसभापति

(ग) पार्षदहरु मध्येबाट परिषद्ले मनोनित गरेका तीन जना - सदस्य

(घ) सदस्यहरु मध्येबाट परिषद्ले मनोनित गरेका दुई जना - सदस्य

(२) उपनियम (१) बमोजिमका सदस्यको पदावधि एक वर्षको हुनेछ र पदावधि समाप्त भए पछि निज पुनः मनोनित हुन सक्नेछ ।

## ७२. व्यावसायिक मार्गदर्शन समितिको काम, कर्तव्य र अधिकार :

(१) व्यावसायिक मार्गदर्शन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) लेखाव्यवसायको लागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकासका लागि चाहिने योग्यता र प्रकृया निर्धारण गर्न परिषद्मा राय सुझाव पेश गर्ने ।

(ख) विश्वविद्यालय वा अन्य शैक्षिक संस्थाको सहयोगमा वा संस्था स्वयंले विभिन्न प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने ।

(ग) सदस्य तथा लेखाव्यवसायीका लागि आचार संहिता तर्जुमा, संशोधन आदि गरी स्वीकृतीको लागि परिषद्मा पेश गर्ने ।

(घ) लेखाव्यवसायका विविध पक्षमा सैद्धान्तिक वा व्यावहारिक निर्देशन र मार्ग दर्शनहरु दिने तथा व्यावसायिक विकासका लागि आवश्यक अन्य काम गर्ने ।

(ङ) प्रचलित लेखामान, लेखापरीक्षणमान र मार्गदर्शनहरुको प्रचार प्रसार गर्ने तथा तिनीहरुको पालना गर्न/गराउन तालिम, गोष्ठी आदिको आयोजना गर्ने ।

(च) उद्योग, वाणिज्य, अर्थ, राजश्व तथा लेखाव्यवसायसंग सम्बन्धित विषयका विभिन्न प्रचलित कानूनहरुको सुधारको निमित्त परिषद्ले नेपाल सरकार समक्ष पेश गर्न प्रतिवेदन तयार गर्ने ।

(छ) विश्वविद्यालय तथा अन्य शिक्षण संस्थासंग समन्वय राखी लेखा तथा लेखापरीक्षण शिक्षाको लागि उपयुक्त शैक्षिक मापदण्ड तयार गरी परिषद्मा सिफारिस साथ राय सुझाव पेश गर्ने ।

(ज) परिषद्ले स्वीकृत गरेको कार्यक्रम अनुसार सदस्यहरुको व्यावसायिक दक्षता अभिबृद्धि गर्न आवश्यक अल्पकालिन वा दीर्घकालिन तालिम, गोष्ठी र सेमिनार संचालन गर्ने ।

(झ) लेखाव्यवसायसंग सम्बन्धित सामग्रीहरु प्रकाशन गर्ने ।

(ञ) सदस्यहरुको लागि अनवरत व्यावसायिक शिक्षा (कन्टिन्युई प्रोफेशनल इजूकेशन) को व्यवस्था गर्ने ।

(ट) परिषद्ले तोकेको अन्य कार्य गर्ने ।

(२) व्यावसायिक मार्गदर्शन समितिले आफ्नो काम कारवाही वार्षिक प्रतिवेदन परिषद्मा पेश गर्नेछ ।

७३. **कार्यकारिणी समितिको पदावधि :**

कार्यकारी निर्देशक वाहेक ऐनको दफा १५ को उपदफा (१) बमोजिम गठीत कार्यकारिणी समितिका अन्य सदस्यको पदावधि एक वर्षको हुनेछ र पदावधि समाप्त भए पछि निज पुनः मनोनित हुन सक्नेछ ।

७४. **कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार :**

(१) कार्यकारिणी समितिको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

(क) संस्था संचालनको लागि अल्पकालीन र दीर्घकालीन योजना, नीति नियम एवं विनियम आदि तर्जुमा गरी स्वीकृतीको लागि परिषद्मा पेश गर्ने,

(ख) स्वीकृत नीति र योजना बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,

(ग) संस्थाको वार्षिक कार्यक्रम र अनुमानित बजेट परिषद्बाट स्वीकृत भए पछि कार्य संचालनको लागि आवश्यक बजेट निकासा दिने,

(घ) संस्थाको वित्तीय स्थिति, वार्षिक कार्य प्रगति आदिको अनुगमन गर्ने,

(ङ) संस्थाको पूंजी सुरक्षित क्षेत्रमा लगानी गर्ने,

(च) कर्मचारीहरुलाई पुरस्कार दिने र प्रचलित कानून बमोजिम सजांय गर्ने, निलम्बन वा अवकाश दिने, तर, अधिकृत कर्मचारीलाई अवकाश दिनु अगाडी परिषद्को पूर्व स्वीकृती लिनु पर्नेछ,

(छ) आन्तरिक लेखापरीक्षणको व्यवस्था र सोको प्रतिवेदन माथि कारवाही गर्ने,

(ज) अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको प्रत्युत्तर दिने र अन्तिम प्रतिवेदन परिषद्मा पेश गर्ने,

(झ) अनुमानित बजेट मध्ये कारणवश बजेट नपुग्ने देखिएका शीर्षकहरुमा खर्च हुने शीर्षकको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न स्वीकृती दिने,

(ञ) संस्थाको आर्थिक र प्रशासनिक कार्य व्यवस्थित गरी/गराई संस्था सञ्चालनका लागि आवश्यक देखिएका अन्य सबै कार्य गर्ने,

(ट) परिषद्ले तोकेको वा प्रत्यायोजित गरे बमोजिमको अन्य कार्यहरु गर्ने ।

(२) कार्यकारिणी समितिले आफ्नो काम कारवाहीको वार्षिक प्रतिवेदन परिषद्मा पेश गर्नेछ ।

७५. **<u>स्थायी समितिहरुको बैठक सम्बन्धी अन्य कार्यविधि :</u>**

परिषद्को स्वीकृती लिई ऐनको दफा १३ को उपदफा (१) बमोजिम गठीत स्थायी समितिहरुले बठैक संचालन तथा निर्णय गर्ने कार्यविधि आफै बनाउन सक्नेछन् ।

७६. **<u>अन्य समितिहरुको गठन :</u>**

(१) परिषद्ले आफूप्रति जवाफदेही हुने गरी ऐनको दफा १३ को उपदफा (२) बमोजिम समय समयमा आवश्यक संख्याका सदस्यहरु रहने गरी काम, कर्तव्य, अधिकार र कार्यविधि समेत तोकी अन्य समितिहरु गठन गर्न सक्नेछ ।

(२) परिषद्ले समितिका सदस्यमा संस्थाका पार्षद एवं सदस्यहरुका अतिरिक्त नेपाल सरकारका निकाय वा संस्थाका वा अन्य संघ, संस्थामा कार्यरत पदाधिकारी वा सम्बन्धित क्षेत्रका विशेषज्ञ मध्येबाट पनि मनोनित गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम गठित समितिका सदस्यको पदावधि एक वर्ष रहनेछ र पदावधि समाप्त भए पछि निज पुनः मनोनित हुन सक्नेछ ।

(४) स्थायी समिति र अन्य समितिले उपयुक्त देखेमा कुनै व्यक्तिलाई बठैकमा आमन्त्रण गर्न सक्नेछ । यसरी आमन्त्रित व्यक्तिले समितिको वैठकमा मत दिन पाउने छैन ।

**[+]७६ क. <u>बोर्ड अफ स्टडीजको गठन, पदावधि, काम, कर्तव्य र अधिकार</u>**

(१) यस संस्थाले प्रदान गर्ने चार्टर्ड एकाउन्टेन्सी शिक्षा तथा अन्य शिक्षाहरुलाई व्यवस्थित गर्न परिषद्ले देहाय बमोजिम "वोर्ड अफ स्टडिज" गठन गर्नेछ :

| | | |
|---|---|---|
| अध्यक्ष, उपाध्यक्ष वा पार्षदहरुमध्येबाट | १ जना | सभापति |
| पार्षदहरुमध्येबाट | ४ जना | सदस्य |
| शिक्षा बिज्ञहरु | ४ जना | सदस्य |

(२) उपनियम (१) बमोजिम गठन भएको बोर्ड अफ स्टडिजका पदाधिकारीहरुको पदावधि साधारणतयाः तीन वर्षको हुनेछ र पदावधि समाप्त भए पछि निज पुनः मनोनित हुन सक्ने छ ।

(३) उपनियम (१) बमोजिमको बोर्ड अफ स्टडिजको गठन प्रत्येक नयाँ परिषद्को पहिलो कार्यकालमा गठन गर्नुपर्नेछ ।

**<u>(४) वोर्ड अफ स्टडिजको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः</u>**

(क) चार्टर्ड एकाउन्टेन्सी शिक्षाको लागी आवश्यक पर्ने शिक्षा, तालिम तथा प्रशिक्षण सम्बन्धी नीतिगत निर्णयको लागी परिषद्मा सिफरिश गर्ने ।

(ख) संस्थाले संचालन गर्ने चार्टर्ड एकाउन्टेन्सी शिक्षाको सबै तहको पाठ्यक्रमको तयारी परिमार्जन संशोधनका लागी परिषद्मा सिफारीश गर्ने ।

(ग) परिषद्बाट स्वीकृत भएको Syllabus को आधारमा बिभिन्न पाठ्यपुस्तकहरु तथा बिद्यार्थीहरुलाई उपयोगी हुने अन्य बिभिन्न शैक्षिक सामग्रीहरु प्रकाशन गर्ने ।

---

[+] *पांचौ संशोधनद्धारा थप*

(घ) विद्यार्थीहरुलाई उपयोगी हुने किसिमको विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गर्ने/गराउने, प्रशिक्षण तथा तालिम सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, अनुगमन गर्ने, र सो सम्बन्धी अन्य काम गर्ने ।

(ङ) CA Course मा दर्ता भएका विद्यार्थीहरुको योग्यता मुल्यांकन परीक्षा सम्बन्धी प्रश्नपत्र बनाउने, मुल्यांकनकर्ता तोक्ने, मुल्यांकन गराउने व्यवस्था गर्ने ।

(च) CA Course लाई प्रवर्द्धन, विस्तार गर्ने क्रममा शैक्षिक मेलाहरुमा भाग लिने, विज्ञापन गर्ने, विद्यार्थी अभिमुखिकरण संचालन गर्ने, विश्वविद्यालयहरुसँग सम्बन्धका लागि पहल गर्ने ।

(छ) परिषद्ले तोकेका शिक्षा सम्वन्धी अन्य कार्यहरु गर्ने ।

(५) बोर्ड अफ स्टडिजले आफ्नो काम कारवाहीको बार्षिक प्रतिबेदन परिषद्मा पेश गर्नेछ ।

७७. **समितिका पद रिक्त हुने :**

(१) देहायको कुनै अवस्थामा समितिका सदस्यको सदस्यता रिक्त हुनेछ :

(क) राजीनामा दिएमा,

(ख) लिखित सूचना विना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित रहेमा,

(ग) नैतिक पतन देखिने फौज्दारी कसुरमा अदालतबाट कसुरदार ठहरी सजाय पाएमा,

(घ) मगज बिग्रेमा,

(ङ) मृत्यु भएमा,

(च) साहुको ऋण तिर्न नसकी दामासाहिमा परेमा ।

(छ) संस्थाका सदस्यको हकमा ऐनको दफा २२ बमोजिम सदस्यता कितावबाट नाम हटाईएमा ।

७८. **कार्यटोली र उपसमिति गठन गर्ने :**

(१) स्थायी समिति र नियम ७६ बमोजिम गठित अन्य समितिले आफ्नो कार्य सम्पादनको सिलसिलामा आवश्यक देखेमा कार्यटोली वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) निर्धारित कार्य समाप्त भई समितिमा प्रतिवेदन बुझाईसकेपछि समितिले थप विवरण बुझ्न आवश्यक ठानेकोमा वाहेक त्यस्तो कार्यटोली वा अस्थायी समिति स्वतः विघटन हुनेछ ।

७९. **समितिका अधिकारहरु प्रत्यायोजन गर्न सकिने :**

स्थायी समिति र अन्य समितिले आफ्नो जवाफदेहीमा कार्यकारी निर्देशक वा समितिका कुनै सदस्य वा उपसमितिमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद – ८

## उजुरी, छानबिन र प्रतिवेदन सम्वन्धी व्यवस्था

■८०. **उजूरी दिन सकिने :**

कुनै सदस्यले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आचार संहिता विपरित कुनै काम गरेको कसैलाई लागेमा यस्तो सदस्य विरुद्ध सरोकारवाला वा कुनै पनि व्यक्तिले उपलब्ध भएसम्मका तथ्य संलग्न गरी निज उपर कारवाही हुन संस्थामा उजुरी दिन सक्नेछ ।

तर नेपाल सरकारको कुनै निकाय वा परिषद्ले उजुरी दस्तुर नलाग्ने भनी तोकेको अन्य कुनै निकायले उजुरी गर्दा त्यस्तो दस्तुर लाग्ने छैन ।

■ *दशौं संशोधनद्वारा संशोधित*

८१. **उजूरी उपर छानवीन सम्बन्धी कार्यविधी :**

(१) नियम ८० बमोजिम प्राप्त उजुरी उपर छानवीन हुन संस्थाले सो उजुरी अनुशासन समितिमा पठाउने छ ।

(२) उपनियम (१) बमोजिम उजुरी उपर छानबिन गर्दा अनुशासन समितिले कुनै सदस्यको विरुद्धमा उजुरी प्राप्त भएको भए निजको ठेगानामा र कुनै लेखाव्यवसायी संस्था विरुद्ध उजुरी प्राप्त भएको भए त्यस्तो ठेगानामा त्यस्तो उजुरीको प्रतिलिपी पठाई सो विषयमा त्यस्तो सदस्य वा संस्था उपर कारवाही किन नगर्ने हो र सो प्रमाणित भएमा हुन सक्ने सजाय समेत उल्लेख गरी कम्तिमा पन्ध्र दिनको म्याद दिई लिखित जानकारी गराई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जानकारी गराएकोमा सो उपनियम बमोजिमको म्याद भित्र आरोपित सम्वन्धित सदस्य वा लेखाव्यवसायी संस्थाले आरोपित विषयमा बुँदागत रुपमा आफ्नो सफाई पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त सफाई उपर सम्वन्धित उजुरीवालाको प्रतिक्रिया लिन अनुशासन समितिले उचित ठानेमा त्यस्तो सफाईको प्रतिलिपी सहित कम्तिमा पन्ध्र दिनको म्याद दिई सम्वन्धित उजुरीवालालाई प्रतिक्रियाको लागि सो समितिले पठाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम प्रतिकृया माग भएकोमा सो उपनियम बमोजिमको म्याद भित्र सम्वन्धित उजुरवालाले आफ्नो प्रतिक्रिया पठाउनु पर्नेछ र त्यसरी प्रतिक्रिया पठाउँदा कुनै दावी वा आरोपलाई समर्थन गर्ने कुनै प्रमाण भए सो समेत निजले उल्लेख गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्राप्त प्रतिक्रिया उपर आफ्नो भनाई राख्न वा प्रतिरक्षा गर्न कम्तिमा पन्ध्र दिनको म्याद दिई त्यस्तो प्रतिक्रियाको प्रतिलिपी सहित आरोपित सम्बन्धित सदस्य वा लेखाव्यवसायी संस्थालाई पठाउनु पर्नेछ ।

(७) अनुशासन समितिले उचित ठानेमा उजूरवाला वा आरोपित सदस्य वा संस्थाबाट कुनै थप विवरण लिन चाहेमा वा कुनै कागजात वा जानकारी प्राप्त गर्न चाहेमा त्यस्तो विवरण, कागजात वा जानकारी माग्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम कुनै विवरण, कागजात वा जानकारी माग भएकोमा सम्वन्धित उजुरवाला, सदस्य वा संस्थाले सो विवरण, कागजात वा जानकारी पठाउनु पर्नेछ ।

(९) यस नियम बमोजिम कुनै उजुरीको सम्वन्धमा अनुशासन समितिले उजुरवाला वा आरोपित सदस्य वा संस्थाको साझेदारलाई वयान गराउन चाहेमा निजको वयान गराउन सक्नेछ र त्यस्तो उजुरवाला वा सदस्य वा साझेदारले आफै वा कानुन व्यवसायी मुकरर गरी आफ्नो सफाई पेश गर्न सक्नेछ ।

(१०) उपनियम (३) बमोजिम आरोपित सदस्य वा संस्थाले आफ्नो सफाई पेश नगरेमा वा पेश गरेको भए पनि सो मनासिव नदेखिएमा वा उपनियम (४) वा (६) बमोजिमको प्रतिक्रिया वा सफाई प्राप्त नभएमा वा उपनियम (८) बमोजिमको विवरण, कागजात वा जानकारी प्राप्त नभएमा पनि प्राप्त सवुद र प्रमाणको आधारमा अनुशासन समितिलाई आफ्नो कारवाही अघि बढाउन यस नियममा लेखिएको कुनै कुराले बाधा पर्‍याउने छैन ।

(११) अनुशासन समितिले यस नियम बमोजिम कुनै उजुरी उपर छानवीन गर्दा अन्य कुनै कार्यविधी अपनाउन उपयुक्त देखेमा सो समिति आफैले निर्धारण गरी अपनाउन सक्नेछ ।

तर त्यस्तो कार्यविधी अपनाएकोमा सो सम्वन्धमा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

८२. **<u>अनुशासन समितिको बैठकमा भाग लिन नपाउने :</u>**
जुन सदस्यको बिरुद्धमा उजुरी परेको हो त्यस्तो सदस्य वा सदस्यका लेखाव्यवसायी संस्थाका साझेदार वा कर्मचारी वा तिनका नातेदार सो

समितिको सदस्य भएमा सो विषयमा बसेको समितिको बैठकमा निजले भाग लिन पाउने छैन ।

८३. **छानबिनको समयको सीमा :**

कुनै सदस्य वा लेखाव्यवसायी संस्थाका विरुद्धमा तीन वर्ष भन्दा अगाडि गरेको काम कारवाहीलाई लिएर गरिएको उजुरी उपर कारवाही तथा छानबिन गरिने छैन ।

तर गम्भीर प्रकृतिको काम कारवाहीलाई लिएर अधिकार प्राप्त सरकारी निकायवाट छानविनको लागि अनुरोध प्राप्त भएमा वा त्यस्तो काम कारवाही उपर छानवीन हुन परिषद्ले उचित ठानेमा सो सम्बन्धमा कारवाही र छानबिन हुन सक्नेछ ।

८४. **प्रतिवेदन पेश गर्नु पर्ने :**

(१) अनुशासन समितिले नियम ८१ बमोजिम कुनै सदस्य वा लेखाव्यवसायी संस्था उपर गरेको छानबिन पछि सो समितिले भए गरेको विवरण र उजुरी सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन प्राप्त भएमा परिषद्ले देहाय बमोजिमको प्रकृया अपनाई उजुरी किनारा लगाउनु पर्नेछ :

(क) अनुशासन समितिले उजुरी तामेलीमा राख्ने प्रतिवेदन दिएकोमा परिषद्ले सो बमोजिम उजुरीवालालाई जानकारी दिई उजुरी तामेलीमा राख्न निर्देशन दिनु पर्नेछ ।

(ख) आरोपित सदस्य वा संस्थालाई दोषी ठहर्‍याई प्रतिवेदन दिएको भए परिषद्ले सो प्रतिवेदनको एक प्रति प्रतिलिपी सम्वन्धित सदस्य वा संस्थालाई उपलब्ध गराई ऐनको दफा १४ को उपदफा (७) बमोजिम पुनः एक पटक आफै वा आफ्नो प्रतिनिधि मार्फत लिखित रुपमा सफाई पेश गर्न मनासिब माफिकको मौका प्रदान गर्नु पर्नेछ । आरोपित सदस्य वा संस्थालाई लिखित सफाई प्राप्त भएपछि यस सम्बन्धमा कुनै कुरामा थप जाँचबुझ गर्नु आवश्यक

छ भन्ने लागेमा परिषद्ले अनुशासन समितिलाई सो थप जाँचबुझ गरी पुनः प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ ।

(ग)नियम ८४ (२) (ग) खण्ड (ख) बमोजिमको कार्यविधि पुरा भए पछि आरोपित सदस्य वा संस्थाको कुनै वा सबै साझेदार दोषी प्रमाणित भएमा निज उपर परिषद्ले ऐनको दफा १४ उपदफा (५) बमोजिम सजाँय तोक्नु पर्नेछ । संस्थाबाट भएका अनुशासनको कारवाहीको निर्णय राष्ट्रियस्तरको पत्रपत्रिकामा वा संस्थाको वेबसाइटमा प्रकाशित गर्नु पर्नेछ ।

# परिच्छेद - ९

## निर्वाचन सम्वन्धी व्यवस्था

८५. **पार्षदहरुको निर्वाचन :**

(१) पार्षदहरुको निर्वाचन प्रत्येक तेश्रो वर्षको जेष्ठ मसान्त भित्र सम्पन्न गर्नु पर्नेछ ।

(२) पार्षदहरुको निर्वाचन एकल संक्रमणीय मत प्रणाली (सिंगल ट्रान्सफरेबल भोट सिष्टम) को आधारमा हुनेछ ।

(३) निर्वाचनको अन्य प्रकृया निर्वाचन विनियममा तोकिए बमोजिम हुनेछ ।

८६. **अध्यक्ष र उपाध्यक्षको निर्वाचन :**

*(१) फेलो चाटर्ड एकाउन्टेन्ट (एफसिए) सदस्यता प्राप्त गरेको न्यूनतम पाँच बर्ष भएका र पेशागत प्रमाणपत्र बहाल रहेका पार्षदहरु मध्येबाट प्रत्येक बर्षको आषाढ महिना भित्र नियम ८५ बमोजिम निर्वाचित तथा नेपाल सरकारबाट मनोनित पार्षदहरुले अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नुपर्नेछ ।

*दशौं संशोधनद्वारा संशोधित*

* *पांचौं संशोधनद्वारा संशोधित*

यस नियमावली अन्तर्गत निर्वाचित अध्यक्ष र उपाध्यक्षको पेशागत प्रमाणपत्र नरहेको अवस्थामा निजको पद स्वतः खाली हुनेछ ।

(२) अध्यक्ष तथा उपाध्यक्ष निर्वाचन सामान्य बहुमतको आधारमा गरिनेछ ।

(३) उपनियम (१) बमोजिम निर्वाचन सम्पन्न भएको सात दिन भित्र तत्काल कायम रहेको अध्यक्षले नवनिर्वाचित अध्यक्षलाई पदभार हस्तान्तरण गर्नु पर्नेछ ।

८७. **निर्वाचन अधिकृतको नियुक्ति :**

(१) परिषद्ले नियम ८५ र ८६ बमोजिम निर्वाचन गर्नको लागि एकजना निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त निर्वाचन अधिकृतलाई निर्वाचनको कामको लागि आवश्यकतानुसारको जनशक्ति, श्रोत र साधन परिषद्ले उपलब्ध गराउनेछ ।

८८. **मतदाता :**

◢(१)ऐनको दफा ७ को उपदफा (३) को खण्ड (क) बमोजिमका परिषद्का सदस्यहरुको निर्वाचनमा चार्टर्ड एकाउन्टेन्ट सदस्यहरु मतदाता हुनेछन् । तर विदेशी लेखाव्यवसायी संस्थासंग भएको आपसी पारस्परीक सम्झौता (Mutual Recognition Agreement) र त्यस्तै अन्य माध्यम मार्फत संस्थाको सदस्यता प्राप्त गरेका विदेशी नागरिक सदस्य मतदाता हुन सक्ने छैनन् ।

(२) ऐनको दफा ७ को उपदफा ३ को खण्ड (ख) बमोजिमका परिषद्का सदस्यहरुको निर्वाचनमा दर्तावाला लेखापरीक्षक सदस्यहरु मतदाता हुनेछन् ।

८९. **उम्मेदवारको अयोग्यता :**

देहायको कुनै सदस्य परिषद्को निर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैनः

♣(क) संस्थाको सदस्यता प्राप्त गरी दश बर्षको अवधि पुरा नभएको ।

---

◢ *दशौं संशोधनद्वारा संशोधित*

♣ *पांचौं संशोधनद्वारा संशोधित*

(ख) निर्वाचन सम्बन्धी अपराधमा प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालतबाट कैदको सजाँय पाई सो सजाँय भोगी सकेको मितिले ६ वर्ष भुक्तान नभएको,

(ग) नैतिक पतन देखिने फौज्दारी अपराधमा कसूरदार ठहरी दुई वर्ष वा सो भन्दा बढी कैदको सजाँय पाई सो सजाँय भोगिसकेको मितिले ६ वर्ष भुक्तान नभएको,

(घ) गैर नेपाली नागरिक ।

(ङ) संस्थाले संचालन गरेको चार्टर्ड एकाउन्टेन्सी शिक्षामा नाम दर्ता कायम रहेको ।

✍(च)परिषद्बाट अनुशासन सम्बन्धि कारवाहीको अवधि पश्चात दुई वर्ष अवधि पूरा नभएसम्म ।

## परिच्छेद – १०

## कागजात धुल्याउने

९०. **कागजात धुल्याउने :**
लेखिएको व्यहोरा पढ्न, बुझ्न वा त्यसको कुनै उपयोग गर्न नसकिने गरी संस्थामा रहेको काम नलाग्ने ठहरिएका कागजात अनुसूची - ३६ बमोजिम वर्गीकरण गरी समयम समयमा धुल्याउनु पर्नेछ ।

९१. **कागजात धुल्याउन आदेश दिने :**

(१) नियम ९० बमोजिमको अनुसूचीमा कहिल्यै नधुल्याउने भनी उल्लेख भएको वाहेक अन्य कागजातहरु सोही अनुसूचीमा लेखिएको अवधि नाघेपछि कार्यकारी निर्देशकले धुल्याउन आदेश दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम कागजात धुल्याउँदा परिषद्ले तोकेको कुनै व्यक्तिको रोहवरमा धुल्याउनु पर्नेछ ।

✍ *दशौं संशोधनद्धारा संशोधित*

(३) धुल्याउन आदेश भएका कागजातहरु उपनियम (२) बमोजम धुल्याउनु अगाडि अनुसूची - ३७ बमोजिमको ढाँचामा धुल्याईने कागजातको विषय र छोटकरी व्यहोरा लेखी र प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद - ११

## पदक पुरस्कार कोष

**९२. पदक र पुरस्कार :**

नियम १७ बमोजिमको परीक्षाफलमा देहाय बमोजिमको स्थान ल्याउने विद्यार्थीलाई देहाय बमोजिमको पदक वा पुरस्कार प्रदान गर्न सकिनेछ :

(क) पेशागत परीक्षा मध्यम तहको परीक्षामा प्रथम स्थान ल्याउनेलाई स्वर्ण पदक, दोश्रो र तेश्रो स्थान ल्याउनेलाई पदक वा नगद पुरस्कार,

(ख) पेशागत परीक्षा अन्तिम तहको परीक्षामा प्रथम स्थान ल्याउनेलाई स्वर्ण पदक, दोश्रो र तेश्रो स्थान ल्याउनेलाई पदक वा नगद पुरस्कार,

(ग) पेशागत परीक्षा अन्तिम तहको परीक्षामा विषयगत उच्चतम अंक हासिल गर्नेलाई पदक वा नगद पुरस्कार,

**९३. व्यक्तिगत र संस्थागत पुरस्कार कोष :**

(१) कुनै नेपाली वा विदेशी नागरिकले चार्टर्ड एकाउन्टेन्ट परीक्षामा नियम ९२ बमोजिमको स्थान ल्याउने विद्यार्थीलाई कुनै पदक वा पुरस्कार व्यक्तिगत रुपवाट प्रदान गर्न चाहेमा त्यस्तो पदक वा पुरस्कारको कोष स्थापनार्थ संस्थामा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थापना हुने पदक वा पुरस्कारको नामाकरण दाताको इच्छा बमोजिम राखिने छ ।

(३) कुनै छुट्टै ऐनद्वारा वा अन्य कुनै कानून अन्तर्गत दर्ता भएको सरकारी वा गैरसरकारी संघ संस्थाले संस्थागत रुपमा पदक वा पुरस्कार प्रदान गर्न कोष स्थापनार्थ निवेदन दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थापित पदक वा पुरस्कारको नामाकरण दातृ संस्था र परिषद्को सहमति वमोजिम गरिनेछ ।

## ९४. सम्झौता गर्नु पर्ने :

दाताबाट नियम ९३ बमोजिम कोष स्थापनाको प्रस्ताव प्राप्त भएमा कार्यकारिणी समितिले सिफारीश सहित परिषद्मा प्रस्ताव पेश गर्नु पर्नेछ र परिषद्बाट स्वीकृत भए पछि दाता र संस्था वीच अनुसूची - ३८ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

## ९५. पुरस्कार कोष रकमको न्यूनतम रकम :

(१) संस्थाका कुनै सदस्यले नियम ९३ बमोजिम पदक वा पुरस्कार कोष स्थापना गर्न चाहेमा देहाय बमोजिमको न्यूनतम रकम सम्झौंता भएको दिनमा संस्थामा दाखिल गर्नु पर्नेछ ।

(क) नियम ९२ को खण्ड (क) बमोजिम चार्टर्ड एकाउन्टेन्सी परीक्षा मध्यम तहको पदक वा पुरस्कार भए पहिलो, दोश्रो वा तेश्रोलाई क्रमशः रु. एकलाख रुपैयाँ, नब्बेहजार रुपैयाँ र असीहजार रुपैयाँ ।

(ख) नियम ९२ को खण्ड (ख) बमोजिम चार्टर्ड एकाउन्टेन्सी परीक्षा अन्तिम तहको पदक वा पुरस्कार भए पहिलो, दोश्रो वा तेश्रोलाई क्रमशः रु. एक लाख पचासहजार रुपैयाँ, एकलाख पच्चीसहजार रुपैयाँ र एकलाख रुपैयाँ ।

(ग) पेशागत परीक्षा अन्तिम तहको परीक्षामा विषयगतमा उच्चतम अंकको पदक वा पुरस्कार भए रु. एकलाख रुपैयाँ ।

(२) संस्थाका सदस्य वाहेक अन्य दाताले पदक र पुरस्कारको लागि तोकिएको रकमको दोब्बर जम्मा गर्नु पर्नेछ ।

## ९६. कोष रकमको छुट्टै खाता रहने :

(१) कोषको लागि प्राप्त रकम र सो रकम वापत प्राप्त हुने प्रतिफल नेपाल राज्यको कुनै वाणिज्य बैंक वा वित्तीय कम्पनीमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको संचालन र लेखापरीक्षण संस्थाको नियमानुसार हुनेछ ।

## ९७. दाखिल भई सकेको रकममा दाताको हक नरहने :

नियम ९४ बमोजिम भएको सम्झौतामा तोकिएको कुरामा वाहेक कोषको लागि प्राप्त रकम उपर दाताको कुनै हक रहने छैन ।

तर कुनै दाताले आफुले स्थापना गरेको कोष रकममा वृद्धि गर्न चाहेमा संस्थाको स्वीकृती लिई वृद्धि गर्न सक्नेछ ।

## ९८. प्रशासनिक खर्च रकम छुट्याउनु पर्ने :

(१) कोषवाट प्राप्त प्रतिफल मध्ये दश प्रतिशत रकम सम्म प्रशासनिक खर्च वापत हरेक वर्ष श्रावण महिनामा संस्थामा दाखिला गर्नु पर्नेछ ।

(२) साधारणतया एक वर्षमा पदक पुरस्कारमा प्राप्त प्रतिफलको पचहत्तर प्रतिशत भन्दा बढी खर्च गरिने छैन ।

## ९९. एक भन्दा बढी पदक वा पुरस्कार दिने :

परीक्षाको नतीजा अनुसार एक भन्दा बढि पुरस्कार विजेता भएमा विजेताहरुलाई पदक वा नगद पुरस्कार दिनु पर्नेछ ।

## १००. वितरण वा स्थगन गर्ने अधिकार :

यस नियमावली बमोजिम स्थापित कुनै पदक वा पुरस्कार वितरण वा स्थगन गर्ने सम्पूर्ण अधिकार परिषद्मा निहित रहनेछ ।

# परिच्छेद - १२

## विविध व्यवस्थाहरु

***१०१. लेखा प्राविधिज्ञ बोर्डको गठन र पदावधि**

(१) परिषद्ले देहाय बमोजिम सदस्य रहने गरी एक लेखा प्राविधिज्ञ बोर्ड गठन गर्नेछ :

(क) परिषद्का अध्यक्ष वा उपाध्यक्ष वा संस्थाको पूर्व अध्यक्ष - १ जना सभापती

(ख) पार्षदहरु मध्येबाट - ५ जना सदस्य

(ग) लेखाप्राविधिकको अनुमति पत्र प्राप्त गरि ५ बर्ष पुगेकाहरु मध्येबाट - १ जना सदस्य

उपनियम(१) को खण्ड (ग) को प्रयोजनका लागि लेखा प्राविधिको अनुमतिपत्र प्राप्त गरि पांच बर्ष पुगेको व्यक्ति नरहेको अवस्था सम्मको लागि स्वतन्त्र विज्ञलाई परिषद्ले मनोनित गर्न सक्ने छ ।

(२) लेखा प्राविधिक बोर्डका पदाधिकारीहरुको पदावधि साधारणतयाः तीन वर्षको हुनेछ र पदावधि समाप्त भए पछि नीज पूनः मनोनित हुन सक्नेछ ।

(३) बोर्डले उपयुक्त देखेमा कुनै व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) बोर्ड सम्बन्धी अन्य व्यवस्था विनियममा तोके बमोजिम हुनेछ ।

(५) उपनियम (१) बमोजिमको लेखा प्राविधिज्ञ बोर्डको गठन प्रत्येक नयाँ परिषद्को पहिलो कार्यकालमा गठन गर्नुपर्नेछ ।

(६) लेखा प्राविधिज्ञको योग्यता, शिक्षा, सोको पाठयक्रम, लेखा प्राविधिज्ञको परीक्षा संचालन तथा सो सम्बन्धी कार्यविधि, लेखा प्राविधिज्ञलाई दिइने प्रमाणपत्र तथा लेखा प्राविधिज्ञको काम, कर्तव्य र अधिकार परिषद्ले विनियममा व्यवस्था गरे बमोजिम हुनेछ ।

---

** पांचौं संशोधनद्धारा संशोधित*

**¤१०२. ठेगाना परिवर्तन भएमा सूचना गर्नु पर्ने :**

◢संस्थाका सदस्यहरुले आफ्नो ठेगाना परिवर्तन भएको पैतिस दिनभित्र संस्थामा जानकारी पठाउनु पर्नेछ । तर कुनै सदस्यले आफ्नो ठेगाना संस्थामा दिंदा वा परिवर्तन गर्दा आफु त्यस वखत उक्त ठेगानामा बसोबास गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

**♣१०३. लेखाव्यवसायी तथा लेखा व्यवसायी फर्मको गुणस्तर परीक्षण:**

(१) लेखाव्यवसायीहरुले लेखापरीक्षण गर्ने क्रममा संस्थाबाट जारी गरिएका लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण भए/नभएको र संस्थाले जारी गरेका गुणस्तर मानहरु (Nepal Standards on Quality Control - NSQC) अनुसार लेखाव्यवसायी फर्मको गुणस्तर नियन्त्रण प्रणाली रहे/नरहेको स्वतन्त्र रुपमा निरीक्षण तथा अनुगमन गर्न परिषद्ले देहाय बमोजिम क्वालिटि एस्युरेन्स बोर्ड गठन गर्नेछ ।

(क) संस्थाको पूर्व अध्यक्ष वा नेपाल सरकारको बिशिष्ट श्रेणी वा सो सरहको पदमा काम गरि निबृत्त भएका व्यक्ति - १ जना सभापती

(ख) पार्षदहरुमध्येबाट - २ जना सदस्य

(ग) पार्षद बाहेकका संस्थाका सदस्यहरुबाट - कम्तीमा १० बर्ष कार्यअनुभव भएका र पेशागत प्रमाणपत्र बहाल नरहेको) - २ जना सदस्य

(घ) धितोपत्र बोर्डको अध्यक्ष वा निजले तोकेको संचालक - १ जना सदस्य

(ङ) प्रतिनिधि, महालेखापरीक्षकको कार्यालय - १ जना सदस्य

(२) उपनियम (१) बमोजिमको क्वालिटि एस्यूरेन्स बोर्डको गठन प्रत्येक नयाँ परिषद्को पहिलो कार्यकालमा गठन गर्नुपर्नेछ ।

(३) क्वालिटि एस्यूरेन्स बोर्डको सभापती लेखा व्यवसायमा संलग्न नरहेको व्यक्ति हुनुपर्नेछ ।

---

¤ *चौथो संशोधनद्धारा संशोधित*

◢ *दशौं संशोधनद्धारा संशोधित*

♣ *पांचौं संशोधनद्धारा संशोधित*

(४) क्वालिटि एस्यूरेन्स वोर्डको पदाधिकारीहरुको पदावधी साधारणतयाः तीन वर्षको हुनेछ ।

(५) वोर्डलाई आवश्यक आर्थिक, भौतिक तथा आवश्यक जनशक्तिको व्यवस्था संस्थाले उपलब्ध गराउनेछ । बोर्डको बार्षिक बजेट तथा कार्यक्रमहरु परिषद्बाट स्वीकृती पश्चात् बोर्डले स्वायत्त रुपमा संचालन गर्नेछ ।

(६) उपनियम (१) बमोजिम गठित बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गुणस्तर आश्वस्तता परीक्षण (Quality Assurance Review) को नीति तथा कार्यक्रम तयार पार्ने,

(ख) गुणस्तर आश्वस्ता परीक्षण (Quality Assurance Review) को नीति तथा कार्यक्रम अनुसार लेखाव्यवसायी (Practice Unit) को गुणस्तर परीक्षण गर्ने/गराउने र सोको प्रभावकारी अनुगमन गर्ने ।

(ग) लेखाव्यवसायी (Practice Unit) को गुणस्तर परीक्षण (Quality Review) गर्दा कुनै क्षेत्रमा सुधार गर्नुपर्ने देखिएमा लेखाव्यवसायी (Practice Unit) लाई सुधारको लागि सचेत गराई परिषद्लाई जानकारी गराउने ।

(घ) लेखाव्यवसायी (Practice Unit) को गुणस्तर परीक्षण (Quality Review) गर्दा देखिएका त्रुटीहरुको आधारमा निज लेखाव्यवसायीलाई सम्वन्धित निकाय वा क्षेत्रको लेखापरीक्षण गर्न बन्देज लगाउन परिषद्मा सिफारिश गर्ने ।

(ङ) परिषद्ले तोकेको अन्य कार्य गर्ने ।

(७) बोर्डले लेखा व्यवसायको प्रभावकारिताको लागि हरेक लेखाव्यवसायी तथा लेखाव्यवसायी फर्मको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था अनिवार्य रुपमा संचालन गर्नुपर्नेछ ।

(८) लेखाव्यवसायी तथा लेखाव्यवसायी फर्मको गुणस्तर परीक्षण सम्बन्धी कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ ।

## १०४. क्षेत्रीय संगठनात्मक व्यवस्था :

(१) परिषद्ले सदस्य संख्या र आवश्यकतालाई विचार गरी क्षेत्रीय स्तरमा परिषद्को क्षेत्रीय संगठनात्मक संरचना बनाउन सक्नेछ ।

(२) क्षेत्रीय संगठनात्मक संरचनाको स्वरुप र सञ्चालन कार्यविधि विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

१०५. <u>शुल्क फिर्ता नहुने :</u>

धरौटी वा तोकिए भन्दा बढी बुझाएको रकम वा ऐन नियमावली वा विनियम बमोजिम बुझाउनु नपर्ने वाहेक संस्थामा बुझाएको कुनै रकम फिर्ता गरिने छैन ।

१०६. <u>संस्थाको छाप :</u>

ऐनको दफा ३ को उपदफा (१) बमोजिम रहने संस्थाको छाप अनुसूची - ३९ मा उल्लेख भए बमोजिमको हुनेछ ।

१०७. <u>प्रतिलिपी दिने :</u>

कुनै परीक्षार्थी वा सदस्यले कुनै लब्धाङ्क वा प्रमाणपत्र हराई वा नासिई सोको प्रतिलिपि पाउन परिषद्ले तोकेको शुल्क सहित निवेदन दिएमा प्रतिलिपि प्रदान गर्न सकिनेछ ।

१०८. <u>मिसिल कागजातको नक्कल दिने :</u>

ऐनको दफा १४ को उपदफा (५) अन्तर्गत कारवाही तथा दण्ड सजाँय भएको सम्वन्धमा सोही दफाको उपदफा (८) को प्रयोजनका लागि सरोकारवालाले प्रतिलिपी माग्न आएमा सम्वन्धित मिसिल कागजातको नक्कल परिषद्ले तोके बमोजिमको दस्तुर लिई दिन सकिनेछ ।

१०९. <u>पत्र बुझाएको मानिने :</u>

सदस्यहरुलाई संस्थाबाट बुझाईने पत्र सदस्य स्वयम् उपस्थित भई बुझेको अवस्थामा बाहेक सदस्यको ठेगानामा रजिष्टर्ड गरी पठाईनेछ र यसरी पठाइएको पत्र बुझाएको मानिनेछ ।

**११०. कर्मचारीको सेवाका शर्त सुविधा :**

ऐनको दफा ४० को उपदफा (२) बमोजिम संस्थाका कर्मचारीहरुको सेवाका शर्त, पारिश्रमिक एवं अन्य सुविधा विनियममा तोके बमोजिम हुनेछ ।

**१११. अनुसूचीमा हेरफेर गर्न सक्ने :**

परिषद्ले यस नियमावलीमा तोकिएका अनुसूचीहरु परिमार्जन, संशोधन र हेरफेर गर्न सक्नेछ ।

**११२. बाधा अड्काउ फुकाउने :**

यस नियमावलीको व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार परिषद्लाई हुनेछ ।

**११३. खारेजी र बचाउ :**

(१) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०५६ खारेज गरिएको छ ।

(२) यो नियमावली प्रारम्भ हुनु भन्दा अघि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०५६ बमोजिम भए गरेका काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

# अनूसुची १

*(नियम ६ संग सम्बन्धित)*

## Application for Registration for the Chartered Accountancy Professional I (CAP I) Level

Registration No :
Date of Registration. :

Photo

To,
The Executive Director
ICAN

I hereby apply for registration for the Chartered Accountancy Professional I (CAP I) Level. My academic and other details are as follows.

1. Full Name : (in capital letters)..........................................................................
   Name in Nepali : ........................................................................................
2. Date of Birth : ..........................................................................................
3. Nationality : ..............................................................................................
4. Address : (a) Permanent: ...........................................................................
   (b) For Correspondence: ..........................................................................
5. Father's/Guardian's Name & Address: ......................................................
6. Academic Qualification

| Examination | Year | Board/University | Marks Scored | Total % scored | Division/Grade |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

7. Details of fees paid: Rs. ………….……….…… cash or in ………..… Bank, Account No. ……... Voucher No. …………..……………date ………..………

______________________

**Signature of the Applicant:**
Date :

**Note :** Attested copies of the following documents should be enclosed :

1. Citizenship Certificate/Passport
2. Character Certificate
3. Transcript/Mark Sheet
4. Original Bank Voucher / Cash Receipt

# अनूसुची २

*(नियम ६ संग सम्बन्धित)*

## Application for Registration for the Chartered Accountancy Professional II (CAP II) Level

Registration No :
Date of Registration. :

Photo

To,
The Executive Director
ICAN

I hereby apply for registration for the Chartered Accountancy Professional II (CAP II). My academic and other details are as follows.

1. Full Name: (in capital letters) ..........................................................................
   Name in Nepali : ..........................................................................................
2. Date of Birth : ................................................................................................
3. Address : (a) Permanent: .................................................................................
   (b) For Correspondence: ...............................................................................
4. Father's/Guardian's Name & Address: ..............................................................
5. Academic Qualification

| Examination | Year | Board/University | Marks Scored | Total % scored | Division/Grade |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

6. If passed Chartered Accountancy Education Foundation Level, quote the year and Roll No. ……………………
7. Details of fees paid: Rs. …………….. cash or in …………………Bank, Account No. ……………… Voucher No. .. .... .... ..... ........ date ..... ......... .... ..

I declare that the particulars given above are true. I shall undertake to abide by the Nepal Chartered Accountants Act 1997, and the Nepal Chartered Accountants Regulations, 2004, as may be in force from time to time.

I further agree not to pass on, sell or gift away any study paper or any other material provided to me by the Institute.

**Signature of the Applicant:**
Date:

---

**Note :** Attested copies of the following documents should be enclosed :

1. Citizenship Certificate 2. Character Certificate 3. Transcript/Mark Sheet
4. Original Bank Voucher / Cash Receipt

# अनूसुची ३

*(नियम ६ संग सम्बन्धित)*

## Application for Registration for the Chartered Accountancy Professional III (CAP III) Level

Registration No :
Date of Registration. :

Photo

To,
The Executive Director
ICAN

I hereby apply for registration for the Chartered Accountancy Professional III. (CAP III) Level. My academic and other details are as follows.

1. Full Name : (in capital letters) :
   Name in Nepali :
2. Registration Number of Intermediate:
3. Address : (a) Permanent:
   (b) For Correspondence:
4. Name of Principal:
5. Name of the firm:
   Address:
   Phone No.: …………………… Fax :…………………. Email : …………………
6. Date of Commencement of Articleship: ……………………………………..……..
7. Year of Passing Chartered Accountancy Education Intermediate Level

| Year and month | Roll No. | Group Passed |
|---|---|---|
| _______________ | _______________ | _______________ |
| _______________ | _______________ | _______________ |

8. Details of fees paid: Rs. ………….……… cash or in ………..………….. Bank, Account No. …………….. Voucher No. ……….…………. date ………………..

I declare that the particulars given above are true. I shall undertake to abide by the Nepal Chartered Accountants Act 1997 and the Nepal Chartered Accountants Regulations 2004 as may be inforce from time to time.

I further agree and not to pass on, sell or gift away any study paper or any other material provided to me by the Institute.

______________________

**Signature of the Applicant:**
Date:

# अनूसुची ४

## *(नियम ७, ४० को उपनियम (१) संग सम्बन्धित)*

ऐनका दफाहरुमा र यस नियममा तोकिए बमोजिम भनिएका शुल्कहरु देहाय बमोजिम तोकिएको छ । यसमा नपरेका शुल्कहरु परिषद्को निर्णयबाट तोकिनेछन् र एक पटक तोकिए पछि यसै अनूसुचीको अभिन्न अंग मानिनेछ ।

१. सदस्य सम्बन्धी शुल्क :

| | एफ.सि.ए. रु. | सि.ए. रु. | आर.ए. "ख" रु. | आर.ए. "ग" रु. | आर.ए. "घ" रु. |
|---|---|---|---|---|---|
| निवेदन फाराम | १०० | १०० | १०० | १०० | १०० |
| दर्ता शुल्क | ५,००० | ५,००० | २,५०० | १,००० | १,००० |
| वार्षिक शुल्क | ३,००० | २,५०० | १,००० | ८०० | ७०० |

२. पेशागत प्रमाणपत्र सम्बन्धी शुल्क :

| | एफ.सि.ए. रु. | सि.ए. रु. | आर.ए."ख" रु. | आर.ए."ग" रु. | आर.ए."घ" रु. |
|---|---|---|---|---|---|
| निवेदन फाराम | १०० | १०० | १०० | १०० | १०० |
| दर्ता शुल्क | ४,००० | २,००० | १,००० | १,००० | १,००० |
| वार्षिक शुल्क | ३,२०० | ३,००० | १,५०० | १,१०० | ६०० |

३.लेखाव्यवसायी फर्म सम्बन्धी शुल्क :

एकल फर्म

| | एफ.सि.ए. रु. | सि.ए. रु. | आर.ए."ख" रु. | आर.ए."ग" रु. | आर.ए."घ" रु. |
|---|---|---|---|---|---|
| निवेदन फाराम | १०० | १०० | १०० | १०० | १०० |
| दर्ता दस्तुर | ४,००० | ४,००० | ३,००० | २,५०० | २,००० |
| नवीकरण दस्तुर | ३,००० | २,००० | ७०० | ६०० | ५०० |

साझेदारी फर्म

| | सि.ए./एफ.सि.ए. रु | आर.ए. रु |
|---|---|---|
| निवेदन फाराम | १०० | १०० |
| दर्ता दस्तुर | ८,००० | ५,००० |
| नवीकरण दस्तुर | ६,००० | ३,००० |

द्रष्टव्य : एकल फर्मबाट साझेदारी फर्ममा वा साझेदारी फर्मबाट एकल फर्ममा परिवर्तन गर्दा नयाँ फर्म दर्ता सरह दस्तुर बुझाउनु पर्नेछ ।

४. वर्ग वृद्धि परीक्षा शुल्क :

| | आर.ए. रु |
|---|---|
| निवेदन फाराम | १०० |
| परीक्षा शुल्क प्रति पेपर | १,००० |

द्रष्टव्य : वर्गोन्नति भए पछि नयाँ पेशागत प्रमाणपत्र लिन बुँदा नं २ बमोजिमको दर्ता र वार्षिक शुल्क लाग्नेछ । पूर्णाङ्क ५० भएको पेपरको वर्ग वृद्धि परीक्षा शुल्क रु. ५०० लाग्नेछ ।

५. विद्यार्थी सम्बन्धी शुल्क :

| | फाउण्डेशन/CAP-I रु. | ईण्टरमिडियट/CAP- II रु. | फाईनल/CAP-III रु. |
|---|---|---|---|
| फर्म | २०० | २०० | २०० |
| **दर्ता शुल्क** | रु. २७,५०० | रु. ३२,५०० | रु. ४०,००० |
| परीक्षा फाराम | २०० | २०० | २०० |
| ढिलो दस्तुर | ५०० | ५०० | ५०० |
| परीक्षा आवेदन शुल्क | १,००० प्रति पेपर | १,००० प्रति पेपर | १,००० प्रति पेपर |
| परीक्षा अनुमति पत्र नक्कल | २०० | २०० | २०० |
| पुनर्योग दस्तुर | ५०० प्रति पेपर | ५०० प्रति पेपर | ५०० प्रति पेपर |
| पूर्व परीक्षा अतिरिक्त पेपर | ३०० | ३०० | ३०० |
| डुप्लिकेट मार्कशीट | २०० | २०० | २०० |

द्रष्टव्य : उपरोक्त बिद्यार्थी सम्वन्धी शुल्कहरु CAP II तहको हकमा २०७१ श्रावण १ गते देखि र CAP III तहको हकमा २०७२ श्रावण १ गते देखि लागू हुनेछ ।

६. शाखा सम्बन्धी दस्तुर सबै सदस्यलाई :

| | रु |
|---|---|
| निवेदन फाराम | १०० |
| अनुमति पत्र दस्तुर | ३,००० |

७. चार्टर्ड एकाउन्टेन्सी सदस्यता परीक्षा शुल्क :

नोभेम्बर २०१३ मा सञ्चालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (पुरानो पाठ्यक्रम अनुसार) का सम्बन्धमा परीक्षा शुल्क साबिककै प्रति बिषय रु. ४,०००/- (रु. चार हजार) लाग्नेछ ।

जुन २०१४ र सो पश्चात् सञ्चालन गरिने चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षा (नयाँ पाठ्यक्रम अनुसार) प्रत्येक पटकको परीक्षामा प्रति बिषय रु. ६,०००/- (रु. छ हजार) लाग्नेछ ।

२०१३ नोभेम्बर पछाडिका चार्टर्ड एकाउन्टेन्ट सदस्यता परीक्षामा पहिलो पटक समावेश हुन आवेदन दिने परीक्षार्थीहरुको हकमा चार्टर्ड एकाउन्टेन्सी अन्तिम तह (CAP-III) मा छुट दिएका बिषयहरुमा प्रति बिषय रु. ३,०००/- (रु. तीन हजार) शुल्क लाग्नेछ ।

८. विविध :

| | रु |
|---|---|
| सबै प्रकारको प्रमाणपत्र प्रतिलिपि | ५०० |
| मुद्दा मामिलाको मिसिलको नक्कल प्रति मिसिल | ५०० |
| नयाँ परिचय पत्र | २५० |

*परिषद्को मिति २०७० मंसिर २३ गतेको १८२औं बैठकको निर्णयद्वारा संशोधित

# अनूसुची ५
*(नियम ९ संग सम्बन्धित)*
# *NEW-SYLLABUS

♠ **Chartered Accountancy Professional (CAP-I)**

**Group**

| | | |
|---|---|---|
| 1. | Fundamentals of Accounting | 100 Marks |
| 2. | Mercantile Laws and Fundamentals of Economics | 100 Marks |
| 3. | Fundamentals of Management and Commercial Mathematics and Statistics | 100 Marks |

**Chartered Accountancy Professional (CAP-II)**

**Group I**

| | | |
|---|---|---|
| 1. | Advance Accounting | 100 Marks |
| 2. | Audit and Assurance | 100 Marks |
| 3. | Corporate and Other Laws | 100 Marks |

**Group II**

| | | |
|---|---|---|
| 4. | Financial Management | 100 Marks |
| 5. | Cost and Management Accounting | 100 Marks |
| 6. | Business Communication and Marketing | 100 Marks |
| 7. | Income Tax and VAT | 100 Marks |

**Chartered Accountancy Professional (CAP-III)**

**Group I**

| | | |
|---|---|---|
| 1. | Advanced Financial Reporting | 100 Marks |
| 2. | Advanced Financial Management | 100 Marks |
| 3. | Advanced Audit and Assurance | 100 Marks |
| 4. | Corporate Laws | 100 Marks |

**Group II**

| | | |
|---|---|---|
| 5. | Management Information and Control System | 100 Marks |
| 6. | Advanced Taxation | 100 Marks |
| 7. | Advanced Cost and Management Accounting | 100 Marks |
| 8. | Strategic Management and Decision Making Analysis | 100 Marks |

---

* परिषद्को मिति २०६९ जेठ २३ गतेको निर्णयद्वारा Chartered Accountancy Professional (CAP-I) तह को पाठ्यक्रममा मात्र संशोधन । उपरोक्त (CAP-I) तह को पाठ्यक्रम २०१३ जून को परीक्षादेखि (June 2013 Examination) लागु हुने । जून १, २०१२ भन्दा अगाडि भर्ना भएका विद्यार्थीहरुको हकमा हालको पाठ्यक्रम (Existing Syllabus) वा नया पाठ्यक्रम (New Syllabus) अनुसार लिइने मध्ये कुनै एक परीक्षामा सामेल हुन पाउने गरि छनोट (Choice) गर्न सकिने छ ।

♠ दोस्रो संशोधन द्वारा थप ।

# अनूसुची ६

*(नियम १२ को उपनियम (३) संग सम्बन्धित)*

## THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
## ELIGIBILITY CERTIFICATE

### Chartered Accountancy Education CAP I/ CAP II / CAP III

CERTIFICATE NO:
ISSUED DATE:

Mr/Ms ____________________ enrolled with the Institute on _________________ for the Chartered Accountancy Education CAP I/ CAP II/ CAPIII (Gr I, Gr II, Both Gr) / Final (Gr I, Gr II, Both Gr) course has successfully completed the Eligibility Test, subject to the Nepal Chartered Accountants Regulation, 2004. His/Her registration number is ________________.

This certificate shall remain valid till _____________ Examination subject to other applicable provisions.

____________________
Executive Director

# अनूसुची ७

(नियम १४ को उपनियम (१) संग सम्बन्धित)

# THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
# APPLICATION FORM FOR EXAMINATION

## CHATERED ACCOUNTANCY PROFESSIONAL I/CAP I LEVEL EXAMINATION

Latest PP Size Photo Candidate should affix his/her specimen Signature on the Photo.

To,
The Controller of Examinations, ICAN
I request for permission to present myself at the June/December Chartered Professional I /CAP I Level Examination, 20XX. I declare that the facts and information given below are complete and correct. The receipt of Rs ….. is also enclosed herewith.

A. Name (Mr./Ms)

B. Father or mother's name

C. Registration No and Date

D. Eligibility Certificate No. and last date of validity

E. Whether You Want To Have Your Mark Sheet Sent By Post: Yes/No (If yes, please fill up the postal address below)
Complete Address:

F Groups for Examination : Please Tick (√)
Group I ☐ Group II ☐ Both Group ☐
Subjects :

| Paper | Subjects | Exemption Subject | ExemptionYear |
|---|---|---|---|
| Paper 1 | | | |
| Paper II | | | |
| Paper III | | | |
| Paper IV | | | |
| Paper V | | | |
| Paper VI | | | |
| Paper VII | | | |
| Paper VIII | | | |

G Fees detail : …… paper @ Rs …. Per paper = Rs ………

Applicant's Signature:
Date:

---

(To be filled by ICAN)
Receipt No : Approved by :
Checked and found correct … … … …

# अनूसुची ८

*(नियम १४ को उपनियम (१) संग सम्बन्धित)*

# THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
# APPLICATION FORM FOR EXAMINATION

## CHATERED ACCOUNTANCY PROFESSIONAL II/CAP II LEVEL EXAMINATION

Latest PP Size Photo Candidate should affix his/her specimen Signature on the Photo.

To,
The Controller of Examinations, ICAN
I request for permission to present myself at the June/December Chartered Professional II/CAP II Level Examination, 20XX. I declare that the facts and information given below are complete and correct. The receipt of Rs ….. is also enclosed herewith.

A. Name (Mr./Ms)

B. Father or mother's name

Registration No and Date

D. Eligibility Certificate No. and last date of validity

E. Whether You Want To Have Your Mark Sheet Sent By Post: Yes/No (If yes, please fill up the postal address below)
Complete Address:

F Groups for Examination : Please Tick (√)

Group I ☐ Group II ☐ Both Group ☐

Subjects :

| Paper | Subjects | Exemption Subject | ExemptionYear |
|---|---|---|---|
| Paper 1 | | | |
| Paper II | | | |
| Paper III | | | |
| Paper IV | | | |
| Paper V | | | |
| Paper VI | | | |
| Paper VII | | | |
| Paper VIII | | | |

G Fees detail : …… paper @ Rs …. Per paper = Rs ………

Applicant's Signature:
Date:

---

(To be filled by ICAN)

Receipt No : Approved by :
Checked and found correct … … … …

# अनूसुची ९

*(नियम १४ को उपनियम (१) संग सम्बन्धित)*

# THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
# APPLICATION FORM FOR EXAMINATION

## CHATERED ACCOUNTANCY PROFESSIONAL III/CAP III LEVEL EXAMINATION

Latest PP Size Photo Candidate should affix his/her specimen Signature on the Photo.

To,
The Controller of Examinations, ICAN

I request for permission to present myself at the June/December Chartered Accountancy Pprofessional III/CAP III Level Examination, 20XX. I declare that the facts and information given below are complete and correct. The receipt of Rs ….. is also enclosed herewith.

A. Name (Mr./Ms)

B. Father or mother's name

Registration No and Date

D. Eligibility Certificate No. and last date of validity

E. Whether You Want To Have Your Mark Sheet Sent By Post: Yes/No (If yes, please fill up the postal address below)
Complete Address:

F Groups for Examination : Please Tick (√)

Group I ☐ Group II ☐ Both Group ☐

Subjects :

| Paper | Subjects | Exemption Subject | ExemptionYear |
|---|---|---|---|
| Paper 1 | | | |
| Paper II | | | |
| Paper III | | | |
| Paper IV | | | |
| Paper V | | | |
| Paper VI | | | |
| Paper VII | | | |
| Paper VIII | | | |

G Fees detail : …… paper @ Rs …. Per paper = Rs ………

Applicant's Signature:
Date:

---

(To be filled by ICAN)

Receipt No : Approved by :

Checked and found correct … … … …

# अनुसूची १०

